## प्रदेश सभा

# सार्वजनिक लेखा समिति

## तेश्रो वार्षिक प्रतिवेदन

## २०८२

**सार्वजनिक लेखा समिति सचिवालय**

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

फोन नं. : ०९१-५२१७३०

E-mail : pradeshsabha7@gmail.com

# प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# तेश्रो वार्षिक प्रतिवेदन

## २०८२


**सार्वजनिक लेखा समिति सचिवालय**

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

फोन नं. : ०९१-५२१७३०

E-mail : publicac2076@gmail.com

# सार्वजनिक लेखा समितिका पदाधिकारीहरु



सभापति
मा. अक्कल बहादुर रावल



सदस्य
मा. खेमा देवी विष्ट



सदस्य
मा. गीता कुमारी चौधरी



सदस्य
मा. गीता देवी माल



सदस्य
मा. प्रकाश बहादुर देउवा



सदस्य
मा. बिक्रम सिंह धामी



सदस्य
मा. बेल बहादुर रानामगर



सदस्य
मा. मधु देवी भारती



सदस्य
मा. मान बहादुर धामी



सदस्य
मा. सन्तोष कुमारी शर्मा थापा

# मन्तव्य

माननीय सभामुख महोदय,

प्रदेश सरकार र मातहत निकायहरुबाट हुने सार्वजनिक खर्च, सार्वजनिक आय, राजस्व संकलन, सार्वजनिक सेवा प्रवाह लगायतमा नियमितता, मितव्ययिता, पारदर्शिता तथा जवाफदेहिता कायम गर्दै शासकीय प्रणालीमा सुशासन कायम गर्न सरकारलाई सचेत र सजग गराउने उद्देश्यले सार्वजनिक लेखा समितिको गठन भएको हुन्छ । कार्यपालिका र व्यवस्थापिकाबीच शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्त बमोजिम Mini parliament को रुपमा रहेको यस समितिले सरकारका गतिविधिहरुको निगरानी गर्दै सेवा प्रवाहमा गुणस्तरियता कायम गर्न, सार्वजनिक सेवालाई जनसहभागितामुलक बनाउदै नागरिक अपनत्व कायम गराउन साथै सार्वजनिक खर्चलाई मितव्ययी र पारदर्शी बनाउदै समग्रमा सरकारको प्रभावकारिता अभिवृद्धि गराउने कार्यमा सार्वजनिक लेखा समितिको अहम भूमिका रहेको हुन्छ । सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० मा सार्वजनिक लेखा समितिको कार्यक्षेत्र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र सम्बद्ध विषय तथा निकाय तोकिएको साथै सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ ले समितिको वार्षिक प्रतिवेदन मार्फत दिइएका निर्देशनहरु कार्यान्वयन भए नभएको सम्बन्धमा समितिले अनुगमन गर्न सक्ने विषय उल्लेख भएको व्यहोरा सम्मानित सदनलाई अवगत नै छ । नेपालको संविधानको धारा २९४ को उपधारा (३) मा भएको व्यवस्था बमोजिम संवैधानिक निकायहरुले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गरे पश्चात उक्त प्रतिवेदनहरु प्रदेश सरकारले प्रदेश सभामा पेस गरी सभाबाट थप अध्ययन छलफलका लागि विषयगत समितिहरुमा पठाइने व्यवस्था रहेको छ । सोही व्यवस्था बमोजिम यस समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि सम्बन्धित निकायका लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा दफावार छलफलका क्रममा नियमित गर्नुपर्ने, प्रमाण कागजात पेस गर्नुपर्ने र असुल उपर गर्नुपर्ने बेरुजु सम्बन्धमा आवश्यक निर्देशन दिने, सरकारका नीति तथा कार्यक्रम, स्रोत परिचालन, तथा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी अनुगमन निरीक्षण गरी संसदप्रति जवाफदेही र उत्तरदायी बनाउने, राय सल्लाह दिने लगायतका विषयहरु यस समितिको कार्यक्षेत्र अन्तरगत रहेका छन् ।

माननीय सभामुख महोदय,

सार्वजनिक लेखा समितिको तेश्रो वार्षिक प्रतिवेदनलाई यस सम्मानित सदनमा प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवको अनुभूति गरेको छु । प्रदेश सरकारबाट भए गरेका आर्थिक गतिविधिहरुको निगरानी गरी सरकारलाई मितव्ययी, पारदर्शी, जवाफदेही, उत्तरदायी बनाई नागरिक सन्तुष्टी अभिवृद्धि गर्ने र सरकारको प्रभावकारिता र लोकप्रियता बढाउने कार्यमा समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसै अनुरुप सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा प्रदेशका सम्पूर्ण निकायहरुको आय र व्ययको विवरण सहितको सैद्धान्तिक र लगती बेरुजु माथि दफावार छलफल गरी देखिएको बेरुजुलाई फछ्यौंट गराउने कार्यमा समेत यस समितिले अहम भूमिका खेल्दै आएको छ । यस प्रतिवेदनमा महालेखापरीक्षकको आर्थिक वर्ष

२०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी सार्वजनिक खर्च गर्ने परिपाटीमा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता कायम गरी आर्थिक अनुशासन कायम गराउने, ऐन कानूनको प्रभावकारी कार्यान्वयन गर्ने गराउने, सेवा प्रवाहमा सुशासन कायम गर्दै नागरिक सन्तुष्टि अभिवृद्धि गर्न विनियोजन कुशलता सहितको खर्च दक्षता अभिवृद्धि गर्ने लगायतका सुझाव तथा निर्देशनहरु दिइएका छन्।

माननीय सभामुख महोदय,

बेरुजुका उल्लेखित दफाहरुमाथि अध्ययन तथा छलफलका क्रममा प्रदेशका विभिन्न निकायहरुबाट जम्मा २,६९,५१,४००। (अक्षरेपि दुई करोड उनान्सत्तरी लाख एकाउन्न हजार चार सय मात्र) रकम असुल उपर गर्नुपर्ने देखिन्छ । अनियमित भएको बेरुजुको हकमा समयमै नियमित गरी बेरुजुको लगत कट्टा गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको छ । अधिकांश निकायहरुले योजना कार्यान्वयनका क्रममा विद्यमान कानूनी प्रावधान पालना नगरेको, निर्माण व्यवसायी वा उपभोक्ता समितिहरु मार्फत कार्य गराउदा सम्झौता बेगरका कार्यहरु गरेको, कानूनको सीमाले तोकेको भन्दा बढी रकमको काम गराई भुक्तानी गरेको, प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा उल्लेखित आफ्नो विषयक्षेत्रगत कानूनहरु सबै तर्जुमा नगरेको, खरिद कार्य गर्दा प्रतिस्पर्धालाई सीमित पार्ने गरी सोझै खरिद गरिएको, अन्य खरिदमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार नगरिएको, कतिपय निकायहरुले अनुदान वितरण गर्दा खर्चको सुनिश्चितता हुने आधार तथा प्रमाण र अनुगमन प्रतिवेदन समेत पेस नगरी खर्च गर्ने गरेको, धेरै निकायहरुले आर्थिक वर्षको अन्तमा सामाग्री खरिद गरी मौज्दात राख्ने गरिएको, कृषि क्षेत्रमा वितरण गरिने अनुदान रकमको दुरुपयोग हुने गरेको, शिक्षा, स्वास्थ्य तथा वन क्षेत्रमा समेत आवश्यक कार्यविधि तथा प्रक्रिया पुरा नगरी काम गर्ने गरेको लगायतका अनियमित कार्यहरु गरेको भेटिएको हुँदा समितिले आवश्यक निर्देशनहरु जारी गरेको छ । यसै गरी कतिपय निकायहरुले बजेट सीमा भन्दा बढी खर्च गरेको, बजेट तथा कार्यक्रमहरु सन्तोषजनक रुपमा कार्यान्वयन हुने नगरेको, वर्षान्तमा खर्च गर्ने प्रवृत्ति रहेको, बजेटको रकमान्तर लगायतका विषयमा आवश्यक निर्देशन दिनुका साथै अनियमित तथा असुल गर्नु पर्ने बेरुजुहरु फछ्र्यौट गरी सम्परीक्षण गर्न सबै निकायहरुलाई निर्देशन दिइएको छ । त्यस्तै विभिन्न निकायहरुबाट आवश्यक कागजातहरु माग गर्दा समयमा पठाउने नगरेको, पटक पटक ताकेता गर्दा जवाफ पठाएता पनि प्रमाण सहितका कागजात पठाउनु पर्नेमा सैद्धान्तिक जवाफहरु पठाउने गरेको, नियमित गर्नुपर्ने बेरुजु समयमै नियमित नगरेको, समितिबाट दिइएका निर्देशनहरु कार्यान्वयनमा बेवास्ता गरेको लगायतका समस्याहरु बेरुजुमाथि छलफलका क्रममा देखिएको व्यहोरा समेत म सम्मानित सदनलाई जानकारी गराउन चाहान्छु ।

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गरी अभिभावकीय भूमिका निभाउनु हुने माननीय सभामुखज्यू र माननीय उपसभामुखज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै समितिका प्रत्येक बैठकहरुमा सक्रियतापूर्वक सहभागी भई समितिका गतिविधिहरुलाई प्रभावकारी रुपमा संचालन गर्न भूमिका निर्वाह गर्नुहुने समितिका माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन तथा अन्य

विषयमा छलफलको क्रममा समितिमा उपस्थित भई समितिको निर्देशन कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने मन्त्रालयका माननीय मन्त्रीज्यूहरु, प्रमुखसचिवज्यू, सचिवज्यूहरु तथा अन्य पदाधिकारी र कर्मचारीहरुमा म हार्दिक आभार व्यक्त गर्दछु । समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने प्रदेश सभा सचिवज्यू, सचिवालयका कर्मचारीहरु, पत्रकारज्यूहरु लगायतलाई म समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छु । समितिका प्रत्येक क्रियाकलापमा साथ रही सहयोग गर्ने तथा प्रतिवेदनलाई यो रुपमा तयार गर्ने समिति सचिवज्यू लगायत समिति सचिवालयका कर्मचारीहरुलाई म विशेष धन्यवाद दिन चाहान्छु ।

माननीय सभामुखज्यू,
माननीय सभामुख महोदयको अनुमतिले अब म सार्वजनिक लेखा समितिको तेश्रो वार्षिक प्रतिवेदन, २०८२ सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेस गर्दछु ।
धन्यवाद ।

मिति : २०८२ भाद्र २३ गते

..............................
अक्कल बहादुर रावल
सभापति
सार्वजनिक लेखा समिति,
सुदूरपश्चिम प्रदेश

# विषयसूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | परिच्छेद-१<br>प्रारम्भिक | |
| १.१ | समितिको परिचय | १ |
| १.२ | समितिको गठन | २-३ |
| १.३ | समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार | ३-४ |
| १.४ | समितिको सचिवालय | ४ |
| १.५ | समिति संचालन सम्बन्धी थप व्यवस्था | ४ |
| | परिच्छेद-२<br>समितिका निर्णयहरु तथा माननीयहरुको कार्यगत तथा उपस्थिति विवरण | |
| २.१ | समितिको वैठकका निर्णयहरु | ५-१४ |
| २.२ | सार्वजनिक लेखा समितिको मिति २०८१/०७/२७ देखि मिति २०८२/०५/१२ गतेसम्म प्रतिनिधित्व गरी समिति/उपसमितिमा रही कार्यसम्पन्न गर्नु भएका तथा कार्य गरिरहनु भएका माननीयहरुको कार्यगत विवरण | १५-१६ |
| २.३ | मासिक रुपमा भए गरेका समिति वैठकका विवरणहरु | १७ |
| | परिच्छेद-३<br>महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा भएका कामकारबाहीहरुको विवरण | |
| ३.१ | महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल गर्न गठन भएका उपसमितिहरु | १८ |
| ३.२ | प्रदेश सभा सचिवालय | १९-२१ |
| ३.३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २२-२६ |
| ३.४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २७-३० |
| ३.५ | आर्थिक मामिला मन्त्रालय | ३०-३७ |
| ३.६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३८-४४ |
| ३.७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४४-५४ |
| ३.८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५५-६५ |
| ३.९ | सामाजिक विकास मन्त्रालय | ६५-७६ |
| ३.१० | मुख्यन्यायाधिवक्ताको कार्यालय | ७७ |
| ३.११ | प्रदेश नीति तथा योजना आयोग | ७८-८० |
| | परिच्छेद-४<br>बेरुजु फछ्यौंट उपसमितिको स्थलगत अवलोकनका क्रममा लिइएका तस्विरहरु | |

# परिच्छेद-एक

## प्रारम्भिक

### १.१ समितिको परिचय :

सार्वजनिक लेखा समिति प्रदेश सभाको एउटा महत्वपूर्ण समिति र स्थायी समिति हो । यसले सरकारका आर्थिक गतिविधिहरुको निगरानी गरी आर्थिक सुशासन कायम गराउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि सरकारी खर्च र लेखाको अनुगमन र परीक्षण गर्ने, सरकारको नीति निर्माण तहदेखि तिनको कार्यान्वयनको चरण र कार्यसम्पन्न भए पश्चात खर्चको यथार्थ अवस्थाको निगरानी गरी सार्वजनिक काम कारबाहीमा पार्दर्शिता, मितव्ययिता, जवाफदेहिता, औचित्यता र प्रभावकारिताको सुनिश्चित गराउने कार्य गर्दछ । सरकारका गतिविधिहरुको प्रत्यक्ष निगरानी गरी अख्तियारको दुरुपयोग हुन नदिई त्यसलाई नियन्त्रण गर्न आवश्यक निर्देशन दिने हुँदा समितिको सभापतिमा प्रतिपक्ष दलबाट चयन गर्ने अन्तर्राष्ट्रिय प्रचलन रहँदै आएको छ ।

सार्वजनिक लेखा समितिको इतिहास हेर्ने हो भने यसको गठन बेलायतको संसदबाट सन् १८६१ मा भएको पाइन्छ । उक्त समिति गैरराजनीतिक रुपमा काम गर्ने अपेक्षाका साथ राज्यकोषको खर्च संसदले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्ने उद्देश्यका साथ यसको गठन भएको थियो । नेपालमा सार्वजनिक लेखा समितिको शुरुवात वि.सं. २०१६ साल देखि नै भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले सार्वजनिक लेखा समितिलाई संवैधानिक व्यवस्था गरेको थियो भने हाल प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने र सरकारका गतिविधिहरुको निगरानी गरी सचेत गराउने उद्देश्यले नेपालको संविधानको धारा १९३ र सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १५१ बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान रहेको छ । सोही प्रावधान बमोजिम सुदूरपश्चिम प्रदेश सभाको प्रथम अधिवेशनको नवौं बैठकबाट सार्वजनिक लेखा समितिको गठन भएको हो ।

प्रदेश सभाका अन्य विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समिति महत्वपूर्ण समिति भएकाले यसले प्रदेशमा वित्तीय सुशासन कायम गर्न, सार्वजनिक पदाधिकारीहरुलाई उत्तरदायी बनाउने, जवाफदेहिता प्रबर्द्धन गर्ने तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि अध्ययन तथा छलफल गरी बेरुजुलाई नियमित गराउने, असुल उपर गराउने, प्रमाण कागजात पेस नगरेको अवस्थामा प्रमाण पेस गर्न लगाउने, स्थलगत अवलोकन गर्नुपर्ने किसिमको बेरुजु माथि अवलोकन गरी आवश्यक निर्देशन जारी गर्ने साथै छानबिन गर्नुपर्ने किसिमको भए छानबिन गरी सम्बन्धित निकायलाई कारबाहीका लागि सिफारिस गर्ने कार्य गर्दछ ।

## १.२ समितिको गठन :

नेपालको संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने र सरकारका गतिविधिहरुको निगरानी गरी सचेत गराउने उद्देश्यले सार्वजनिक लेखा समितिको गठन भएको हो । सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा प्रदेश सभा अन्तरगत गठन हुने समितिमा बढीमा ११ जना सदस्य मनोनयन गर्न सक्ने प्रावधान नियमावलीमा व्यवस्था गरिएको छ । सुदूरपश्चिम प्रदेश सभाको प्रथम अधिवेशनको नवौं बैठकबाट सार्वजनिक लेखा समितिको गठन भए पश्चात पहिलो बैठक मिति २०८० साल जेठ १७ गते बसेको थियो । सर्वप्रथम समितिमा मनोनयन भएका माननीय सदस्यज्यूहरुमध्ये ज्येष्ठ सदस्य माननीय विक्रम सिंह धामीज्यूको सभापतित्वमा बैठकहरु बसेका थिए । माननीय विर बहादुर थापा समितिको सभापतिमा निर्वाचित भए पश्चात मिति २०८०/०९/२५ गते बसेको १९ औं वैठकबाट वाहाँको सभापतित्वमा वैठकहरु संचालन भएका थिए भने माननीय सभापति प्रदेश सरकारको मन्त्री भइसकेपछि पुनः मिति २०८१/०२/३० गते बसेको ३९ औं वैठकबाट समितिका ज्येष्ठ सदस्य माननीय विक्रम सिंह धामीज्यूको सभापतित्वमा वैठकहरु बसेकोमा पूनः समिति सभापतिको निर्वाचन भई माननीय अक्कल बहादुर रावलज्यूको सभापतित्वमा हाल वैठकहरु संचालन भइरहेका छन् ।

समितिमा सदस्यहरुको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल वा स्वतन्त्र सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, खस-आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्व गराउने व्यवस्था रहेको छ भने कुनै सदस्य एकै साथ एकभन्दा बढी विषयगत समितिको सदस्य हुन नसक्ने प्रावधान रहेको छ । उक्त व्यवस्था बमोजिम सर्वप्रथम समितिको गठन गर्दा जम्मा १० जना सदस्यहरु मनोनयन गरिएको थियो । विभिन्न समयमा समितिका सदस्यज्यूहरु मन्त्रिपरिषदमा सहभागी हुने क्रमसँगै समितिका सदस्यहरु हेरफेर भइ रहनु भएको छ ।

**सार्वजनिक लेखा समितिमा रहनु भएका माननीय सदस्यज्यूहरुको नामावली :**

| क्र.सं. | नाम, थर | पद | जिल्ला | सम्बद्ध राजनीतिक दल |
|---|---|---|---|---|
| १ | माननीय अक्कल बहादुर रावल | सभापति | अछाम | नेकपा माओवादी केन्द्र |
| २ | माननीय खेमा देवी विष्ट | सदस्य | कैलाली | रा.प्र.पा |
| ३ | माननीय गीता कुमारी चौधरी | सदस्य | कंचनपुर | नेपाली कांग्रेस |
| ४ | माननीय गीता देवी माल | सदस्य | डडेल्धुरा | नेकपा माओवादी केन्द्र |
| ५ | माननीय प्रकाश बहादुर देउवा | सदस्य | कैलाली | नेपाली कांग्रेस |
| ६ | माननीय बिक्रम सिंह धामी | सदस्य | दार्चुला | नेपाली कांग्रेस |
| ७ | माननीय बेल बहादुर रानामगर | सदस्य | कंचनपुर | नेपाली कांग्रेस |
| ८ | माननीय मधु देवी भारती | सदस्य | कंचनपुर | नेपाली कांग्रेस |

| | | | | |
|---|---|---|---|---|
| ९ | माननीय मान बहादुर धामी | सदस्य | दार्चुला | नेकपा माओवादी केन्द्र |
| १० | माननीय सन्तोष कुमारी शर्मा(थापा) | सदस्य | कैलाली | नेकपा एमाले |

## १.३ समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार :

**कार्यक्षेत्र :**

सार्वजनिक लेखा समितिको कार्यविधि, २०७६ को दफा ३ बमोजिम समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।

- महालेखापरीक्षकको प्रतिवेदनले प्रदेश सरकार अन्तर्गतका कार्यालयका विषयमा औंल्याएका बेरुजु र महालेखापरीक्षकको प्रतिवेदन अध्ययन गरी उक्त औंल्याइएको बेरुजु फछर्यौट गर्न गराउन तालुकदार मन्त्रालयलाई निर्देशन दिने ।
- प्रदेश सरकारको पूर्ण वा आंशिक ऋण वा अनुदानमा संचालित संस्था र कार्यक्रमको आर्थिक गतिविधिको छानबिन तथा सुनुवाई गर्ने ।
- प्रदेश सरकारको सार्वजनिक सम्पतिको दुरुपयोग सम्बन्धी उजुरीका साथै आयोजनासँग सम्बन्धित उजुरी उपर सम्बन्धित कार्यको विज्ञहरु सम्मिलित उपसमिति गठन गरी छानबिन तथा सुनुवाई गर्ने।

**समितिको काम, कर्तव्य र अधिकार :**

सार्वजनिक लेखा समितिको कार्यविधि, २०७६ को दफा ४ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- प्रदेश राज्यकोषको खर्च प्रदेश सभाले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र प्रदेश सरकारको कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्ने,
- सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने,
- सभामा पेस गरिएका प्रादेशिक संवैधानिक आयोगका वार्षिक प्रतिवेदनमा उल्लेखित बेरुजु जाँच गरी औंल्याइएका बेरुजु असुल उपर गर्न प्रयास नगर्ने त्यस्ता आयोगद्वारा भए गरेका कामकारबाही र सो सम्बन्धमा समेत अध्ययन गरी तालुकदार निकायलाई आवश्यक निर्देशन दिने,
- समितिको कार्यक्षेत्र भित्रका विषयमा प्राप्त उजुरी, सञ्चार माध्यममा आएका विषयहरु, सरोकारवालाको चासो एवं समितिले आवश्यक ठानेका विषयहरुमा तत्काल स्थलगत अनुगमन, निरीक्षण वा जाँच गरी गराई सो विषयसँग सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- सभाबाट प्राप्त महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेखित बेरुजु, अनियमितता जाँच गरी आवश्यक निर्देशन दिने,

- सभाबाट प्राप्त महालेखापरीक्षकको प्रतिवेदनमा स्थानीय तहको आफ्नै श्रोतबाट संचालित कार्यक्रमको विवरण स्थानीय तहमा गठित सार्वजनिक लेखा समितिलाई हस्तान्तरण गर्ने ।

## १.४ समितिको सचिवालय :

सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १७२ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था गरिएको छ । प्रदेश सभा सचिवालय अन्तर्गत प्रत्येक समितिको सचिवालय रहन्छ । सचिव प्रत्येक समितिको पदेन सचिव हुने र सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था रहेको छ । समिति सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय वा अन्तरगत निकायसँग आवश्यक जानकारी माग गर्न सक्नेछ । सचिव र समिति सचिवले सभापतिको अनुमति लिई बैठकमा विचाराधिन विषयमा आफ्ना राय दिन सक्ने व्यवस्था नियमावलीमा गरिएको छ ।

**समिति सचिवालयमा कार्यरत कर्मचारीहरु :**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री बलदेव कपाडी | समिति सचिव |
| २ | श्री प्रेम कटेल | कम्प्युटर अधिकृत |
| ३ | श्री तिलक प्रसाद देवकोटा | माइक संचालक |
| ४ | श्री हर्क बहादुर बोगटी | कार्यालय सहयोगी |

## १.५ समिति संचालन सम्बन्धी थप व्यवस्था :

- समितिको वैठकमा लगातार पाँच पटकसम्म सभापतिको अनुमति विना अनुपस्थित रहने सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समितिबाट हटाउन सक्नेछ र सो को जानकारी सभालाई गराउने व्यवस्था रहेको छ ।
- समितिको वैठकमा उपस्थित समितिका सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिने र समितिको बैठकको निर्णय सभापतिबाट प्रमाणित गर्ने प्रावधान रहेको छ ।
- समितिले आफ्नो कार्य सम्पादनका क्रममा उपसमिति गठन गर्नुपर्ने महशुस गरेमा आफ्नो कार्यक्षेत्रको परिधि भित्र रही उपसमिति गठन गर्न सक्ने र त्यस्तो उपसमिति गठन गर्दा उपसमितिले सम्पादन गर्नुपर्ने कार्य, कार्य सम्पन्न गरिसक्नु पर्ने समयावधि समेत निर्धारण गरी सदस्यहरुको नाम सहित बैठक समक्ष प्रस्ताव गर्ने व्यवस्था रहेको छ ।

## परिच्छेद-२

# समितिका निर्णयहरु तथा माननीयहरुको कार्यगत तथा उपस्थिति विवरण

## २.१ समितिको बैठकका निर्णयहरु :

**बैठक संख्या : ५३**
**मिति : २०८१/०८/१४**

**छलफलको विषय :**

१. समितिको वार्षिक प्रतिवेदनको मस्यौदा माथि छलफल,
२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई दिएको निर्देशन कार्यान्वयनको जानकारी सम्बन्धमा,
३. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथिको छलफल लागि उपसमिति गठन सम्बन्धमा,
४. सामाजिक विकास कार्यालयबाट प्राप्त कागजातहरु सम्बन्धी छलफल,
५. समितिको लागि बजेट माग गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

१. सार्वजनिक लेखा समितिको दोश्रो प्रतिवेदन, २०८१ को मस्यौदा उपर छलफल भई थप अध्ययनका लागि माननीय सदस्यज्यूहरुलाई वितरण गरियो ।

२. यस समितिको मिति २०८१/०५/१३ गते बसेको बैठकबाट ताहाँ मन्त्रालयलाई विभिन्न पाँच वटा बुँदामा निर्देशन दिइएकोमा उक्त निर्देशनहरुको कार्यान्वयनको अवस्था र निर्देशनको बुँदा नं. ५ मा कैलाली जिल्लाका विभिन्न स्थानीय तहहरुमा कृषि हाटबजारहरु निर्माण भएदेखि संचालनमा नआएकोले तीन महिना भित्र संचालनमा ल्याउने र सो को प्रतिवेदन समितिमा पेस गर्ने भनिएकोमा उक्त हाटबजारहरु संचालन भए नभएको सम्बन्धमा हालसम्म यस समितिमा जानकारी प्राप्त नभएकाले ३(तीन) दिन भित्र उपलब्ध गराउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पत्राचार गर्ने ।

३. महालेखापरीक्षकको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल तथा अध्ययन गरी प्रतिवेदनमा देखिएका बेरुजुका सम्बन्धमा सम्बन्धित निकायहरुसँग विस्तृत छलफल गर्ने, अध्ययन गर्ने र अवलोकन, निरीक्षण गरी सुझाव सहितको प्रतिवेदन पेस गर्न २ (दुई) महिनाको समयावधि दिई माननीय अक्कल बहादुर रावलज्यूको संयोजकत्वमा तपसिल बमोजिमको बेरुजु फछ्यौंट उपसमिति गठन गर्ने ।

**तपसिल**

| | |
|---|---|
| माननीय अक्कल बहादुर रावल | - संयोजक |
| माननीय खेमा देवी विष्ट | - सदस्य |

| | |
|---|---|
| माननीय गीता कुमारी चौधरी | - सदस्य |
| माननीय गीता देवी माल | - सदस्य |
| माननीय सन्तोष कुमारी शर्मा थापा | - सदस्य |

४. कैलाली जिल्लाको गौरीगंगा नगरपालिका वडा नं. १ मा अवस्थित नवजीवन आधारभूत विद्यालयको आर्थिक वर्ष २०७७/०७८ मा दुई कोठे भवन निर्माणका सम्बन्धमा छलफल गर्न सामाजिक विकास कार्यालय, धनगढी, कैलालीका कार्यालय प्रमुखलाई उक्त कार्यक्रमको सक्कलै कागजात सहित मिति २०८१/०८/१७ गते सोमबार बिहान ११:०० बजे बस्ने समितिको वैठकमा आमन्त्रण गर्ने ।

५. यस समितिको लागि चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममा अनुगमन, अवलोकन तथा अन्तरक्रिया कार्यक्रम अन्तरगत रु ५ लाख बजेट विनियोजन गरिएकोमा उक्त रकम खर्च भइकेको र महालेखापरीक्षकको आर्थिक वर्ष २०७७/०७८ र २०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल तथा अध्ययन बाँकी रहेको र उक्त प्रतिवेदनहरु माथि छलफल गर्ने क्रममा स्थलगत अवलोकन गर्नु पर्ने र विज्ञ सेवा समेत लिनु पर्ने भएको हुँदा यस समितिका लागि अनुगमन, अवलोकन तथा अन्तरक्रिया कार्यक्रममा रु ४० लाख र विज्ञ सेवा अन्तरगत ५ लाख रकमको व्यवस्थापन गरिदिन हुन प्रदेश सभा सचिवालयलाई निर्देशन दिने ।

**वैठक संख्या : ५४**
**मिति : २०८१/०८/१७**

**छलफलको विषय :**

१. सामाजिक विकास कार्यालयका प्रमुखसँग छलफल,
२. समितिको वार्षिक प्रतिवेदनको मस्यौदा उपर छलफल ।

**निर्णयहरु :**

१. आर्थिक वर्ष २०७७/०७८ मा नवदुर्गा आ.वि. गौरीगंगा-१, कैलालीमा प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तरगत दुई कोठे भवन निर्माणका लागि रु १६,००,०००। (अक्षरुपि सोह्र लाख मात्र) बजेट विनियोजन भई निर्माण कार्य गरिएकोमा उक्त भवनको झ्याल, ढोका, वाइरिङ तथा रङरोगनको कार्य नगरी अधुरो रहेको र हाल भवन प्रयोग विहिन रहेको हुँदा जिर्ण बन्दै गइरहेकोले प्रदेश सरकारबाट खर्च भएको रकम दुरुपयोग हुन नदिन यथाशिघ्र निर्माण सम्पन्न गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरी निर्माण सम्पन्न गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने ।

## वैठक संख्या : ५५
## मिति : २०८१/०९/०४

<u>छलफलको विषय</u> :

१. समितिको प्रतिवेदन पारित गरी सार्वजनिकरण गर्ने ।

२. समितिले दिएका निर्देशनहरु सम्बन्धमा ।

३. समितिमा परेको उजुरी सम्बन्धमा ।

४. समसामयिक विषयमा ।

<u>निर्णयहरु</u> :

१. समितिको दोश्रो प्रतिवेदन, २०८१ लाई पारित गरी पत्रकारहरुको उपस्थितिमा सार्वजनिकरण गरियो ।

२. आर्थिक वर्ष २०७६/०७७ मा कैलाली जिल्लाका विभिन्न स्थानीय तहहरुमा निर्माण भएका कृषि हाटबजारहरु निर्माण भए पश्चात संचालनमा नआएको सम्बन्धमा समितिले स्थलगत अवलोकन पश्चात ३ महिना भित्र संचालनमा ल्याउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिएकोमा हालसम्म संचालनमा नआएको हुँदा सो सम्बन्धमा छलफल गर्न उक्त मन्त्रालयका मन्त्री तथा सचिवलाई मिति २०८१/०९/०७ गते आइतबार बिहान ११:३० बजे बस्ने समितिको वैठकमा आमन्त्रण गर्ने ।

३. समितिको मिति २०८०/०९/०३ गते बसेको वैठकबाट सुदूरपश्चिम प्रदेशको वन निर्देशनालयमा कार्यरत तत्कालीन वन निर्देशक कृष्ण दत्त भट्टलाई अब आइन्दा आचरण विपरित चरित्र पदर्शन हुने गरी प्रस्तुत नहुन र ईमान्दारीपूर्वक पदीय आचरणको पालना गर्न सचेत गराउने कार्यका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएकोमा उक्त निर्देशन कार्यान्वयन भए नभएको सम्बन्धमा पत्र प्राप्त भएको मितिले १० (दश) दिन भित्र खुलाई पठाउन मिति २०८१/०७/२२ गतेको निर्णय बमोजिम पत्राचार हुँदा उक्त पत्रको जवाफ प्राप्त नभएको हुँदा सो सम्बन्धमा छलफल गर्न मिति २०८१/०९/०८ गते सोमबार बिहान ११:३० बजे बस्ने समितिको वैठकमा प्रमुख सचिव तथा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री र सचिवलाई आमन्त्रण गर्ने ।

४. अछाम जिल्लाको तुर्माखाद गाउँपालिका वडा नं. ३ का स्थानीयहरुले अपर कर्णाली हाईड्रोपावर जलविद्युत आयोजनाको मुआब्जा वितरण प्रक्रियामा नापी कार्यालय, मालपोत कार्यालय र जलविद्युत आयोजना सरोकार समितिको मिलेमतोमा सार्वजनिक जग्गा केही व्यक्तिको नाममा पास गरी मुआब्जा वितरणमा आर्थिक चलखेल भएको सम्बन्धमा छानबिन गरिदिन भनी यस समितिमा दिएको उजुरीका सम्बन्धमा के भएको हो ? खुलाई पठाउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई पत्राचार गर्ने ।

## बैठक संख्या : ५६
## मिति : २०८१/०९/०८

<u>छलफलको विषय</u> :

१. समितिका निर्देशन कार्यान्वयन सम्बन्धमा,

२. विविध ।

<u>निर्णयहरु</u> :

१. समितिले हालसम्म विभिन्न मितिमा प्रदेश सरकारका निकायहरुलाई दिएका निर्देशनहरु कार्यान्वयन सम्बन्धमा गरेको बेवास्ता तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि छलफल गर्नका लागि माग गरिएका दफावार जवाफ तोकिएको समयमा समितिमा नपठाउने लगायतका विषयमा माननीय सभापति तथा माननीय सदस्यज्यूहरुबाट प्रश्न गर्दा विभिन्न कारणले उक्त समस्या भएकाले अब उपरान्त सुधार गर्ने र बेरुजुको छलफल कार्यमा सघाउने कुरा समितिलाई प्रमुख सचिव र उद्योग, पर्यटन, वन तथा वातावरण सचिवबाट जानकारी गराइएको हुँदा सोही अनुसार गर्न निर्देशन दिइयो ।

२. प्रदेश सरकारको वार्षिक बजेट तथा योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन, मुल्यांकन चरणमा जनशक्ति अभावको कारण देखाई वार्षिक बजेट तथा कार्यक्रम बमोजिमका योजनाहरु पूर्ण कार्यान्वयन नभएको, कार्यान्वयन भएका कार्यक्रमहरुको प्रभावकारीतामा समेत प्रश्न उठ्ने गरेको सन्दर्भमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरुमा समेत यो विषय उठान गरेको र बेरुजु माथि दफावार छलफल गर्दा जनशक्ति अभावका कारण लक्ष्य अनुरुप बजेटको कार्यान्वयन हुन नसकेको जवाफ प्राप्त भइरहेको हुँदा यथाशिघ्र प्रदेश निजामती सेवा नियमावली पारित गरी दरबन्दी अनुसारका जनशक्ति पदपूर्ति गर्न निर्देशन दिइयो ।

## बैठक संख्या : ५७
## मिति : २०८१/०९/१८

<u>छलफलको विषय</u> :

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई दिएको निर्देशनहरु कार्यान्वयन सम्बन्धमा,

२. विविध ।

<u>निर्णयहरु</u> :

१. कैलाली जिल्लाका विभिन्न स्थानीय तहहरुमा आर्थिक वर्ष २०७६/०७७ मा निर्माण गरिएका कृषि हाटबजारहरु हालसम्म संचालनमा आउन नसकेको हुँदा स्थानीय तह तथा सम्बन्धित हाटबजार समितिका पदाधिकारीहरुसँग छलफल गरी यथाशिघ्र संचालनमा ल्याउने व्यवस्थाका लागि सहकार्य गर्न निर्देशन दिने।

२. मन्त्रालयबाट प्राप्त च.नं. ४५८ मिति २०८१/०९/१४ गतेको पत्र र सोसँग संलग्न कागजातका सम्बन्धमा छलफल गर्दा समितिले निर्णय गरी कार्यान्वयनका लागि निर्देशन दिइसकेको विषयमा मन्त्रालयले समितिको निर्णय पुनर्विचारका निवेदन समितिमा पठाएको हुँदा अव उपरान्त संसदीय समितिले गरेका कुनै पनि निर्णय उपर प्रश्न नगरी सम्पूर्ण निर्णयहरु अनिवार्य रुपमा कार्यान्वयन गर्न निर्देशन दिने ।

## वैठक संख्या : ५८
## मिति : २०८१/११/०४

<u>छलफलको विषय</u> :

१. सभापति पदको निर्वाचन हुने ।

<u>निर्णयहरु</u> :

१. सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १५५ को उपनियम (१) बमोजिम माननीय सभामुखज्यूले यस समितिको सभापति पदको निर्वाचन हुने गरी मिति तोक्नु भएकाले सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १५५ को उपनियम (२) बमोजिम दर्ता भएको एक मात्र प्रस्तावको प्रस्तावक माननीय प्रकाश बहादुर देउवा र समर्थक माननीय सन्तोष कुमारी शर्मा थापा भएको **"सभापति पदमा निर्वाचित गरियोस्"** भन्ने प्रस्तावलाई समितिको वैठकमा प्रस्तुत गर्दा माननीय अक्कल बहादुर रावल सार्वजनिक लेखा समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गरियो ।

२. यस समितिमा माननीय अक्कल बहादुर रावल सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएकोले सो को जानकारी माननीय सभामुखज्यूलाई गराउने ।

## वैठक संख्या : ५९
## मिति : २०८१/११/०४

<u>छलफलको विषय</u> :

१. पदबहाली ग्रहण ।

२. धन्यवाद ज्ञापन

<u>निर्णयहरु</u> :

१. सार्वजनिक लेखा समितिको ५८ औं वैठकबाट नवनिर्वाचित सभापति माननीय अक्कल बहादुर रावललाई पदबहाली सहित सार्वजनिक लेखा समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२. समितिमा ज्येष्ठ सदस्यको रुपमा हालसम्म सभापतिको जिम्मेवारी सम्हाल्दै आउनु भएका माननीय विक्रम सिंह धामीलाई वाहाँले समितिको कामकारबाहीलाई सफलतापूर्वक सम्पन्न गर्नु भएकोले हार्दिक बधाई सहित धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

## वैठक संख्या : ६०
## मिति : २०८१/११/२८

**छलफलको विषय :**

१. उपसमितिको म्याद थप सम्बन्धमा,

२. विविध ।

**निर्णयहरु :**

१. मिति २०८१/०७/२५ गते बसेको समितिको वैठकबाट सामाजिक विकास मन्त्रालयबाट आर्थिक वर्ष २०८०/०८१ मा खरिद गरिएको Hospital Waste Management System को सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न माननीय सन्तोष कुमारी शर्मा थापाज्यूको संयोजकत्वमा समिति गठन गरिएकोमा हालसम्म कार्यसम्पन्न नगरेकाले थप दुई महिनाको लागि म्याद थप गर्ने ।

## वैठक संख्या : ६१
## मिति : २०८१/१२/१०

**छलफलको विषय :**

१. समसामयिक विषयमा छलफल हुने ।

**निर्णयहरु :**

१. चालु आर्थिक वर्ष २०८१/०८२ का लागि अन्तर प्रदेश असल अनुभव आदान प्रदान कार्यक्रम अन्तरगत रु सात लाख रकम विनियोजन गरेकोले वार्षिक वजेट अन्तरगतको उक्त कार्यक्रम कार्यान्वयनका सन्दर्भमा अन्तर प्रदेश अवलोकन भ्रमणका साथै असल अनुभव आदान प्रदान गर्न मिति २०८१/१२/११ देखि २०८१/१२/१७ गतेसम्म समितिका माननीय सदस्यहरु र समिति सचिवालयका कर्मचारीहरुको टोली गण्डकी प्रदेश जाने निर्णय गरियो ।

## वैठक संख्या : ६२
## मिति : २०८१/१२/२२

**छलफलको विषय :**

१. अवलोकन भ्रमणको समीक्षा ।

**निर्णयहरु :**

१. समितिले मिति २०८१/१२/११ गतेदेखि मिति २०८१/१२/१७ गतेसम्म अन्तर प्रदेश अवलोकन भ्रमण तथा असल अनुभव आदान प्रदानका क्रममा गण्डकी प्रदेश सभा अन्तरगत सार्वजनिक लेखा समितिसँग गरेको अन्तरक्रिया तथा छलफल कार्यक्रम र अन्य स्थलहरुमा गरेको भ्रमणका सम्बन्धमा समीक्षा गरियो ।

## वैठक संख्या : ६३
## मिति : २०८२/०१/०९

**छलफलको विषय :**

१. समसामयिक विषयमा छलफल हुने ।

**निर्णयहरु :**

१. मिति २०८१/०७/२५ गते बसेको यस समितिको वैठकबाट सामाजिक विकास मन्त्रालयबाट आर्थिक वर्ष २०८०/०८१ मा खरिद गरिएको Hospital Waste Management System को सम्बन्धमा सम्पूर्ण कागजातहरुको अध्ययन गर्ने, स्थलगत निरीक्षण गर्ने, विभिन्न विज्ञहरुको राय परामर्श लिने लगायतका कार्यहरु गरी ३ (तीन) महिना भित्र समितिमा प्रतिवेदन पेस गर्ने कार्यका लागि समिति सदस्य माननीय सन्तोष कुमारी शर्मा थापाको संयोजनकत्वमा उपसमिति गठन गरिएकोमा माननीय सन्तोष कुमारी शर्मा थापाले कारणवश उपसमिति संयोजक पदमा रही कार्य गर्न असमर्थ रहेको भनी समितिमा जानकारी गराएको हुँदा सोही कार्यका लागि ३० कार्यदिनको समयसीमा दिई तपसिल बमोजिमको उपसमिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

माननीय खेमा देवी विष्ट - संयोजक
माननीय गीता कुमारी चौधरी - सदस्य
माननीय गीता देवी माल - सदस्य
माननीय दीर्घ बहादुर सोडारी - सदस्य
माननीय सन्तोष कुमारी शर्मा थापा - सदस्य

## वैठक संख्या : ६४
## मिति : २०८२/०२/२९

**<u>छलफलको विषय</u>** :

१. उपसमितिको म्याद थप सम्बन्धमा,

२. समसामयिक विषयमा छलफल हुने ।

**<u>निर्णयहरु</u>** :

१. हस्पिटल वेस्ट म्यानेजमेन्ट अध्ययन उपसमितिको म्याद २०८२/०२/०९ गते समाप्त भएकाले असार मसान्तभित्र समितिबाट तोकिएको कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने ।

२. समितिका गतिविधिहरु तथा अन्य समसामयिक विषयमा छलफल भयो ।

३. समितिको अर्को वैठक मिति २०८२ साल असार २ गते सोमबार दिनको १:०० बजे बस्ने ।

## वैठक संख्या : ६५
## मिति : २०८२/०३/०२

**<u>निर्णयहरु</u>** :

१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल कार्यलाई तिब्रता दिन बेरुजु फछ्र्यौट उपसमितिलाई निर्देशन दिने ।

२. समिति तथा समितिका गतिविधिहरु लगायत समसामयिक विषयमा छलफल भयो ।

## वैठक संख्या : ६६
## मिति : २०८२/०३/२०

**<u>छलफलको विषय</u>** :

१. समसामयिक विषयमा छलफल हुने ।

**<u>निर्णयहरु</u>** :

१. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम हालै प्रदेश सभाबाट स्वीकृत भएको छ । प्रदेश सभामा वार्षिक बजेट तथा कार्यक्रम माथि छलफलका क्रममा बजेट निर्माण गर्दा प्रक्रियागत रुपमा निर्माण नभई अनधिकृत व्यक्तिहरुको प्रभावमा परेको, आर्थिक लेखदेन भएको, विस्तृत अध्ययन नभएका आयोजनाहरुमा स-सानो रकम विनियोजन गरिएको, निर्माण सम्पन्न हुन बाँकी रहेका आयोजनाहरुमा बजेट विनियोजन नगरी अधुरा छोडिएको लगायतका गुनासाहरु माननीय प्रदेश सभा सदस्यज्युरुहरुबाट सभा वैठकमा व्यक्त भएका साथै विभिन्न माध्यमबाट समेत यस किसिमका गुनासाहरु समितिमा प्राप्त

हुन आएको हुँदा सार्वजनिक लेखा समितिको गम्भिर ध्यानाकर्षण भएको छ । अतः माननीय प्रदेश सभा सदस्यज्यूहरुबाट सिफारिस भएका योजनाहरु, सम्बन्धित निकायहरुबाट सिफारिस भई आएका योजनाहरु र स्थानीय तहबाट विधिवत् निर्णय भई माग भएका योजनाहरुको सूची १० (दश) दिन भित्र यस समितिमा पेस गर्न र उपरोक्त बाहेकका आयोजनाहरु छनौट गर्नुको चित्तबुझ्दो आधार सहित लिखित जवाफ दिन आर्थिक मामिला मन्त्रालयलाई निर्देशन गरिन्छ ।

**वैठक संख्या : ६७**
**मिति : २०८२/०४/०९**

<u>**छलफलको विषय**</u> :

१. आर्थिक मामिला मन्त्रालयबाट प्राप्त पत्र सम्बन्धी छलफल हुने,
२. समितिमा प्राप्त उजुरी,
३. हस्पिटल वेस्ट मेनेजमेन्ट सम्बन्धी अध्ययन उपसमितिको म्याद थप सम्बन्धमा ।
४. समसामयिक विषयमा ।

<u>**निर्णयहरु**</u> :

१. समितिको मिति २०८२/०३/२० गतेको निर्णयानुसार आर्थिक मामिला मन्त्रालयबाट माग गरिएका विवरणहरु मन्त्रालयको च.नं. ७ मिति २०८२/०४/०६ गतेको पत्रबाट प्राप्त हुन नसकेकोले निर्णयबाट माग गरिएका विवरण सहित मिति २०८२/०४/१२ गते सोमबार बिहान ११:०० बजे बस्ने समितिको वैठकमा माननीय आर्थिक मामिला मन्त्री र सचिवज्यूलाई अनिवार्य उपस्थितिका लागि पत्राचार गर्ने ।
२. जनमुक्ति हेल्थ इन्टरप्राइजेज, त्रिपुरेश्वर, काठमाडौंको मिति २०८२/०२/३० गतेको पत्रबाट मेडिकलजन्य फोहोर उपकरणको बोलपत्रको मुल्यांकन प्रकृया पक्षपातपूर्ण भएकोले छानबिन प्रकृया अगाडि बढाउनका लागि यस समितिलाई अनुरोध गरेकाले विस्तृत विवरण सोही पत्रबाटै अध्ययन गरी सम्पूर्ण व्यहोरा खुलाई पत्र प्राप्त भएको मितिले पाँच दिनभित्र यस समितिमा पठाउन सामाजिक विकास मन्त्रालयलाई पत्राचार गर्ने ।
३. हस्पिटल वेस्ट मेनेजमेन्ट सम्बन्धी अध्ययन उपसमितिलाई असार मसान्तभित्र कार्य सम्पन्न गर्ने गरी समयसीमा तोकिएकोमा उक्त समयसीमा सकिएको हुँदा थप १५ (पन्ध्र) दिनका लागि म्याद थप गर्ने।

## बैठक संख्या : ६८
## मिति : २०८२/०५/०३

<u>छलफलको विषय</u> :

१. हस्पिटल वेस्ट मेनेजमेन्ट सिस्टम अध्ययन उपसमितिको प्रतिवेदन पेस हुने,

२. समसामयिक विषयमा छलफल हुने ।

<u>निर्णयहरु</u> :

१. हस्पिटल वेस्ट मेनेजमेन्ट सिस्टम सम्बन्धी अध्ययन उपसमितिले तयार पारेको प्रतिवेदन समितिमा पेस भयो।

२. उक्त उपसमितिको प्रतिवेदनलाई थप अध्ययनका लागि समितिका सम्पूर्ण माननीय सदस्यहरुलाई वितरण गरियो ।

## बैठक संख्या : ६९
## मिति : २०८२/०५/१२

<u>छलफलको विषय</u> :

१. बेरुजु फछ्र्यौट उपसमितिको प्रतिवेदन पेस हुने,

२. समसामयिक विषयमा छलफल हुने ।

<u>निर्णयहरु</u> :

१. महालेखापरीक्षकको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदनमाथि अध्ययन, छलफल तथा निरीक्षण गरी समितिमा प्रतिवेदन पेस गर्न गठन भएको बेरुजु फछ्र्यौट उपसमितिले तयार पारेको प्रतिवेदन समितिको बैठकमा पेस भयो ।

२. उक्त प्रतिवेदनमाथि व्यापक छलफल गरी पारित गरियो ।

३. यस समितिको वार्षिक प्रतिवेदनको मस्यौदा तयार पार्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

**२.२ सार्वजनिक लेखा समितिको मिति २०८१/०७/२७ देखि मिति २०८२/०५/१२ गतेसम्म प्रतिनिधित्व गरी समिति/उपसमितिमा रही कार्यसम्पन्न गर्नु भएका तथा कार्य गरिरहनु भएका माननीय सदस्यज्यूहरुको कार्यगत विवरण :**

| |
|---|
| सार्वजनिक लेखा समितिको २०८२/०५/१२ गतेसम्म बसेको जम्मा वैठक संख्या : ६९ |
| समितिको पहिलो वैठक बसेको मिति : २०८०/०२/१७ |
| आर्थिक वर्ष २०७९/०८० मा समितिको जम्मा वैठक संख्या : ५ |
| आर्थिक वर्ष २०८०/०८१ मा समितिको जम्मा वैठक संख्या : ३६ |
| आर्थिक वर्ष २०८१/०८२ मा समितिको जम्मा वैठक संख्या : २५ |
| मिति २०८२/०४/०१ देखि मिति २०८२/०५/१२ गतेसम्म जम्मा वैठक संख्या : ३ |

| क्र.सं. | नाम, थर | पद | बैठक संख्या | बैठकमा जम्मा उपस्थिति | अनुपस्थित बैठक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माननीय अक्कल बहादुर रावल | सभापति | १७ | १६ | १ | |
| २ | माननीय खेमा देवी विष्ट | सदस्य | १७ | १५ | २ | |
| ३ | माननीय गीता कुमारी चौधरी | सदस्य | १७ | १६ | १ | |
| ४ | माननीय गीता देवी माल | सदस्य | १७ | १६ | १ | |
| ५ | माननीय दीर्घ बहादुर सोडारी | सदस्य | १७ | ९ | २ | |
| ६ | माननीय प्रकाश बहादुर देउवा | सदस्य | १७ | ४ | १३ | |
| ७ | माननीय बिक्रम सिंह धामी | सदस्य | १७ | १७ | - | |
| ८ | माननीय बेल बहादुर रानामगर | सदस्य | १७ | १० | ७ | |
| ९ | माननीय मधु देवी भारती | सदस्य | १७ | ११ | ६ | |
| १० | माननीय मान बहादुर धामी | सदस्य | १७ | ६ | ११ | |
| ११ | माननीय सन्तोष कुमारी शर्मा थापा | सदस्य | १७ | १६ | १ | |

## २.३ मासिक रुपमा भए गरेका समिति वैठकका विवरणहरु :

(२०८१ कार्तिक २७ गतेदेखि २०८२ भाद्र १२ गतेसम्म)

| महिना | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ |
|---|---|---|
| साउन | - | २०८२/०४/०९<br>जम्मा वैठक - १ |
| भाद्र | - | २०८२/०५/०३, १२<br>जम्मा वैठक - २ |
| असोज | - | |
| कार्तिक | - | |
| मंसिर | २०८१/०८/१४, १७<br>जम्मा वैठक - २ | |
| पौष | २०८१/०९/०४, ०८, १८<br>जम्मा वैठक - ३ | |
| माघ | - | |
| फाल्गुन | २०८१/११/०४, २८<br>जम्मा वैठक - ३ | |
| चैत | २०८१/१२/१०, २२<br>जम्मा वैठक - २ | |
| वैशाख | २०८२/०१/०९<br>जम्मा वैठक - १ | |
| जेठ | २०८२/०२/२९<br>जम्मा वैठक - १ | |
| असार | २०८२/०३/०२, २०<br>जम्मा वैठक - २ | |

## परिच्छेद-३

# महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा भएका कामकारबाहीहरुको विवरण

### ३.१ महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल गर्न गठन भएका उपसमितिहरु :

### बेरुजु फछ्यौंट उपसमिति

**उपसमिति गठन मिति : २०८१/०८/१४**

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | माननीय अक्कल बहादुर रावल | सभापति | |
| २ | माननीय खेमा देवी विष्ट | सदस्य | |
| ३ | माननीय गीता कुमारी चौधरी | सदस्य | |
| ४ | माननीय गीता देवी माल | सदस्य | |
| ५ | माननीय सन्तोष कुमारी शर्मा थापा | सदस्य | |

## महालेखापरीक्षकको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर भएका छलफलका निर्णयहरु :

निकायगत बेरुजु माथिका निर्णयहरु : वैठक संख्या : २९ मिति : २०८२/०४/०१

### ३.२ प्रदेश सभा सचिवालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

निर्णयहरु :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **विधेयक पारित** - प्रदेश सभाको हालसम्म दशौं अधिवेशन सम्पन्न भई ६८ विधेयक दर्ता भएकोमा प्रदेश सरकारले एक विधेयक फिर्ता लिएकोले ६७ विधेयक पारित भएको छ । प्रदेश सभाको अवधिभर २४३ दिनमा २६२ बैठक ३०१ घण्टा ५ मिनेट सञ्चालन भएको छ । | केही गर्नु नपर्ने । |
| २ | **बजेट कार्यान्वयन** - प्रदेश सरकारको २०७८।७९ को बजेट वक्तव्यमा उल्लिखित प्रदेश सभासँग सरोकारित व्यहोरा लगायत प्रदेश सभाको गरिमा अनुसार भवनमा यन्त्र उपकरण जडान गरी प्रदेश सभाको कार्यलाई प्रविधि मैत्री बनाउनु पर्दछ । | केही गर्नु नपर्ने । |
| ३ | **कार्यसम्पादन करार** – बजेट वक्तव्यमा उल्लिखित व्यहोरामध्ये सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भए पनि सचिवालयमा उक्त कार्यसम्पादन करार गरेको पाइएन । | अब उपरान्त सचिवालयका कर्मचारीहरुको कार्यसम्पादनमा प्रभावकारिताका लागि अनिवार्य रुपमा कार्य सम्पादन करार गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| ४ | **दरबन्दी र पदपूर्ति -** सचिवालयको लागि स्वीकृत दरबन्दी अनुसारका पदहरू पूर्ति हुनुपर्नेमा स्वीकृत ३६ दरबन्दीमध्ये स्थायी १० र करारमा ५ समेत १५ पदपूर्ति भई २१ पद रिक्त रहेकोछ । कम्प्युटर अपरेटर, क्यामेरामेन, फोटोग्राफर, पुस्तकालय सहायक, इलेक्ट्रिसियन, अहेब, माली, सवारी चालक, स्वीपर, कार्यालय सहयोगी सहित २१ पदमा करारमा नियुक्त गरी सेवा परामर्शबाट रू.४८ लाख २१ हजार खर्च लेखेको प्रचलित कानुन अनुकुल देखिएन । | सचिवालयको स्थायी दरबन्दी अनुसारका सम्पूर्ण पदहरु पदपूर्ति हुन नसकेको र सभाको विशिष्ट कार्यप्रकृतिका कारण केही पदहरु स्थायी दरबन्दी अनुसार नभएकाले उक्त पदहरुका लागि अस्थायी दरबन्दी स्वीकृत गरी कर्मचारीहरु कार्यरत रहेको साथै माली र स्वीपर बाहेकलाई सेवा परामर्शबाट भुक्तानी नहुने गरेको देखिएकाले उक्त बेरुजुको लगत कट्टा गर्ने । |
| ५ | **पदाधिकारी लगायतको सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूलाई विभिन्न स्थानमा भ्रमण गर्दा ऐनमा तोकिए अनुसारका सुविधा दिए पछि रू.२ लाख २१ हजार खाजा खर्च, स्वास्थ्य उपचार गर्न जाँदा र आउँदाको खर्च रू. १ लाख २ हजार, प्रदेश सभासँग असम्बन्धित डेलिगेसनमा जाँदाको खर्च रू.१६ हजार लगायत प्रदेश बाहिर विभिन्न कार्यक्रममा जाँदाका खर्च भनी विभिन्न सदस्य तथा स्वकीय सचिवालयमा कार्यरत व्यक्तिहरूलाई समेत दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिने गरेको देखिएको छ । ऐनले तोकेको भन्दा बढी हुने गरी सुविधा दिन मिल्ने नदेखिएकोले यस्ता खर्च नियन्त्रण हुनुपर्दछ । | सुझाव बमोजिम खर्चहरु नियन्त्रण गर्न निर्देशन दिने । |
| ६ | **कार्यव्यवस्था परामर्श समिति -** प्रदेश सभाको बैठकमा पेस हुने विषयहरूको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढंङ्गले सञ्चालन गर्ने सम्बन्धमा र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका सदस्यहरू समावेश हुने गरी एक कार्यव्यवस्था परामर्श समिति गठन गर्न सकिने उल्लेख छ । उक्त व्यवस्था बमोजिम गठन भएको यस समितिको यस आर्थिक बर्षमा दश बैठक बसी प्रदेश सभा सञ्चालनका लागि सहजिकरणका कार्य गरेको छ । | केही गर्नु नपर्ने । |
| ७ | **विषयगत समितिहरू -** प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित बनाउन, सरकारलाई सभाप्रति उत्तरदायी एवं जवाफदेही बनाउन र सरकारले सम्पादन गरेका काम कारबाहीको अनुगमन एवं मूल्याङ्कन गरी निर्देशन तथा राय सल्लाह दिन विषयगत | प्रदेश सभा अन्तरगत रहेका विषयगत समितिहरुको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनका लागि विभिन्न निकायहरुलाई निर्देशन दिने गरेको तर त्यसको कार्यान्वयनको अवस्था सम्बन्धमा समितिबाट अनुगमन |

| | | |
|---|---|---|
| | समिति गठन गर्नसक्ने व्यवस्था अनुसार नियमावली बमोजिम विषयगत समितिहरू गठन गरिएका छन् । उक्त समितिहरुले आवश्यक निर्णय गरी सरकारलाई विभिन्न निर्देशनहरु दिएका छन् । तर उक्त समितिहरुले गरेका निर्णयहरु कार्यान्वयन अवस्थाको अनुगमन मुल्यांकन गरेको पाइएन । | मुल्यांकन हुने नगरेको पाइएकोले अब उपरान्त समितिले गरेका निर्णयको कार्यान्वयन अवस्थाको अनुगमन मुल्यांकन गर्ने व्यवस्थाका लागि निर्देशन दिने । |
| ८ | **नपाउने रकम भुक्तानी -** प्रदेश सभाले २०७६।२।२८ मा सचिवमा नियुक्ति गरेका एक व्यक्तिको उमेर नियुक्ति मितिमा नै ६० वर्ष पूरा भइसकेको र निजको राजिनामा २०७८।११।०१ मा स्वीकृत भई सेवा सुविधा वापत रू.६ लाख ८८ हजार भुक्तानी भएको सम्बन्धमा गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत औंल्याएकोमा यस बर्ष २०७८ श्रावणदेखि माघसम्मको सेवा सुविधा वापत रू.४ लाख २३ हजार भुक्तानी गरेको छ । प्रदेश मन्त्रालयका सचिवले नेपाल सरकार र मन्त्रिपरिषदको निर्णय अनुसार राजपत्र अनंङ्कित द्वितीय श्रेणीको एक कर्मचारीको थप सेवा सुविधा पाए सरह प्रदेश सभाका सचिवलाई समेत उक्त सुविधा दिएको भनी यस बर्ष रू.५७ हजार भुक्तानी दिएको समेत रू.४ लाख ८० हजार नियम विपरित भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ । | प्रदेश सभा सचिव राम सिंह धामीको एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यता प्रमाणपत्रमा जन्ममिति २०१६/११/२९ गते उल्लेख भएको र निजले २०७६/०२/२८ गते प्रदेश सभा सचिवको नियुक्ति पाएको अभिलेखबाट देखिएकोले नियुक्ति हुँदाका बखत निजलाई ६० वर्ष ननाघेको देखिन्छ । अतः निजले सुविधा वापत प्राप्त गरेको बेरुजुको लगत कट्टा गर्ने र स्वकीय सचिवको सुविधा वाफत भुक्तानी लिएको रकम रु ५७ हजार असुल उपर गर्न निर्देशन दिने । |
| ९ | **सवारी साधन सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धि ऐन, २०७५ को प्रदेश मन्त्रिपरिषद्ले अनुसूची संशोधन गरी सत्ता पक्षको सचेतक/विपक्षी दलको प्रमुख सचेतकलाई समेत सवारी सुविधा उपलब्ध गराउने निर्णय गरेता पनि ऐनको दफा ६ मा ती पदाधिकारीले सवारी सुविधा पाउने व्यवस्था छैन । यो वर्ष ती २ पदाधिकारीको लागि हलुका सवारी चालकको वार्षिक पारिश्रमिक रू.५ लाख ४ हजार र इन्धन रू.३ लाख ८४ हजारसमेत कुल रू.८ लाख ८८ हजार भुक्तानी गरेको छ । कानुनमा व्यवस्था नभएको सुविधा उपलब्ध गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ । | अब उपरान्त प्रदेश सभाका पदाधिकारीहरुका लागि सेवा सुविधा उपलब्ध गराउदा कानून बमोजिम गर्न निर्देशन दिने । |
| १० | **बैठक भत्ता -** सचिवालयको मुख्य कार्य नै कानुन निर्माण तथा तर्जुमा गर्नु हो । प्रदेश सभाबाट यस बर्ष ७ वटा विधेयक पारित भएको छ । सचिवालयको नियमित कामको लागि बैठक भत्ता भुक्तानी दिनु मनासिव देखिदैन भनी गत बर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा सुधार भएको देखिएन । | सुझाव बमोजिम सुधार गर्न निर्देशन दिने । |

<u>निकायगत बेरुजु माथिका निर्णयहरु</u> : वैठक संख्या : २७ मिति : २०८२/०३/३१

**३.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली**

<u>निर्णयहरु</u> :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस कार्यालयलाई तोकिएका २४ कार्यमध्ये अन्य मन्त्रालयहरूको नियमित सुपरिबेक्षण अनुगमन, प्रदेश मन्त्रिपरिषदका निर्णय कार्यान्वयन अवस्थाको अनुगमन मूल्याङ्कन, मानव अधिकारको संरक्षण र प्रबर्द्धन, संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सम्झौता कार्यान्वयनको अभिलेखाङ्कन लगायतका विषयहरु कार्यान्वयन भएका छैनन् । | प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा उल्लेख भए बमोजिमका कार्यजिम्मेवारीहरु कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **नीति तथा कार्यक्रम -** प्रदेश सभामा प्रस्तुत २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, चुस्त, दुरुस्त र गुणस्तरीय बनाउनका लागि अधिकृतदेखि माथिका कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरिने, नेपाल सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरी शैक्षिक अभियानमार्फत यसै आर्थिक वर्षभित्र पूर्ण साक्षर प्रदेश घोषणा गरिने, विभिन्न निकायहरूसँगको साझेदारीमा सडकमा रहेका बेसहारा, असहाय नागरिक तथा बालबालिकाहरूको उद्धार, संरक्षण र व्यवस्थापन गरिने लगायतका व्यहोरा कार्यान्वयन भएको देखिएन । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३ | **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेश सरकारको बजेट वक्तव्य २०७८।७९ मा उल्लिखित व्यहोरामध्ये यस कार्यालयसँग सम्बन्धित प्रदेश राजधानी निर्माणको कार्य अगाडि नबढेको, प्रदेशमा समायोजन भएका र नयाँ नियुक्त हुने कर्मचारीहरूको एकीकृत प्रदेश कर्मचारी सूचना व्यवस्थापन प्रणाली निर्माण नगरेको, कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको काममा प्रदेश र स्थानीय तहबाट भएका खर्च लगायत अन्य संघ | अब उपरान्त पूर्व तयारी भएका कार्यक्रमहरुको बजेट सुनिश्चितता सहित कार्यक्रम प्रस्ताव गर्न र तथ्यमा आधारित कार्ययोजना बनाएर कार्यसम्पन्न गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | संस्थाले गरेको खर्चको विवरण त्रैमासिक रुपमा जानकारी गराउने व्यवस्था कार्यान्वयनमा नल्याएको लगायत कार्यान्वयन नगरेको देखिन्छ । | |
| ४ | **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता -** सुदरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ४०क देखि ४६ मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । ऐनमा भएका व्यहोरा पूर्णपालना हुन नसकेको, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन अनुगमन गरी प्रतिवेदन तयार नगरेको लगायतका आधारमा यस कार्यालयबाट भए गरेका कार्यको वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको कार्यान्वयन पक्ष कमजोर रहेको देखियो । | मन्त्रालयबाट सम्पादित कार्यको जिम्मेवारी तथा जवाफदेहिता विभागीय मन्त्री, लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिका साथै मातहत कार्यालयहरुमा समेत सोही बमोजिम लेखा उत्तरदायी अधिकृत र आर्थिक प्रशासन प्रमुखलाई आफुले सम्पादन गरेको कार्यको वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता कायम गर्न आवश्यक कानून तथा मापदण्ड निर्धारण गर्ने साथै विनियोजन दक्षता बढाउदै अनुगमन मुल्यांकन तथा प्रतिवेदन प्रणालीलाई नतिजामा आधारित बनाउने । |
| ५ | **मध्यमकालीन खर्च संरचना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन बर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ । यस्तो खर्च संरचना बनाउँदा प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गरी आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । यस कार्यालयले उक्त व्यहोरा कार्यान्वयनमा ल्याई सकेको पाइएन । | सुझाव अनुसार गर्ने । |
| ६ | **आयोजना बैंक -** ऐनले तोके अनुसार आयोजना तयार गरी लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा तुलनात्मक रुपमा उच्च परिणाम देखिन सक्ने योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजानु पर्दछ । | अब उपरान्त पर्याप्त तयारी पुगेका लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक सामाजिक विकासमा रुपान्तरणकारी आयोजनाहरुलाई आयोजना बैकमा समावेश गरी आयोजना बैंकलाई अनिवार्य कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| ७ | **योजना तथा कार्यक्रम तर्जुमा -** योजना तर्जुमा गर्दा उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकिकरण तथा सञ्चालन गर्न सम्बन्धित तालुक निकाय लगायत सम्बद्द पक्षको ध्यान जानु पर्दछ । | |
| ८ | **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले विगतमा प्रदेश प्रमुखज्यू समक्ष पेस भएका चार प्रतिवेदनमध्ये २०७४/७५ र २०७७/७८ को लेखापरीक्षण गरी तयार गरेको वार्षिक प्रतिवेदनबाहेक अन्य प्रतिवेदन प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल गरी आवश्यक निर्देशन दिने प्रक्रिया सुरु भए पनि उल्लिखित दुई प्रतिवेदन प्रदेश सभामा पेस हुन सकेको छैन । | महालेखापरीक्षकको आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन प्रदेश सभामा हालसम्म पेस नगरेकोले यथाशिघ्र पेस गर्न निर्देशन दिने । |
| ९ | **प्रदेश राजधानी -** सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले २०७५।६।१२ मा कैलाली जिल्लाको गोदावरी नगरपालिकामा प्रदेश राजधानी राखे निर्णय गरेको देखिन्छ । राजधानी स्थापनाको लागि विस्तृत आयोजना अध्ययन प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन गर्न एक परामर्शदाता नियुक्त गरी गत बर्ष रू.८ लाख २५ हजार भुक्तानी गरेको र यस बर्ष रू.२ करोड ७२ लाख ८० हजार बजेट विनियोजन गरे पनि कुनै काम नभएकोले खर्च भएको देखिएन । राजधानी स्थापनाको निर्णय गरेको करिब ५ वर्षको समय सकिँदा पनि सो सम्बन्धी उल्लेखनीय प्रक्रिया अघि नबढ्नु मनासिव देखिदैन। | प्रदेश सभाबाट सुदूरपश्चिम प्रदेशको राजधानी कैलाली जिल्लाको गोदावरी नगरपालिकामा तोकिएको भए तापनि हालसम्म उक्त स्थानमा कुनै पनि संरचना तयार नभई धनगढीमा नै नयाँ संरचना निर्माण तथा मर्मत सम्भारमा ठुलो रकम खर्च भइरहेको देखिएकोले यथाशिघ्र तोकिएको स्थानमा संरचना निर्माण कार्य शुरु गर्न निर्देशन दिने । |
| १० | **भवन निर्माण -** खरिद सम्झौता अनुसार गुणस्तर परीक्षण गरेको देखिएन । सबै काम समयमै सम्पन्न गरी गुणस्तरयुक्त काम भएको सुनिश्चितता हुनुपर्दछ । खर्चको पुष्ट्याई हुने कागजात पेस नभएकोले खर्च नियमित देखिएन । | गुणस्तर परीक्षण भइसकेकोले गुणस्तर परीक्षणको प्रमाणपत्रको आधारमा भवन निर्माण शिर्षकको बेरुजुको लगत कट्टा गर्ने साथै चालु अनुदानको हकमा खर्च पुस्टयाई गर्ने खर्चको फाँटबारी तथा अन्य कागजात प्राप्त भईसकेकोले उक्त बेरुजुको लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| ११ | **उपचार खर्च -** बिपन्न नागरिकलाई निर्देशिका अनुसार उपचार खर्च उपलब्ध गराउने गरे पनि मन्त्री, साँसद लगायत अन्यलाई उपचार खर्च उपलब्ध गराउने व्यवस्था निर्देशिकामा नभएकोले यस्ता प्रकारको सहायता उपलब्ध गराउनु मनासिव देखिदैन । निर्देशिकाको व्यवस्था अनुसार उपचार खर्च उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ । | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १३ बमोजिम मन्त्रिपरिषद्को निर्णयानुसार उपचार खर्च भुक्तानी गरिएकाले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| १२ | **प्रदेश समन्वय परिषद -** परिषदको ३ बैठक बसेको मध्ये पछिल्लो बैठक २०७७।९।२८ मा बसेको देखिन्छ । तत् पश्चात २०७९ पुससम्म अर्थात २ बर्षको अवधिमा बैठक बसेको देखिएन । प्रदेश र स्थानीय तह बीचको सहकार्य र समन्वयलाई सरल र प्रभावकारी बनाउँदै प्रदेश र स्थानीय तहको सेवा प्रवाहलाई थप विश्वसनीय, प्रभावकारी र जनमुखी तथा समन्वयकारी बनाउन परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ । | प्रदेश समन्वय परिषद्लाई क्रियाशील बनाई प्रदेश र स्थानीय तहको सेवा प्रवाहलाई थप विश्वसनीय, प्रभावकारी र जनमुखी तथा समन्वयकारी बनाउने । |
| १३ | **दिगो विकास लक्ष्यको कार्यान्वयन -** प्रदेशस्तरमा लक्ष्य कार्यान्वयनको सम्बन्धमा निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन । प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक प्रभावकारी कार्यान्वनको लागि प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणाली कार्यान्वयनमा अनुगमन तथा प्रतिवेदन प्रणालीलाई स्वचालित, व्यवस्थित र नियमित बनाउनुपर्दछ । | प्रदेश नीति तथा योजना आयोगले उल्लेखित कार्य गर्ने गरेकाले बेरुजुको लगत कट्टा गर्ने । |
| १४ | **अनुदान -** अनुदान वितरण गर्दा तोकिएको उदेश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, वितरित अनुदानको पनि प्रभावकारीरुपमा अनुगमन र मुल्याङ्कन नहुने र सालवसाली दिएको अनुदानको एकीकृत अभिलेख नरहँदा अनुदान पाउने निकाय दोहोरिन सक्ने अवस्था छ । वितरित अनुदान रकमको उच्चतम सदुपयोग भएको छ भनी विश्वस्त हुने अवस्था छैन । बजेट वक्तव्यमा उल्लेख भए अनुसार एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गरी अनुदान दिदा उत्पादनमा वृद्धि हुने, राजस्वमा योगदान पुग्ने, रोजगारी तथा स्वरोजगारीमा वृद्धि हुने एवं लक्षित वर्गको रुपमा रहने अन्य व्यक्ति वा संस्थाले समेत सो कार्यक्रमको अनुसरण गर्ने मापदण्ड बनाई अनुदान दिने व्यवस्था हुनुपर्दछ । | वितरित अनुदान प्रदेशको उत्पादकत्व वृद्धि गर्ने, वास्तविक वर्गको पहुँच कायम हुने, बेरोजगारी समस्या समाधान गरी गरिबी न्यूनीकरणमा योगदान गर्ने सुनिश्चितता सहित अनुदान वितरण गर्न र सबै क्षेत्र समेट्ने गरी एकीकृत अनुदान नीति तथा कानून तर्जुमा गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| १५ | **संगठन र व्यवस्थापन -** स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुँदा प्रदेश सरकारको सेवा प्रवाहमा असर पर्ने हुँदा दरबन्दी अनुसार कर्मचारी पदपूर्तिमा तिव्रता दिई करारमा कर्मचारी नियुक्त गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ । | रिक्त दरबन्दी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा पठाइएकोले केही गर्नु नपर्ने । |
| १६ | **आन्तरिक नियन्त्रण -** ऐनको व्यवस्था अनुसार आर्थिक मामिला मन्त्रालयले निर्देशिका र मापदण्ड जारी गरेको देखिदैन भने प्रदेशका सबै कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू नगरेको सम्बन्धमा सोको लेखा उत्तरदायी अधिकृतबाट अनुगमन गरेको समेत देखिएन । | मन्त्रालय र मातहत निकायहरुले सम्पादन गर्ने कार्यमा कार्यप्रभावकारिता र गुणस्तरीयता कायम गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली अत्यावश्यक भएकोले यथाशिघ्र तर्जुमा गरी कार्यान्वयन गर्ने । |
| १७ | **हेलो मुख्यमन्त्री कार्यक्रम -** प्रदेशले प्राथमिकतासाथ सञ्चालन गरेको कार्यक्रममा बर्ष भरिमा गुनासो नआउनुमा सफ्टवेयरको समस्या वा माननीय मुख्यमन्त्रीज्यूसँग गुनासो गर्न सकिने व्यहोराको प्रचार प्रसारको कमीले हुन सक्ने अवस्था रहेकोले यसलाई प्रभावकारीरुपमा सञ्चालन गर्न आवश्यक देखिन्छ । | हेलो मुख्यमन्त्री सम्बन्धी वेवसाइट संचालनमा रहेको देखिएता पनि उजुरी संख्या न्यून रहेको पाइएकाले यस सम्बन्धमा सम्पूर्ण नागरिकहरुलाई जानकारीमा ल्याउने व्यवस्थाका लागि निर्देशन दिने । |
| १८ | **कार्यालय सञ्चालन -** डोटी जिल्लामा सञ्चालन गर्नुपर्ने कार्यालय कैलाली जिल्लामा सञ्चालन गरेको उचित देखिएन । भौगोलिक र प्रादेशिक सन्तुलनका लागि भनी डोटी जिल्लाका नागरिकको सहयोग र सहकार्यका लागि त्यहाँ निर्देशनालय खोल्ने निर्णय गर्ने तर अन्यत्र कार्यालय स्थापना गर्ने कार्य मनासिव देखिदैन । | अब उपरान्त कानून विपरीत निर्देशनालयका शाखा खोल्ने कार्य नियन्त्रण गर्न निर्देशन दिने । |
| १९ | **कार्य सञ्चालन कोष -** कोषमा रहेको रकम खर्च नहुने वा खर्च गर्ने अवस्था नभए प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्दछ । | कार्यालयमा कोष संचालन गरी रकम जम्मा गर्ने तर लामो समयसम्म खर्च नगर्ने कार्यलाई नियन्त्रण गरी खर्च नहुने रकम प्रदेश संचित कोषमा दाखिला गर्ने व्यवस्था गर्ने । |

<u>निकायगत बेरुजु माथिका निर्णयहरु</u> : वैठक संख्या : २३ मिति : २०८२/०१/२६

**३.४ आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली**

<u>निर्णयहरु</u> :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **नीति तथा कार्यक्रम** - यस मन्त्रालयको आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यकम पुर्णरुपमा कार्यान्वयन गर्न सकेको देखिएन । | पर्याप्त विश्लेषण र अध्ययन गरिएका योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण सहित बजेट विनियोजन गर्ने र कार्यक्रम कार्यतालिका बनाई कार्यान्वयन गर्ने । |
| २ | **बजेट कार्यान्वयन** - सुदूरपश्चिम प्रदेशको २०७८।७९ को बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरु पूर्णरुपमा कार्यान्वयन हुन सकेको पाइएन । संघीय सरकार मातहतको जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालय लगायतका कार्यालयहरूको भौतिक पूर्वाधार विकास तथा निर्माण गर्ने कार्यक्रमलाई बजेट वक्तव्यले समेटे पनि संविधानले प्रदेशको अधिकारको सूचीमा राखेका विषयको कार्यान्वयनमा प्राथमिकता दिई प्रदेश सरकारको सेवा सञ्चालन प्रभावकारी बनाउने गरी बजेटमा उल्लिखित व्यहोरा कार्यान्वयन गर्नुपर्दछ । | बजेटमा उल्लेख भएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि बजेट प्रणाली, वित्तीय व्यवस्थापन र संस्थागत तथा जनशक्तिगत क्षेत्रमा सुधार गर्ने र नियमित प्रगतिको अनुगमन मुल्यांकन गर्ने । |
| ३ | **कार्य जिम्मेवारी** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिमका कार्यमध्ये शान्ति सुरक्षा, सत्यनिरुपण, मेलमिलाप तथा बेपत्ता सम्बन्धी, साइवर अनुगमन, बौद्धिक सम्पत्ति सुरक्षा, सामुदायिक प्रहरी व्यवस्थापन तथा सञ्चालन, प्रदेश प्रहरी समायोजन, प्रदेश भित्रको गैरसरकारी संघ संस्थाको अभिलेख र समन्वय लगायतका कार्य आंशिकरुपमा कार्यान्वयन भएको पाईयो । | नियमावलीमा उल्लेख भए बमोजिमका कार्यजिम्मेवारीहरु कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **दिगो विकास** - दिगो विकाससँग सम्बन्ध राख्ने लक्ष्य प्रासिमा मन्त्रालयको प्रत्यक्ष भुमिका रहने हुँदा दिगो विकास लक्ष्य आन्तरिकीकरण गरी नीति, योजना तर्जुमा तथा कार्यान्वयन गरेको पाईएन । | दिगो विकास लक्ष्यको प्राप्तिका लागि प्रदेशगत योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटमा दिगो विकास लक्ष्य आन्तरिककीकरण गरी प्रभावकारी कार्यान्वयन गर्ने । |

| | | |
|---|---|---|
| ५ | **कानुन निर्माण -** प्रदेश प्रहरी, कृषि, पशु, उच्च शिक्षा, वन तथा वातावरण आदिसँग सम्बन्धित ३२ क्षेत्रका ऐन तथा नियमहरू तर्जुमा गरेको छैन । | आफ्नो कार्यक्षेत्र भित्र पर्ने सम्पूर्ण विषयमा ऐन, नियम तथा कार्यविधिहरु यथाशिघ्र तर्जुमा गर्ने । |
| ६ | **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता -** यस वर्ष कुल विनियोजित बजेटको ८१.१९ प्रतिशत खर्च भएकोले विनियोजन दक्षता न्यून देखिएको छ । तथ्य तथ्याङ्को विश्लेषण सहित वास्तविक आवश्यकताको आधारमा रकमान्तर र प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार प्राप्त बजेटबाट तोकिए अनुसार कार्यकम सञ्चालन गरी निर्धारित लक्ष्य हाँसिल गर्दै ऐनको व्यवस्था अनुसार तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ । | मन्त्रालयबाट सम्पादित कार्यको जिम्मेवारी तथा जवाफदेहिता विभागीय मन्त्री, लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिका साथै मातहत कार्यालयहरुमा समेत सोही बमोजिम लेखा उत्तरदायी अधिकृत र आर्थिक प्रशासन प्रमुखलाई आफुले सम्पादन गरेको कार्यको वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता कायम गर्न आवश्यक कानून तथा मापदण्ड निर्धारण गरी अनिवार्य कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **मध्यमकालीन खर्च संरचना -** बजेट खाका, वित्त खाका र नतिजा खाका सहितको मध्यमकालीन खर्च संरचना तयार गरी विनियोजन कुशलता, कार्यान्वयन दक्षता, आर्थिक अनुशासन र आर्थिक स्थायित्व कायम गर्ने कार्यमा मन्त्रालयले उल्लेखनीय कार्य गरेको पाइएन । | ऐन बमोजिम मन्त्रालयगत मध्यमकालीन खर्च संरचना अनिवार्य रुपमा तयार गरी वार्षिक बजेटको बीचमा समन्वय र सामञ्जस्यता कायम गर्ने। |
| ८ | **घर जग्गा तथा सवारी साधनको लगत -** प्रदेश सरकारले प्रयोग गरेको सरकारी घरजग्गा र सवारी साधनको लगत अद्यावधिक गरेको छैन । | घर जग्गा तथा सवारी साधनको अभिलेख राख्ने गरेकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| ९ | **गैरसरकारी संघ संस्था -** प्रदेशभित्रका गैरसरकारी संघ संस्थाको अभिलेख र समन्वय गर्ने कार्य यस मन्त्रालयको हो । प्रदेशभित्र दर्ता भई सञ्चालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, सञ्चालन, नवीकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरिसकेको छैन । | प्रदेश भित्रका गैरसरकारी संघ संस्थाहरुको दर्ता, संचालन, नवीकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली यथाशिघ्र तर्जुमा गर्न निर्देशन दिने । |
| १० | **कार्य सञ्चालन कोष मौज्दात -** भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका कार्यालयमा पठाएको रकमबाट खर्च नभई बाँकी रहेको रकम यकिन गरी कार्य सञ्चालन कोषमा जम्मा गरी आवर्ती कोषमा राख्नुपर्ने न्युनतम रू.५० लाखभन्दा बढी मौज्दात रहेको रू.१८ करोड ५४ लाख ८३ हजार कोषमै मौज्दात राख्नुपर्ने औचित्यता पुष्टि नभएको । | कार्यसंचालन कोषमा न्यूनतम आवश्यकता भन्दा बढी मौज्दात देखिएको रकम संचित कोषमा दाखिला गरी लगत कट्टा गर्ने । |
| १०.१ | मन्त्रालयको लेखापरीक्षण समयसम्म उक्त रकमबाट भएको खर्चको लेखापरीक्षण प्रतिवेदन, खर्चको फाँटवारी लगायत खर्च पुष्टि हुने कागजात प्राप्त भएको छैन । | लेखापरीक्षण कार्य सम्पन्न भईसकेकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| १०.२ | आन्तरिक मामिला तथा कानुन मन्त्रालयलले सुदूरपश्चिम प्रदेश स्थित ९ प्रदेश लेखा ईकाइ कार्यालयमा स्थापना भएका जिल्ला विपद् व्यवस्थापन कोषमा रू.४ करोड ५ लाख निकासा दिंदा लेखापरीक्षण गराई खर्चका फाँटवारी यस मन्त्रालयमा पठाउनु पर्ने गरी निकासा पठाएकोमा मन्त्रालयको २०७८।७९ को लेखापरीक्षण अवधि सम्म तोकिए बमोजिम लेखापरीक्षण प्रतिवेदन र खर्चका फाँटवारी प्राप्त गरेको देखिएन । | खर्चको फाँटबारी र लेखापरीक्षण प्रतिवेदन पेस गरेकाले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| ११ | **कारागार कार्यालयलाई अनुदान** - नौ जिल्लाका कारागार कार्यालयमा रहेका कैदीबन्दीहरूको लागि तालीम दिन चालुतर्फ रू. ४० लाख ५० हजार अनुदान निकासा दिएकोमा ४ कारागार कार्यालयको विवरण प्राप्त भई बाँकी ५ कार्यालयको रू. २० लाख ५० हजारको तथा पूँजीगततर्फ भवन मर्मत सम्भार गर्न ५ जिल्लाको लागि दिएको रू. ४५ लाख गरी जम्मा रू.६५ लाख ५० हजारको सम्बन्धित कार्यालयबाट खर्चको फाँटवारी र लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा पेस भएको छैन । | कारागार कार्यालयहरुका कैदीबन्दीहरुको लागि तालिम दिन र कारागार कार्यालयहरुको भवन मर्मत सम्भार वापत खर्च भएको रकमको लेखापरीक्षण प्रतिवेदन र खर्चको फाँटबारी प्राप्त भएकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| १२ | **कोभिड कोष** - निर्देशिका बमोजिम स्थापित यस कोषको सञ्चालन तथा व्यवस्थापन कार्य यस मन्त्रालयको भए पनि कोभिड- १९ रोग सम्बन्धी विज्ञ जनशक्ति मन्त्रालयमा नरहेकोले कोभिड-१९ सम्बन्धी कार्यका लागि भएको खर्चको व्यवस्थापन प्रभावकारी रुपमा भएको छ भन्ने अवस्था रहेन । | कोभिड-१९ कोष को संचालन तथा व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालयलाई जिम्मेवारी तोक्ने व्यवस्था मिलाउने । |
| १२.१ | सुदूरपश्चिम क्षेत्रीय प्रहरी अस्पताल, दिपायललाई कोभिड-१९ व्यवस्थापनका लागि जेनेरेटर लगायतका उपकरण खरिद गर्ने प्रयोजनका लागि रू. १० लाख निकासा गरेकोमा अस्पतालबाट उक्त रकम खर्च गरेको विवरण तथा लेखापरीक्षण प्रतिवेदन तथा खर्च पुष्टी हुने आवश्यक कागजात मन्त्रालयलाई प्राप्त भएको छैन । | सुदूरपश्चिम क्षेत्रीय प्रहरी अस्पताल, दिपायलले कोभिड-१९ व्यवस्थापनका लागि जेनेरेटर लगायतका उपकरण खरिद गरेको सम्बन्धी लेखापरीक्षण प्रतिवेदन र खर्चको फाँटबारी उपसमितिमा पेस गरेकाले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| १३ | **मुख्यालय भवन निर्माण** - प्रदेश प्रहरीको स्थापना तथा सञ्चालनको आवश्यक कानुन निर्माण नहुँदै मुख्यालय भवन निर्माणको लागि रू.३५ करोड २९ लाख ९५ हजार बजेट व्यवस्थापन गरी आठौं रनिङ्ग बिलसम्मको कुल रू.१४ करोड ३९ लाख ५७ हजार भुक्तानी गरेको छ । मुख्यालय भवन निर्माण हुने स्थानको जग्गाको स्वामित्व प्रदेश सरकार मातहत नरहेको तथा भवन निर्माण योजना कार्यान्वयन गर्न दक्ष प्राविधिक जनशक्ति उपलब्ध नभएको यस मन्त्रालयले कार्य सञ्चालन स्तरमा गर्नुपर्ने कामहरू मन्त्रालय नै संलग्न भई गर्नु मनासिव देखिदैन । | अब उपरान्त प्रदेश सरकार मातहत नरहेका निकायहरुको संरचना निर्माण गर्दा घरजग्गा प्रदेश सरकार मातहत लिई मात्र कार्य संचालन गर्ने र भवन निर्माण जस्ता कार्यहरु सम्पन्न गर्दा प्रदेश सरकारको शहरी विकास तथा भवन कार्यालय मार्फत सम्पन्न गर्ने व्यवस्था मिलाउने । |

| | | |
|---|---|---|
| १४ | **अनुदान** - मन्त्रालयले प्रदेश अन्तर्गतका ९ जिल्लाका ३३ एफ.एम.लाई क्षमता विकासको लागि रू. २५ लाख अनुदान दिएकोमा सो को अनुगमन मूल्याङ्कन प्रतिवेदन नरहेकोले अनुदानको प्रभावकारिता तथा उपयोगिता सम्बन्धमा यकीन हुन सकिएन । निश्चित मापदण्ड र कार्यविधि बमोजिम अनुदान दिने र सो को प्रतिफल सूचक सहितको अनुगमन मुल्याङ्कन हुनुपर्दछ । | मन्त्रालयबाट ९ जिल्लाका ३३ एफ.एम.हरुलाई क्षमता विकासको लागि उपलब्ध गराइएको रु २५ लाख अनुदान सम्बन्धी अनुगमन मुल्यांकन प्रतिवेदन पेस गरी लगत कट्टा गर्ने। |

<u>निकायगत बेरुजु माथिका निर्णयहरु</u> : **वैठक संख्या : २२** **मिति** : २०८२/०१/२२

## ३.५ आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**<u>निर्णयहरु</u>** :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य विभाजन नियमावलीको कार्यान्वयन** - सुदूरपश्चिम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची ३ मा तोकिएका सम्पूर्ण विषयमा आवश्यक नीति र कानुन तर्जुमा गरी कार्यान्वयन गरेको छैन । | सुदूरपश्चिम प्रदेश सरकार कार्यविभाजन नियमावलीमा तोकिए बमोजिमका सम्पूर्ण कार्यजिम्मेवारीहरु र निर्माण गर्न बाँकी रहेका नीति र कानूनहरु यथाशिघ्र तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । |
| २ | **कानुन तर्जुमा** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २ बमोजिम कार्यसम्पादन गर्न गत विगत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् छ । आवश्यक सम्पूर्ण ऐन, कानुन तथा नीति तर्जुमा गरी मन्त्रालयको काम कारबाहीलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ३ | **आयव्यय स्थिति** - गत वर्षको मौज्दात, राजश्व बाँडफाँट, प्रदेश राजश्व र संघीय सरकारको अनुदान समेत यो वर्ष कुल रू.३० अर्ब ७६ करोड ५८ लाख ७० हजार प्राप्त भएको देखिन्छ । उक्त रकमबाट रू.८ अर्ब ९२ करोड ५३ लाख चालु र रू. ११ अर्ब | केही गर्नु नपर्ने । |

| | | |
|---|---|---|
| | ९५ करोड २० लाख ५९ हजार पुँजीगत खर्चसमेत कुल रू.२० अर्ब ८७ करोड ७३ लाख ५९ हजार खर्च भई संघीय सरकारलाई अनुदान फिर्ता पठाएको रू.२ अर्ब ४२ करोड १२ लाख ५५ हजार घटाउदा रू.७ अर्ब ४६ करोड ७२ लाख ५६ हजार वचत रहन गएको छ । | |
| ४ | **बजेट कार्यान्वयन -** विगतका चार वर्षमा औसतमा करिब ६२.९१ प्रतिशत खर्च भएको छ । बजेट अनुमान कै हाराहारीमा आय प्राप्त भएको तर खर्च न्यून भएको कारण प्रत्येक वर्ष उल्लेख्य रकम वचत रहेको छ । खर्च गर्ने दक्षता वृद्धि नभएको कारण बजेट यथार्थमा आधारित भएको देखिएन । | स्वीकृत वार्षिक बजेट बमोजिमको रकम खर्च गर्न नसक्दा प्रत्येक वर्ष उल्लेख्य रकम बचत हुने गरेको सन्दर्भमा अब उपरान्त स्रोत साधन, जनशक्तिको उपलब्धता, दक्षता र कार्यान्वयनयोग्यताको विस्तृत मुल्यांकन गरी योजना वैंकमा समावेश भएका योजनाहरुका लागि मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गर्न नीतिगत तथा व्यवहारगत सुधार गर्न निर्देशन दिने । |
| ५ | **संघीय अनुदान -** प्रदेश सरकारले संघीय अनुदानबाट प्राप्त रकमका साथै स्वीकृत बजेट समेत खर्च गर्न नसकेको देखिँदा कार्यसम्पादनस्तरमा सुधार गरी खर्चको दक्षता अभिवृद्धि गर्नुपर्ने र समयमै अनुदान फिर्ता गरी ऐनको पालन गर्नुपर्दछ । | |
| ६ | **नीति तथा कार्यक्रम कार्यान्वयन -** सुदूरपश्चिम प्रदेशको आ.व. २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रममा उद्घोष भएका विभिन्न कार्यक्रमहरु बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गरेको छैन । | अब उपरान्त सरकारका नीति तथा कार्यक्रम र वार्षिक बजेट बिच तादाम्यता कायम गर्ने व्यवस्था अनिवार्य लागु गर्ने । |
| ७ | **बजेट तथा कार्यक्रमको मूल्याङ्कन -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मुल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले अर्धवार्षिक र वार्षिकरुपमा राजश्व, वैदेशिक अनुदान एवं ऋणको प्राप्ति र परिचालन प्रदेश सरकारका नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था समेत देखिने विवरण आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था अनुसार सबै मन्त्रालयको खर्च र भौतिक प्रगतिको मूल्यांकन गरी वार्षिक प्रतिवेदन सार्वजनिकीकरण गरेको छैन । | प्रत्येक वर्ष कार्तिकमसान्तभित्र मन्त्रालयले वार्षिक प्रतिवेदन सार्वजनिकीकरण गर्ने गरेकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| ८ | **रकमान्तर -** वार्षिक नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका क्रियाकलापलाई मन्त्रालयले कार्यक्रममा समावेश गरेपछि सोअनुसार कार्यान्वयन गर्नुपर्नेमा तदनुसार नगरी निश्चित आधार बेगर मन्त्रालय स्वयमले पटक-पटक रकमान्तर गर्नु औचित्यपूर्ण देखिएन । | रकमान्तर कार्यलाई आवश्यता र औचित्यका आधारमा गर्ने, पुष्टयाई बेगर पटके र पहुँचको भरमा बजेट थपघट नगर्ने साथै रकमान्तर गरेको बजेटको प्रभावकारी कार्यान्वयनका लागि समयसीमा निर्धारण गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | वर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने तथा पुष्ट्याई बेगर पटके र पहुँचको भरमा बजेट थपघट गरी विभिन्न कार्यक्रममा रकमान्तर गर्दा बजेट कार्यान्वयन चरणको समयावधिको कारणले खर्चको उपलब्धी सार्थक हुन सक्ने देखिंदैन । | |
| ९ | **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता -** यो वर्ष मन्त्रालयलाई रू.३१ करोड ७८ लाख ६४ हजार बजेट विनियोजनमध्ये रू. १२ करोड ६५ लाख १ हजार अर्थात ३९.७९ प्रतिशत खर्च भएको छ । त्यस्तै अर्थ विविध अन्तर्गत भैपरी आउने विकास कार्यक्रम तर्फ रू.१ अर्ब ५६ करोड ९१ लाख बजेट विनियोजन भएकोमा खर्च भएको छैन । | विस्तृत अध्ययन गरी आयोजना बैंकमा समावेश भएका योजनाहरुका लागि बजेट विनियोजन गर्ने र योजनाको कार्यान्वयनको सन्दर्भमा संस्थागत तथा जनशक्तिगत क्षमता, दक्षता तथा आवश्यक जनशक्तिको उपलब्धता सुनिश्चित गरी कार्यान्वयन गर्ने साथै कार्यान्वयन गर्ने निकाय तथा पदाधिकारीलाई जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाउन नियामक निकायहरुबाट निरन्तर अनुगमन मुल्यांकन गर्ने, विकास कार्यलाई नागरिक सहभागितामुलक बनाउने, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायतका कार्यहरुका लागि कानूनी व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने । |
| १० | **बजेट अवण्डा -** मन्त्रालयले एकमुष्ट भैपरी आउने विकास कार्यक्रम उल्लेख गरी रू.१ अर्ब ४० करोड सुरु बजेट विनियोजन गरेकोमा रकमान्तर गरी रू. १ अर्ब ५६ करोड ९१ लाख अन्तिम बजेट कायम गरी रकम मन्त्रालयमा नै राखेकोमा वर्षान्तसम्म खर्च गरेको छैन । प्रदेश सरकारका विभिन्न पूर्वाधारजन्य कार्यक्रम स्वीकृत गरेर कार्ययोजना बनाई समयमा नै कार्य सम्पादन गरी लक्षित वर्गमा प्रतिफल पुऱ्याउने कार्य गर्नुपर्नेमा मन्त्रालयमा नै बजेट राखी खर्च नगरेको औचित्यपूर्ण देखिएन । | बजेट अबण्डा राख्ने कार्य हाल नियन्त्रण भईसकेकोले केही गर्नु नपर्ने । |
| ११ | **स्थानीय तहमा वित्तीय हस्तान्तरण -** मन्त्रालयले पालिकालाई दिएको निकासा पालिकाले गरेको खर्च र खर्च नभई बाँकी रकम छुट्टा छुट्टै देखाउनु पर्नेमा निकासा फिर्ता भएको रकम खर्चबाट घटाई प्रस्तुत गरेको कारण पालिकाहरूबाट भएको फिर्ताको अवस्था यकिन गर्न सकिएन । | हाल स्थानीय तहहरुमा भएको वित्तीय हस्तान्तरण सम्बन्धमा सम्पूर्ण विवरणहरु समयमै अद्यावधिक गर्ने गरिएकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| १२ | **कार्यक्रम कार्यान्वयन -** सुदूरपश्चिम प्रदेशको आ.व. २०७८।७९ को वार्षिक बजेटमा समावेश भएका विभिन्न कार्यक्रमहरु कार्यान्वयन भएका छैनन् । | विषयगत मन्त्रालयहरुले कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्ने गरेकोले केही गर्नु नपर्ने । |
| १३ | **मध्यमकालीन खर्च संरचना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ बमोजिम मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरेको छैन । मन्त्रालयबाट तयार गरी कार्यान्वयनमा लगिने सबै योजनालाई प्रदेशको आवश्यकता अनुसार आर्थिक, सामाजिक विकासमा प्रभावकारी परिणाम देखिने गरी कार्यान्वयनमा लैजाने र सो अनुसार कार्यान्वयन भए नभएको प्रभावकारी अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ । | दिइएको सुझाव अनुसार सुधार गर्ने । |
| १४ | **आयोजनाको वर्गिकरण र आयोजना बैंक -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १५ (क) मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गिकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेश स्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनुपर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसारको कार्य मन्त्रालयबाट भएको देखिएन। | सुझाव अनुसार पूर्ण रुपमा कार्यान्वयन गर्न स्रोत साधन तथा दरबन्दी अनुसारका जनशक्तिको व्यवस्था गर्ने । |
| १५ | **योजना तथा कार्यक्रम तर्जुमा -** उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित मन्त्रालय र कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । | सुझावको कार्यान्वयन गर्ने । |
| १६ | **कार्यसम्पादन करार** - प्रदेश सरकारको २०७८।७९ को बजेटमा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ । उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएता पनि सो अनुसार कार्यसम्पादन करार भएको छैन । | विभागीय प्रमुख, सचिव, महाशाखा प्रमुख, कार्यालय प्रमुख लगायत सम्पूर्ण जिम्मेवार व्यक्तिको कानून बमोजिम कार्यसम्पादन करार गर्ने र सम्झौता बमोजिमका लक्ष्य निर्धारण गर्न करार अवधिभर सरुवा नगर्ने व्यवस्था मिलाउने । |

| | | |
|---|---|---|
| १७ | **राजश्वको लेखाङ्कन र आधार -** यो वर्ष प्रदेश विभाज्य कोषमा जम्मा भएको सवारी साधन कर रू.५६ करोड ४४ लाख ५२ हजार विभाजन गरी प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर गरेको छ। त्यस्तै प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार रू.९ अर्ब २२ करोड ६८ लाख ४५ हजार आय अनुमान (संशोधित) भएकोमा रू.९ अर्ब ४४ करोड ९४ लाख २ हजार अर्थात अनुमानको १०२.४१ प्रतिशत राजश्व प्राप्त भएको छ। | केही गर्नु नपर्ने । |
| १८ | **घर जग्गा तथा सवारी साधनको लगत -** मन्त्रालयले कानुनी व्यवस्था अनुसार सरकारी घरजग्गा र सवारी साधनको लगत देखिने गरी अभिलेख व्यवस्थित गरेको छैन । | घर जग्गा तथा सवारी साधनको लगत अद्यावधिक गरिसकेकोले उल्लेखित बेरुजु लगत कट्टा गर्ने । |
| १९ | **सम्पतिको एकीकृत विवरण -** संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य नभएको व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत छ । | प्रदेश लेखा नियन्त्रक कार्यालयले एकीकृत विवरण अद्यावधिक गरी राखेकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| २० | **दिगो विकास लक्ष्यको कार्यान्वयन -** राष्ट्रिय लक्ष्य गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रवन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने उल्लेख भएकोमा प्रदेशस्तरमा लक्ष्य कार्यान्वयनको सम्बन्धमा निर्देशक तथा समन्वय समिति गठन भएको छैन । प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकको प्रभावकारी कार्यान्वनको लागि आवश्यक समिति गठन गरी प्रादेशिक अनुगमन तथा मुल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणाली कार्यान्वयनमा ल्याउनु पर्दछ । | प्रदेश नीति तथा योजना आयोगको गठन पश्चात उक्त कार्य प्रदेश नीति तथा योजना आयोगले गर्ने गरेकाले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| | **प्रदेश लेखा नियन्त्रक कार्यालय** | |
| २१ | ........................ | |

| | | |
|---|---|---|
| २१.१ | सुदूरपश्चिम प्रदेश सरकारको यो बर्षको सञ्चित कोष हिसाबको आयतर्फ गत बर्षको वचत समेत रू.३० अर्ब ७६ करोड ५९ लाखमध्ये खर्च रू.२० अर्ब ८७ करोड ७३ लाख ५९ हजार र संघीय सञ्चित कोषमा फिर्ता भएको रू.२ अर्ब ४२ करोड १२ लाख ५५ हजार घटाउँदा कोषको मौज्दात रू.७ अर्ब ४६ करोड ७२ लाख ५६ हजार देखिन्छ । | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागु भए पश्चात स्थिर सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको, प्रदेशमा लगती राजस्व नहुने र हसवली राजस्व मात्र हुने भएकाले सो सम्बन्धी विवरण अद्यावधिक गर्ने गरेको देखिएकोले उल्लेखित बेरुजु लगत कट्टा गर्ने । |
| २१.२ | प्रदेश लेखा नियन्त्रक कार्यालयले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक आर्थिक विवरण तयार गरेता पनि म.ले.प.फा.न.२७१ को ढाँचामा तयार गरेको देखिएन । साथै बजेट तुलनात्मक विवरण र सबै लेखा नीति तथा टिप्पणीहरू प्रतिवेदनमा समावेश छैनन् । | |
| २१.३ | प्रदेश अन्तर्गतको स्थिर सम्पत्तिको मूल्याङ्कन सहितको सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन गरेको छैन । | |
| २१.४ | प्रदेश सरकारको मन्त्रालयगत राजस्व आम्दानीको विवरण अनुसार रू. १० अर्ब १७ करोड ८३ लाख राजस्व आम्दानी भएकोमा प्रदेश सञ्चित कोषमा रू.९ अर्ब ४४ करोड ९४ लाख र प्रदेश विभाज्य कोषमा रू.७२ करोड ८८ लाख आम्दानी बाँधिएको छ। | |
| २१.५ | प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सच्चित कोषको एकीकृत आर्थिक विवरण अनुसार कर तथा गैर कर राजस्व रू.९ अर्ब ४४ करोड ९४ लाख प्राप्त भएको छ । प्राप्त रकममध्ये लगती तथा हसवली राजस्व यकिन गरी सोही अनुसार लेखा अद्यावधिक गर्नुपर्दछ । | |
| २१.६ | आर्थिक वर्ष २०७७।७८ को वर्षान्तमा प्रदेश सञ्चित कोषमा रू.६ अर्ब १४ करोड ५ लाख ५४ हजार मौज्दात कायम गरेकोमा संघीय सरकारबाट आर्थिक बर्ष २०७७।७८ को राजश्व बाँडफाँट भई प्राप्त हुने रोयल्टी रकम रू.४ करोड २ लाख २१ हजार र आषाढ २१ देखि ३१ सम्मको मुल्य अभिवृद्धि कर र अन्तःशुल्क रकम रू.४२ करोड ३ लाख ४३ हजार समेत रू.४६ करोड ५ लाख ६४ हजार प्रदेश राजस्व व्यवस्थापन सूचना प्रणाली (रिम्स) मा २०७८।७९ मा प्रविष्टि भएकोले सो रकम र आकस्मिक कोषको मौज्दात रकम रू.५० लाख घटाएर गत आर्थिक वर्षको छुट आम्दानी रकम रू. ११ लाख ३३ हजार थप गरी खुद मौज्दात रू.५ अर्ब ६७ करोड ६१ लाख २३ हजार कायम गरिएको छ । | |

| | | |
|---|---|---|
| २२ | **आन्तरिक लेखापरीक्षण -** सबै कार्यालयको चौमासिक लेखापरीक्षण गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरी आर्थिक वर्षको समाप्ति पश्चात् एकैपटक आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन दिएको छ । प्रदेश अन्तर्गतका ९ जिल्लास्थित कार्यालयहरूको आन्तरिक लेखापरीक्षणबाट जम्मा रू.२९ करोड ४४ लाख ४२ हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म सम्पूर्ण बेरुजु नियमानुसार फस्र्यौट तथा सम्परीक्षण भएको देखिएन । | आन्तरिक लेखापरीक्षण कार्यलाई नियमित गर्ने र देखिएका बेरुजु तथा दिइएका सुझावहरु अन्तिम लेखापरीक्षण अवधिसम्म अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गर्ने । |
| २३ | **सफ्टवेयरमा पहुँच -** प्रदेश लेखा नियन्त्रक कार्यालय, कैलालीले कैलाली जिल्लाको कारोबारका लागि मात्र उल्लिखित कम्प्युटरकृत प्रणालीमा पहुँच लिइ कारोबार गरेको जानकारी हुन आयो । प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखा राखे र प्रतिवेदन गर्ने प्रयोजनका लागि प्रदेश अन्तर्गतका सबै जिल्लाको सूचनामा पहुँच राखी समयमै प्रदेश सरकारमा प्रतिवेदन बुझाउँनु पर्दछ । | प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखा राख्ने र प्रतिवेदन गर्ने प्रयोजनका लागि प्रदेश अन्तरगतका सबै जिल्लामा कम्प्युटरकृत प्रणाली लागु भइसकेकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| २४ | **चौमासिक खर्च -** सुदूरपश्चिम प्रदेशको समग्र चौमासिक खर्चको तथ्याङ्क अनुसार चालु तथा पूँजीगततर्फ प्रथम चौमासिकमा ९.५५ प्रतिशत, दोस्रो चौमासिकमा २५.४४ प्रतिशत तथा तेस्रो चौमासिकमा ६४.९९ प्रतिशत खर्च भएको देखिएकोले सञ्चित कोषमा तेस्रो चौमासिकमा खर्चको भार परेको । | अब उपरान्त चौमासिक लक्ष्य अनुरुप खर्च गर्न आवश्यक पर्ने स्रोत साधन तथा जनशक्तिको व्यवस्थापन गर्न निर्देशन दिने । |
| २५ | **धरौटी** - धरौटीको एकीकृत वित्तीय विवरण अनुसार गत वर्षको जिम्मेवारी रू. १ अर्ब ८२ करोड ५९ लाख २ हजार र यस वर्षको रू.४९ करोड ३६ लाख ८६ हजार समेत रू.२ अर्ब ३१ करोड ९५ लाख दद हजार आम्दानी भई फिर्ता तथा सदरस्याहा समेत रू.३७ करोड ७२ लाख ३१ हजार खर्च गरी रू. १ अर्ब ९४ करोड २३ लाख ५६ हजार मौज्दात रहेको छ । | केही गर्नु नपर्ने । |
| २६ | **कार्यसञ्चालन कोष -** प्रदेश अन्तर्गत ९ जिल्लाका ९१ कार्यालयमा कार्यसञ्चालन कोष रहेकोमा गत वर्षको जिम्मेवारी रू.२३ करोड ९ लाख ६२ हजार र यो वर्ष रू. १ अर्ब २ करोड ३९ लाख ९८ हजार समेत रू. १ अर्ब २५ करोड ४९ लाख ६० हजार आम्दानी भएकोमा रू.८१ करोड ७ लाख ३० हजार खर्च भई रू. ४४ करोड ४२ लाख २९ हजार मौज्दात रहेको छ । | केही गर्नु नपर्ने । |

| | | |
|---|---|---|
| २७ | **सञ्चित कोषबाट व्यय -** चालुतर्फ रू. ८ अर्ब ९२ करोड ५२ लाख ९९ हजार रहेकोमा पारिश्रमिक तथा सुविधामा रू.१ अर्ब ४२ करोड ४७ लाख २७ हजार, अनुदानतर्फ रू.१ अर्ब ९५ करोड ७८ लाख ४७ हजार तथा सामाजिक सुरक्षामा रू. १८ करोड ५५ लाख ७३ हजार खर्च भएको छ भने पुँजीगततर्फ रू. ११ अर्ब ९५ करोड २० लाख अर्थात् कुल बजेट खर्चको ५७.२५ प्रतिशत खर्च भएको छ । चालु खर्चलाई निश्चित सीमामा राखी पुँजीगत खर्च वृद्धि गरेर प्रदेश सरकारको पूर्वाधार तथा पुँजी निर्माणमा प्रभावकारिता ल्याउनुपर्दछ । | चालु खर्चमा नियन्त्रण गरी पुँजीगत खर्च वृद्धि गर्ने व्यवस्थाका लागि निर्देशन दिने । |
| | **सुदूरपश्चिम प्रदेश स्वरोजगार कोष** | |
| २८ | **कोषको परिचालन -** सुदूरपश्चिम प्रदेश स्वरोजगार कोषमा जम्मा भएको रकममध्ये रू. १५ करोड बाणिज्य बैंकमा यथावत् राखी कृषि विकास बैंक लिमिटेडमा २०७९।१।२७ देखि १०.०३ प्रतिशत ब्याजदरमा रू.६० करोड र नेपाल बैंक लिमिटेडमा २०७९।१।२६ देखि रू. २५ करोड रकम १०.०३ प्रतिशत ब्याज दरमा रू. २५ करोड ३ महिने अवधिको मुद्दती निक्षेपमा राखेको छ । गत वर्षको प्रतिवेदनमा प्रयोग नभएको रकम सञ्चित कोष दाखिला गर्नुपर्ने व्यहोरा औंल्याएकोमा यस वर्ष मुद्दती खातामा रकम राखे बाहेक अन्य कार्य सञ्चालन गरेको छैन । | सुझाव बमोजिम गर्ने । |
| २९ | **कोष सञ्चालन कार्यविधि -** अस्थायी दरबन्दी स्वीकृत भएता पनि पदपूर्ति गर्न नसकेको एवं स्वरोजगार कोष कार्य सञ्चालन नियमावली, सीप विकास कार्यक्रम सञ्चालन कार्यविधि, आन्तरिक कर्जा अभिलेख प्रणालीको विकास, थोक कर्जा प्रवाह गर्ने संस्था छनौटको मापदण्ड निर्माण लगायत कोष सञ्चालनका लागि आवश्यक पर्ने कार्यविधि एवं मापदण्ड निर्माण हुन सकेको छैन । कोष स्थापना भएको चार वर्षसम्म कोष सञ्चालनका लागि आवश्यक कार्यविधि एवं मापदण्ड तर्जुमा नहुँदा कोषमा रहेको मौज्दात उद्देश्य अनुरुपको कार्यमा प्रयोग हुन सकेको छैन । | अब उपरान्त कोष संचालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड निर्माण गर्ने साथै उद्देश्य अनुरुप कोषको सदुपयोग गरी प्रभावकारिता अभिवृद्धि गर्ने । |

निकायगत बेरुजु माथिका निर्णयहरु : वैठक संख्या : २९, ३१ मिति : २०८२/०४/०१, ०५/०२

## ३.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

निर्णयहरु :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी** - सुदूरपश्चिम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम तोकिएका सम्पूर्ण कार्यहरु गरेको पाइएन । | प्रदेश सरकार कार्यविभाजन नियमावलीमा तोकिएका सम्पूर्ण कार्यहरु कार्यान्वयन कार्यतालिका बनाई यथासमयमा कार्यान्वयन गर्न निर्देशन दिने। |
| २ | **बजेट कार्यान्वयन** - प्रदेश सरकारको आ.व. २०७८।७९ को बजेट वक्तव्यमा उल्लेखित मन्त्रालयसँग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु कार्यान्वयन भएको छैन । | अब उपरान्त कार्यान्वयनयोग्य योजना तथा कार्यक्रमलाई मात्र बजेट वक्तव्यमा समावेश गरी उल्लेखित सम्पूर्ण कार्यक्रमहरुलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |
| ३ | **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश सभामा प्रस्तुत प्रदेशको २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रममध्ये यस मन्त्रालयसँग सम्बन्धित प्रादेशिक उद्योग, वाणिज्य तथा आपूर्ति र खानी उद्योग सम्बन्धी नीतिहरू तर्जुमा, खाद्यान्न भण्डारण केन्द्रको स्थापना, प्रदेशका विभिन्न जिल्लामा रहेका धार्मिक क्षेत्रहरू उग्रतारा, शिवपुरीधाम, गोदावरी, शैलेश्वरी, देवतालधाम, परशुराम धाम, भम्केनी धाम, बडिकेदार, बैद्यनाथ धाम, पाताल भुमेश्वर, मालिकार्जुन, सुर्माभवानी लगायत स्थान समेटी धार्मिक पर्यटकीय सर्किट निर्माणका लागि सम्भाव्यता अध्ययन लगायतका कार्य भएको देखिएन। | सरकारले वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा पर्याप्त तयारी पुगेका योजनाहरुको लाभ, लागत तथा प्रभावको विश्लेषण गरी कार्यान्वयनयोग्य आयोजनाहरु मात्र नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **अनुगमन मूल्याङ्कन** - अनुगमन मूल्याङ्कनबाट कार्यकम सञ्चालन एवं सेवा प्रवाहमा देखिएका कमी कमजोरी पहिचान गरी आगामी बर्ष सञ्चालन गरिने कार्यक्रमका लागि सुधार गर्नुपर्ने व्यहोरा उल्लेख गरी राख्नु पर्नेमा भ्रमण खर्च फस्यौंट प्रयोजनका लागि मात्र भ्रमण प्रतिवेदन लिनेदिने कार्य भएको देखियो । | सुझाव बमोजिम सुधार गर्ने । |
| ५ | **कार्यक्रमा दोहोरोपना** - यस मन्त्रालय र मातहत कार्यालयले गर्ने जस्तै मठ मन्दिर निर्माण र मर्मत सुधारका कार्य संघ र स्थानीय तहले पनि गर्ने गरेका छन् । यस्तो | संघ, प्रदेश र स्थानीय तहको कार्यक्रम तथा योजनामा हुने दोहोरोपना न्यूनीकरणका लागि तिनै तहबीच आपसी सहकार्य र समन्वय गर्दै योजना |

| | | |
|---|---|---|
| | प्रकारले काम गर्दा एउटै कामका लागि तीनै तहका सरकारबाट बजेट तथा कार्यक्रमको व्यवस्था भई खर्च हुने अवस्था रहन्छ । यस्तो अवस्था नआउनका लागि मन्त्रालयले संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्यका लागि पहल गर्नुपर्दछ । | तथा कार्यक्रम तर्जुमा पूर्व समन्वयकारी संरचनाहरुलाई क्रियाशील गराई योजना तथा कार्यक्रममा प्रभावकारीता हासिल गर्न निर्देशन दिने । |
| ६ | **तीनै तहबाट एकै प्रकृतिका कार्यक्रम -** श्रम, शिक्षा, कृषि, पशु, युवा, सहकारी जस्ता निकायहरूले सरोकारवालालाई दिने तालिम कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहबाट समानान्तर रुपमा सञ्चालन भएको देखियो । त्यसैगरी मठमन्दिर निर्माण र मर्मत सुधारका कार्य पनि संघ र स्थानीय तहले समेत गर्ने गरेका छन् । | सुझाव बमोजिम कार्यान्वयन गर्ने । |
| ७ | **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता -** मातहतका निकायबाट पूर्णरुपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा सुरु विनियोजित बजेटको ८०.८२ प्रतिशत र अन्तिम कायम बजेटको ७६.५४ प्रतिशतमात्र खर्च भएकोले विनियोजन दक्षता न्यून देखिएको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार प्राप्त बजेट रकमबाट तोकिए अनुसार कार्यकम सञ्चालन गरी निर्धारित लक्ष्य हाँसिल गर्दै ऐनको व्यवस्था अनुसार तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ । | मन्त्रालयबाट सम्पादित कार्यको जिम्मेवारी तथा जवाफदेहिता विभागीय मन्त्री, लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिका साथै मातहत कार्यालयहरुमा समेत सोही बमोजिम लेखा उत्तरदायी अधिकृत र आर्थिक प्रशासन प्रमुखलाई आफुले सम्पादन गरेको कार्यको वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता कायम गर्न आवश्यक कानून तथा मापदण्ड निर्धारण गरी अनिवार्य कार्यान्वयन गर्ने । |
| ८ | **मध्यमकालीन खर्च संरचना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ५(१) मा प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन बर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था बमोजिम प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकिकरण गरी आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यहोरा कार्यान्वयनमा ल्याई सकेको पाइएन। | सुझावको अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |
| ९ | **आयोजनाको वर्गिकरण र आयोजना बैंक -** प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गिकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेशस्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको | अब उपरान्त पर्याप्त तयारी पुगेका लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक सामाजिक विकासमा रुपान्तरणकारी योजनाहरुलाई |

| | | |
|---|---|---|
| | मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्ने व्यवस्था मन्त्रालयबाट कार्यान्वयन नहुनु मनासिव देखिएन । | आयोजना वैंकमा समावेश गरी आयोजना वैंकलाई अनिवार्य कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| १० | **योजना तथा कार्यक्रम तर्जुमा -** उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन् भन्न सकिने अवस्था देखिदैन। | सुझावको अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |
| ११ | **कार्यसम्पादन करार -** प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं २३२ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ । उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भए पनि मन्त्रालयमा उक्त व्यहोराको कार्यान्वयन भएको पाइएन । | अब उपरान्त कर्मचारीहरुको कार्यसम्पादनमा प्रभावकारिताका लागि नियमानुसार अनिवार्य रुपमा कार्य सम्पादन करार गर्न निर्देशन दिने । |
| १२ | **प्रगति विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । मन्त्रालयले यस वर्ष रू.२ अर्ब २५ करोड ९७ लाख ९१ हजार बजेट विनियोजन भई रू. १ अर्ब ७२ करोड ९६ लाख ३४ हजार खर्च गरेकोमा उक्त अनुसूची बमोजिमको ढाँचामा प्रगति विवरण तयार नगरेकोले कृयाकलापगत र कार्यक्रमगत लक्ष्य प्रगतिको मूल्याङ्कन परीक्षण गर्न सकिएन । सो व्यहोरा अनुसारको प्रगति विवरण मातहतका कार्यालयबाट पेस हुनुपर्नेमा नभएको अवस्थामा माग गरी त्यसको समेत अनुगमन मुल्याङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । | मन्त्रालय तथा मातहत निकायहरुले कार्यप्रगति विवरण तयार नगर्दा कृयाकलापगत र कार्यक्रमगत लक्ष्य प्रगतिको मुल्यांकन परीक्षण हुन नसेकोले अब उपरान्त कानून बमोजिम तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्ने र उक्त कार्य गरे नगरेको अनुगमन मुल्यांकन हुने व्यवस्थाका लागि निर्देशन दिने । |
| १३ | **अनुदान र सहायता वितरण -** मन्त्रालयबाट वितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता वृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा समेत गरिने भनी आर्थिक | सुझाव बमोजिम गर्ने । |

| | | |
|---|---|---|
| | बर्ष २०७८।७९ को बजेट वक्तव्यको बुँदा नं २४२ मा समेत उल्लेख भएकोमा हालसम्म सो सम्बन्धी कानुन बनेको छैन । अनुदान नीति बेगर अनुदान रकम वितरण गरेकै आधारमा सबै काम सम्पन्न भई वितरित रकमको उच्चतम् सदुपयोग भएको छ भनी विश्वस्त हुने अवस्था देखिएन । | |
| १४ | **कार्यालय सञ्चालन -** सुदूरपश्चिम प्रदेश सरकारले आवश्यक ठहर्‍याएका क्षेत्रियस्तरका निर्देशनालयहरू डोटी जिल्लामा स्थापना गर्नुपर्नेमा यस मन्त्रालय अ्न्तगतको प्रदेश वन निर्देशनालय तथा उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय कैलाली जिल्लामा सञ्चालन गरेको छ । यसरी कैलाली जिल्लामा कार्यालय स्थापना गर्दा प्रदेश वन निर्देशनालयको लागि मासिक रू. १ लाख २० हजार तथा उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले मासिक रू.५६ हजार कार्यालय र कर्मचारी आवास प्रयोजनका लागि घर भाडामा लिएको छ । | प्रदेश सरकारको निर्णय अनुसार जुन स्थानबाट कार्यालय संचालन गर्ने भनिएको छ सोही स्थानबाट संचालन गर्ने साथै निर्णय विपरीत कार्यालयहरु अन्य स्थानबाट संचालन नगर्न निर्देशन दिने । |
| १५ | **घर जग्गा तथा सवारी साधनको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४ (१) बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्ने व्यबस्था छ । तर मन्त्रालयबाट सो व्यहोराको पूर्ण कार्यान्वयन हुन सकेको छैन । | मन्त्रालय तथा मातहत निकायहरुको घर जग्गा तथा सवारी साधनको लगत अद्यावधिक गरी समितिमा पेस गर्ने । |
| १६ | **समन्वय -** राष्ट्रिय वन तथा चुरे क्षेत्रबाट नदीजन्य सामग्री निकासी गर्दा डिभिजन वन कार्यालयहरूसँग समन्वय गर्ने गरेको छैन । प्राकृतिक स्रोत सङ्कलन गर्दा वन जंगलको विनास तथा अतिक्रमण समेत भएको अवस्था छ। यस सम्बन्धमा स्थानीय तथा प्रदेश सरकारका निकायहरूवीच समन्वय गरी स्रोतको व्यवस्थापन गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १७ | **मझगाउँ विमानस्थल -** कञ्चनपुरमा निर्माण हुने मझगाऊँ विमानस्थल स्तरोन्नति कालोपत्रे गरी सञ्चालन गर्न गत वर्ष र यस वर्ष समेत भिमदत्त नगरपालिकाले रू.३ करोड ५० लाख, दोधारा चाँदनी नगरपालिकाले रू. १ करोड २ लाख ६० हजार र प्रदेश सरकारले रू.८ करोड ७५ लाख समेत रू. १३ करोड २७ लाख ६० हजार नेपाल नागरिक उड्डयन प्राधिकरणमा पठाएको छ । प्राधिकरणले २०७८।७९ मा बहुवर्षीय ठेक्का | संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त लगानीमा संघीय सरकारको नागरिक उड्डयन प्राधिकरणले ठेक्का सम्झौता गरी निर्माणको कार्य सम्पन्न गरी सकेकोले बेरुजुको लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| | अन्तर्गत रू.५१ करोड ५० लाख २३ हजार बजेट प्रस्ताव गरेको भएपनि निर्माण कार्य अगाडी बढेको छैन । | |
| १८ | **वन मुद्दा -** मन्त्रालय मातहतका १० डिभिजन वन कार्यालयहरूमा गत वर्ष १०५ र यो वर्ष ६५ समेत १७० वन मुद्दा दर्ता भएकोमा २ किनारा लागि १६८ मुद्दाहरू फस्यौंट हुन बाँकी देखिएको छ । कुल मुद्दाको १.१८ प्रतिशत मात्र फस्यौंट भई ९८.८२ प्रतिशत मुद्दा फस्यौंट हुन बाँकी रहेको देखिन्छ । | वन सम्बन्धी बाँकी रहेका मुद्धाहरु फछ्यौंटका लागि ठोस कार्ययोजना बनाई तिब्र गतिमा मुद्धा फछ्यौंटको कामकारबाही अगाडी बढाउन निर्देशन दिने । |
| १९ | **वन अतिकमण -** मन्त्रालयमा मातहतका १० डिभिजन वन कार्यालयहरूमा गत वर्ष सम्म २१ हजार ५७१.९५ हेक्टर र यो वर्ष थप १०.१ हेक्टर समेत कुल २१ हजार ५८२.०५ हेक्टर वन क्षेत्र अतिक्मण भएकोमा १५.१९ हेक्टर अतिकमण हटाई २१ हजार ५६६.८६ हेक्टर पूर्ववत अवस्थामा पुर्याउनका लागि सरोकारवालाको सहयोग र समन्वयमा मन्त्रालयले कार्ययोजना बनाई मातहतका कार्यालय मार्फत वन क्षेत्रको संरक्षण गर्न ध्यान दिनुपर्दछ । | वन अतिक्रमण हटाउने कार्य सुस्त गतिमा भईरहेकोले यसलाई प्राथमिकतामा राखी कार्ययोजना बमोजिम सम्बन्धित सरोकारवालाको सहयोग र समन्वयमा वन अतिक्रमण हटाउने कार्यमा तिब्रता दिने । |
| २० | **उद्योग दर्ता र नविकरण -** प्रदेश भित्र दर्ता भएका कतिपय उद्योगहरुले दर्ता गरी प्रदेश सरकारबाट अनुदान लिने र नविकरण नगरी उद्योगलाई निरन्तरता नदिने अवस्था देखिन्छ । | प्रदेश सरकारबाट अनुदान लिई नवीकरण नगरेका उद्योगहरुको अनुगमन गरी यथाशिघ्र नवीकरण गराउन निर्देशन दिने । |
| २१ | **कार्य क्षेत्र -** सुदूरपश्चिम प्रदेशमा पर्यटन विकास कार्यक्रम सञ्चालनका लागि प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईको कार्यालय धनगढीमा रहेको छ। उक्त कार्यालयलाई यस प्रदेशभरिको काम गर्ने कार्य क्षेत्र तोकेको भए पनि कैलाली र कन्चनपुरका कार्यकम मात्र कार्यान्वयन गरी अन्य जिल्लाको कार्यक्रम सम्बन्धित जिल्लाका डिभिजन वन कार्यालयमार्फत गराउने गरेको छ । एकै प्रकारका काम दुई कार्यालयबाट गराउनु मनासिव देखिदैन । प्रशासनिक खर्च समेत कम हुने र निर्माणसँग सम्बन्धित प्राविधिक भएकै कार्यालयबाट काम गराउन तालुक निकायको ध्यान जान जरुरी देखिन्छ । | अब उपरान्त प्राविधिकहरुलाई सम्बन्धित जिल्लामा खटाई सम्बन्धित जिल्लाबाटै कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने । |

| | | |
|---|---|---|
| २२ | **भुक्तानी बाँकी** - कार्यालयले यस वर्ष सञ्चालन भएका ४७ योजनाको रू.३ करोड ४८ लाख ४१ हजार भुक्तानी बाँकी विवरण प्रमाणित गराइ आर्थिक वर्ष २०७९।८० को लागि दायित्व सारेको छ । वार्षिक बजेट रू. १३ करोड ४३ लाख ७ हजार विनियोजन भएकोमा रू.५ करोड ६६ लाख ४० हजार मात्र निकासा/खर्च भएको छ भने रू.३ करोड ४८ लाख ४१ हजार भुक्तानी बाँकी विवरणको आधारमा दायित्व सारेको देखिन्छ। | सुझाव बमोजिम गर्ने । |
| २३ | **कार्यालयको नाममा पेश्की आम्दानी** - औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको २०७९।२।१८ को पत्रबाट डिभिजन वन कार्यालय, कंचनपुरको नाममा गत आर्थिक वर्ष रू. १३ लाख ३३ हजार र यस वर्ष रू.२५ लाख ९९ हजार पेश्की रकम निकासा गरेको आधारमा खर्च गरेको छ । उक्त पेश्की रकम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको लागि रुख कटान, छपान र व्यवस्थापनको लागि खर्च गरेको भएता पनि उक्त कामको लागत अनुमान, सम्झौता, नापी किताब, सम्पन्न प्रतिवेदन तथा सम्बन्धित निकायले पेश्की रकम फर्स्यौट गरेको अभिलेख राखेको पाईएन । सरकारी निकायले पेश्की लिएर कार्य गर्न मिल्ने व्यहोरा एकीन नगरी कार्यालयले पेश्की लिने र सोही बमोजिम खर्च गर्ने तर पेश्की रकम फर्स्यौट भए नभएको अभिलेख नराखे गरेकोले कार्यालयमा रहेको हालसम्मको पेश्की सम्बन्धमा एकिन हुने देखिएन । | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले दैजी क्षेला औद्योगिक क्षेत्रभित्रको काठ कटान, छपान आदि कार्यको लागि रकम उपलब्ध गराई सम्बन्धित कार्यको लागि गरिएको खर्चको श्रेस्ता र बाँकी रकम मौज्दात रहेको भनी मन्त्रालयबाट विवरण उपलब्ध गराईएकोले उक्त बेरुजुको लगत कट्टा गर्ने । |
| २४ | **काठको मौज्दात विवरण** - डिभिजन वन कार्यालय, कंचनपुर र मातहतका ४ सव डिभिजन कार्यालयमा २४ हजार ८४८ घन फिट काठ र ३१.३३ चट्टा दाउरा मौज्दात रहेको तथा सोको अनुमानित राजस्व रकम रू.२ करोड १९ लाख २१ हजार हुने विवरण कार्यालयले उपलब्ध गराएको छ । काठ दाउरा लामो समयसम्म मौज्दातमा रहँदा गुणस्तरमा ह्रास भई कम राजस्व रकम प्राप्त हुन सक्ने हुँदा समयमै लिलाम विक्रि गर्नेतर्फ ध्यान दिनुपर्दछ । | सुझाव बमोजिम गर्ने । |
| **भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु** | | |

| | | |
|---|---|---|
| २५ | **सीमा नघाई सम्झौता -** भू तथा जलाधार व्यवस्थापन कार्यालय, डडेल्धुराले यस वर्ष २ उपभोक्ता समितिसंग रू. १ करोडको सीमा नघाइ तटबन्ध निर्माण र पहिरो रोकथाम कार्य गरी रू.२ करोड ५१ हजार भुक्तानी दिएको छ । | अब उपरान्त सार्वजनिक खरिद ऐन नियमावलीले तोकेको सीमा भन्दा बढी रकमको सम्झौता गरी उपभोक्ता समितिहरुबाट कार्य नगराउने र उल्लेखित कार्य गर्ने सम्बन्धित पदाधिकारीहरुलाई सचेत गराई सो को जानकारी सार्वजनिक लेखा समितिमा पठाउने । |

**<u>निकायगत बेरुजु माथिका निर्णयहरु</u> : वैठक संख्या : २०,२१,३१ मिति : २०८२/०१/१९,२१, ०५/०२**

## ३.७ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**<u>निर्णयहरु</u> :**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले कृषि पशु विकास खाद्यपोषण, भुमि व्यवस्थापन, गरिवी निवारण, सहकारी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी ३२ कार्य जिम्मेवारीहरूको व्यवस्था गरेकोमा सम्पूर्ण कार्यहरु भएको पाइएन । | प्रदेश सरकार (कार्य विभाजन) नियमावलीले तोके बमोजिमका कार्यजिम्मेवारीहरु कार्यतालिका बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |
| २ | **नीति तथा कार्यक्रम -** यस मन्त्रालयको आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिमका सम्पूर्ण व्यहोरा बजेटमा समावेश भएको देखिएन। | अब उपरान्त वार्षिक नीति तथा कार्यक्रमलाई आवश्यकता र औचित्यताका आधारमा तर्जुमा गर्न सम्बन्धित सरोकारावालाहरुको अर्थपूर्ण सहभागिता कायम गर्ने र वार्षिक बजेटबीच तादाम्यता कायम गर्ने । |

| | | |
|---|---|---|
| ३ | **बजेट कार्यान्वयन -** प्रदेश सरकारको आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रममध्ये भू-उपयोग नीति र कृषि तथा पशुपन्छी विकास गुरुयोजना तयार, पालिकाहरूमा कोल्ड च्याम्बर निर्माण, सञ्चालन र हस्तान्तरण, सामुदायिक गौशाला व्यवस्थापन, सुधारिएको नश्ल सहितको दूधालु भैंसी उत्पादन, जलवायू मैत्री कृषि प्रणालीको विकास गरी आयोजनाको रुपमा सञ्चालन, कृषि तथा पशुपन्छी यान्त्रीकीकरण कार्यकम सञ्चालन लगायतका कार्यक्रम घोषणा भएतापनि कार्यान्वयनमा आउन सकेको देखिएन । | कार्यान्वयन दक्षताको विस्तृत मुल्यांकन गरेर कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |
| ४ | **योजना तथा कार्यक्रम तर्जुमा -** प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । | सुझाव बमोजिम गर्ने । |
| ५ | **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता -** मातहतका निकायबाट लक्ष्य अनुरुप वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा वित्तीय कार्य सम्पादन ७५.७१ प्रतिशत रहन गई खर्च दक्षता न्यून देखिएको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार प्राप्त बजेट रकमबाट तोकिएअनुसार कार्यक्म सञ्चालन गरी निर्धारित लक्ष्य हाँसिल गर्दै ऐनको व्यवस्था अनुसार तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ । | मन्त्रालय र मातहत निकायहरुमा जनशक्ति अभाव, योजना छनौट प्रक्रियाहरुको पूर्ण पालना नहुनु, कार्यान्वयनयोग्यताको परिक्षण नगरिनु, कार्यान्वयन गर्ने निकाय तथा पदाधिकारीलाई जवाफदेही र उत्तरदायी बनाउन नसक्नु लगायतका कारण खर्च दक्षता न्यून देखिएको सन्दर्भमा नीतिगत, संस्थागत तथा व्यवहारगत सुधार गरी कार्यप्रभावकारिता सहितको खर्च दक्षता अभिवृद्धि गर्ने । |
| ६ | **समग्र पदपूर्ति र दरबन्दी -** मन्त्रालयको लागि सचिवदेखि श्रेणीविहीन तहसम्म स्वीकृत दरबन्दी ७३ मध्ये २९ स्थायी र १२ जना करारमा गरी ४१ पदपूर्ति भई ३२ जनाको दरबन्दी रिक्त रहेको पाइयो । करार पदपूर्तिमध्ये बाली विकास अधिकृत, हलुका सवारी चालक र कार्यालय सहयोगी रहेका छन् । | सुझाव बमोजिम गर्ने । |

| | | |
|---|---|---|
| ७ | **कार्य सम्पादन करार -** प्रदेश सरकारको बजेट वक्तव्यमा सरकारी सेवामा नतिजामा आधारित कार्य सम्पादन प्रणाली अवलम्बन गरिने उल्लेख छ । उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्य सम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएता पनि यस मन्त्रालयमा उक्त व्यहोराको कार्यान्वयन भएको पाइएन । | मन्त्रालयका सचिव, महाशाखा प्रमुख, शाखा प्रमुख तथा कार्यालय प्रमुखहरुको अनिवार्य रुपमा कार्यसम्पादन करार गर्ने र कार्यसम्पादनलाई मुल्यांकनको आधार बनाउने व्यवस्था मिलाउने । |
| ८ | **मध्यमकालीन खर्च संरचना –** बजेट खाका, वित्त खाका र नतिजा खाकासहित आवधिक योजना र बजेट बीचको सामञ्जस्य हुने गरी मध्यमकालीन खर्च संरचना तयार गरी आर्थिक अनुशासन, कार्यान्वयन दक्षता, विनियोजन कुशलता र आर्थिक स्थायित्व कायम गर्ने कार्यमा मन्त्रालयले उल्लेखनीय कार्य गरेको पाइएन । | सुझाव अनुसार गर्ने । |
| ९ | **रकमान्तर -** मन्त्रालय र मातहतका कार्यालयको सुरु बजेट रू.२ अर्ब ८३ करोड ५६ लाख ५६ हजार विनियोजन भएकोमा रकमान्तरबाट रू.८ करोड २८ लाख २२ हजार थप गरी खुद बजेट रू.२ अर्ब ९१ करोड ८४ लाख ७८ हजार कायम भएकोमा रू.२ अर्ब २० करोड ९६ लाख ३१ हजारमात्र खर्च भएको छ । वार्षिक कार्यक्रमका सबै क्रियाकलाप कार्यान्वयन हुन नसक्दा सुरु विनियोजित बजेटको ७७.९३ प्रतिशत र खुद बजेटको ७५.७२ प्रतिशतम खर्च भएको छ । | कार्यान्वयन दक्षताको विश्लेषण गरेर मात्र बजेट विनियोजन गर्ने । |
| १० | **घर जग्गा तथा सवारी साधनको लगत -** मन्त्रालय र मातहत कार्यालयहरूले नियम बमोजिम घर जग्गा र सवारी साधनको लगत राख्ने कार्य पूर्ण रुपमा कार्यान्वयन गरेको छैनन् । | मन्त्रालय र मातहत निकायहरुको घर जग्गा तथा सवारी साधनको लगत राखेकोले केही गर्नु नपर्ने । |
| ११ | **खरिद योजना -** मन्त्रालयले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरूको लागि नियमावलीले तोकेअनुसारको खरिद योजना स्वीकृत गरेको देखिएन । | सार्वजनिक खरिद नियमावली बमोजिम खरिद योजना स्वीकृत गरेर मात्र खरिद कार्य गर्न निर्देशन दिने । |
| १२ | **दिगो विकास -** संघ, प्रदेश र स्थानीय तहको साझेदारी तथा सहकार्यमा मात्र दिगो विकास लक्ष्यहरू पुरा गर्न सकिने अवस्थामा सुदूरपश्चिम प्रदेशको लागि लक्ष्य निर्धारण गरेको छैन । दिगो विकास सम्बन्धी राष्ट्रिय लक्ष्यलाई प्रदेश तहमा आन्तरिकीकरण गरी कार्यान्वयन गर्नुपर्दछ । | प्रदेशको प्रथम पञ्चवर्षीय योजना जारी भई कार्यान्वयनमा रहेको र उक्त योजनामा दिगो विकास लक्ष्यलाई सम्बोधन हुने गरी लक्ष्यहरु निर्धारण गरिएको साथै तोकिएका लक्ष्यहरु तोकिएको समयमा प्राप्तिका लागि वार्षिक बजेटसँग समेत तादाम्यता हुने गरी गर्ने । |

| | | |
|---|---|---|
| १३ | **सहकारी संस्थाको नियमन -** सहकारी ऐन, २०७५ तथा नियमावली, २०७६ अनुसार सुदूरपश्चिम प्रदेश सरकारले सहकारीलाई दर्ता तथा नियमन गरेको छ । यस मन्त्रालय अन्तर्गत सहकारीको संख्या २ हजार ६० रहेकोमध्ये ५६ निष्क्रिय रही ३१० ले मात्र वार्षिक विवरण बुझाएको हुँदा नियमनको कमजोर देखिन्छ । सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय तहमा दर्ता रहेका सहकारी संस्थाको अभिलेख राखी मन्त्रालयबाट अनुगमन मूल्याङ्कन गरेको छैन । | प्रदेशभर दर्ता भएका सहकारी संस्थाहरुको अभिलेखीकरण गर्ने, उक्त संस्थाहरुले लक्ष्य अनुरुप कार्यसम्पादन गरे नगरेको नियमित अनुगमन मुल्यांकन गर्ने साथै अनुगमन मुल्यांकनबाट प्राप्त पृष्ठपोषणलाई प्रतिवेदन प्रणाली मार्फत सार्वजनिकरण गरी नियमन गर्ने । |
| १४ | **रासायनिक मलमा अनुदान -** मन्त्रालयले कार्यविधिमा भएको व्यवस्था अनुसार कोटा निर्धारण नगरी कैलाली र कञ्चनपुर जिल्लाका किसानलाई रासायनिक मलमा सहुलियत अनुदान दिएको भनी साल्ट ट्रेडिङ्ग कर्पोरेशन, धनगढीलाई रू.५० लाख भुक्तानी दिएको देखिन्छ । उक्त मल १२० सहकारी सँस्था मार्फत १० देखि ५०० बोरासम्म किसानलाई वितरण गरेको विवरण प्राप्त भएको छ । मल वितरण सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन । | रासायनिक मल उपलब्ध गराउने कार्यविधिमा भएको व्यवस्था बमोजिम जिल्लाको कोटा निर्धारण गरी रासायनिक मलको परिमाण निर्धारण गर्नुपर्नेमा सो नगरेको साथै मल वितरण पश्चात अनुगमन समेत गरेको नदेखिता मन्त्रालयले कार्यविधि निर्माण गर्ने तर कार्यान्वयनमा बेवास्ता गरेको देखिन्छ । अतः अब उपरान्त कानूनी प्रक्रियाको पूर्ण पालना गरी सरकारी खर्चको प्रभावकारीता अभिवृद्धि गर्ने । |
| १५ | **घरजग्गा रजिष्ट्रेशन शुल्क -** यस आर्थिक वर्षमा मालपोत कार्यालयहरूले संकलन गरेको घरजग्गा रजिष्ट्रेशन शुल्कको ४० प्रतिशतले हुने रकम रू.४० करोड ६३ लाख ४५ हजार प्रदेश लेखा नियन्त्रक कार्यालयले आम्दानी देखाएको छ। मन्त्रालयबाट उक्त आम्दानी संकलन गर्ने मालपोत कार्यालयगत अभिलेख राखी प्राप्त हुनुपर्ने तथा प्राप्त रकम सम्बन्धमा अनुगमन समेत गरी राजश्व यकिन गरेको छैन । सो रकम मन्त्रालयले आर्थिक विवरणमा समेत समावेश गरेको छैन । | घरजग्गा रजिष्ट्रेशन शुल्कको वार्षिक आयको हिसाब प्रदेश लेखा नियन्त्रक कार्यालयले राखी सोही अनुदान बाँडफाँड गर्ने भएकोले उक्त बेरुजुको लगत कट्टा गर्ने । |
| १६ | **क्षतिपूर्ति** - मन्त्रालयले क्षतिको जिल्लागत तथ्याङ्क र अभिलेख बेगर आर्थिक बर्षको अन्त्यमा प्रदेश विपद व्यवस्थापन कोषबाट प्राप्त रू.५ करोड रकम विभिन्न कार्यालयहरूलाई निकासा दिएको छ । यसरी निकासा दिएको रकम नियमानुसार खर्च गरी लेखापरीक्षण समेत गराई खर्चको फाँटवारी मन्त्रालयमा पठाउन पत्राचार गरेकोमा लेखापरीक्षणको समयसम्म उक्त निकासा रकमबाट भएको खर्च, मौज्दात रकम लगायत खर्चको फाँटवारी कार्यालयहरूले मन्त्रालयसमक्ष पेस गरेको देखिएन । | लेखापरीक्षण भइसकेकोले लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| १७ | **कार्य सञ्चालन कोषमा मौज्दात -** मन्त्रालयको कार्य सञ्चालन कोषमा २०७७।७८ बाट रू. २ करोड जिम्मेवारी सरी आएकोमा यस बर्ष बालीनाली तथा पशु बीमा गर्न रू.३४ लाख १६ हजार विभिन्न कार्यालयमा निकासा पठाएकोले कोषमा रू. १ करोड ६५ लाख ८४ हजार मौज्दात रहेको छ । | बेरुजु रकम दाखिला भइसकेकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| १८ | **अनुदान -** मन्त्रालय र मातहतका १८ कार्यालयले कार्यक्रम शीर्षकमा रू.८० करोड ५९ लाख खर्च गरेकोमध्ये अधिकांश खर्च कृषि उपकरण, बीउ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया लगायत कार्यकममा अनुदान नीति र कानुन बेगर अनुदान दिएको छ । अनुदान वितरण गर्दा तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चितता नहुने जोखिम रहने र वितरित अनुदानको प्रभावकारी रुपमा अनुगमन र मूल्यांकन नहुने अवस्था छ। | वर्षेनी मन्त्रालयबाट विभिन्न शिर्षकगत अनुदान उपलब्ध गराउदै आएकोमा अनुदान वितरण सम्बन्धमा आवश्यक कानून बेगर अनुदान उपलब्ध गराइनु, अनुदान वास्तविक लक्षित वर्गसम्म पुग्न नसकी बिचौलिया हाबी हुनु, अनुगमन मुल्यांकन वास्तविकतामा आधारित नहुनु लगायत कारणले गर्दा प्रत्येक वर्ष मन्त्रालयबाट वितरण गरिने अनुदानको प्रभावकारिता, औचित्यता माथि नै प्रश्न उठिरहेकोले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा पूर्व स्थानीय तहहरुसँग छलफल र समन्वय गर्ने, ऐन कानुनको समसामयिक सुधार तथा निर्माण गर्ने लगायतका कार्यहरु गरी सार्वजनिक कोषको प्रभावकारिता अभिबृद्धि गर्ने । |
| १९ | **परामर्श सेवा -** कृषि तथा पशुपंक्षी सेवा प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिकाको मस्यौदा निर्माण, कृषि तथा पशुपंक्षी सम्बन्धी अनुदान कार्यकमको विवरण संकलन, लगत तथा प्रभावकारिता प्रतिवेदन तयारी र प्रकाशन, मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको उपलब्धि लगायतका कार्य परामर्शदाताबाट गराई रू.३७ लाख ५८ हजार खर्च गरेको छ । प्रदेश सरकारले परामर्श सेवा सम्बन्धी नर्म्स स्वीकृत गरेको छैन भने विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरेकोले लागत अनुमान यथार्थपरक देखिएन । प्राप्त अध्ययन प्रतिवेदनहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता देखिएन । | अब उपरान्त बजेटमा व्यवस्था भई कार्यान्वयन हुने योजनाको मात्र विस्तृत अध्ययन गरी प्रतिवेदन पेस गर्ने र ऐन कानूनहरुको अनिवार्य पालना गर्ने । |
| | **कृषि ज्ञान केन्द्रहरु** | |
| २० | **कार्यक्रम खर्च -** कृषि ज्ञान केन्द्र अछामले तुर्माखाँद ३ मा व्यवसायिक कृषि उत्पादन केन्द्र (फलफूल ब्लक) सञ्चालन गर्न कार्यक्रममा उल्लेख नभएका फलफूलहरू आँप, | कार्यक्रम संशोधन गर्दा पुस्ट्याई र सम्बन्धित निकायको निर्णय बेगर कार्यक्रम संशोधन गरी कार्यान्वयन नगर्ने व्यवस्था मिलाउने । |

| | | |
|---|---|---|
| | अंगुर खरिद गरी वितरण गरेको छ । वार्षिक कार्यक्रममा उल्लेख नभएको आँप र अंगुरको विरुवा खरिद कार्यमा भुक्तानी भएको रू.५ लाख २ हजारको सम्बन्धमा पुष्टयाँई पेस हुनुपर्दछ । | |
| २१ | **चक्लाबन्दी खेती अनुदान -** यस कार्यक्रम अन्तर्गत कृषि ज्ञान केन्द्र, कैलालीले मसालाबाली र प्याज खेती सम्बन्धी ५ कार्यक्रमको लागि रू.१ लाख ७४ हजार, आलुखेती सम्बन्धी १७ कार्यक्रमको लागि रू. १५ लाख ३८ हजार र तरकारी खेती सम्बन्धी १५ कार्यक्रमको लागि रू. ११ लाख २५ हजार सहित रू.२८ लाख ३७ हजार अनुदान दिएको छ । चक्लाबन्दी खेतीको उद्देश्य अनुरुप उक्त अनुदानको उपयोग भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ । | कार्यक्रम उद्देश्य अनुरुप खर्च भए नभएको अनुगमन प्रतिवेदन पश्चात खर्च गर्ने व्यवस्था मिलाउने । |
| २२ | **किवी तथा ओखरको विरुवा खरिद -** कृषि ज्ञान केन्द्र अछामले कैलाली जिल्लाको धनगढी स्थित दुई निजी नर्सरीबाट रू. २५ लाख २२ हजारमा किवी तथा ओखरका विरुवा खरिद गरेको छ । कैलाली जिल्लाको धनगढीमा किवी र ओखरको विरुवा तयार हुन सक्ने पुष्टयाँई सहित ती विरुवाहरू रोपण गरी हुर्केको सम्बन्धमा अनुगमन गर्नुपर्दछ । | केही गर्नु नपर्ने । |
| २३ | **फलफूल विरुवा स्याहार खर्च -** कृषि ज्ञान केन्द्र अछामले जिल्लाका ४०७ कृषकले १ लाख ७ हजार ६७० फलफुलका विरुवा रोपेर जोगाएवापत विरुवा स्याहार खर्च प्रतिवोट रू.२३ को दरले रू.२४ लाख ७६ हजार लाभग्राहीको खातामा रकम नपठाई कार्यालयका एक कर्मचारीको नाममा एकमुष्ट रकम भुक्तानी गरी ती कर्मचारीले बैंक, विद्युतीय भुक्तानी र नगद मार्फत सम्बन्धित लाभग्राहीलाई रकम बुझाएको देखियो । | हाल मन्त्रालयबाट सम्पूर्ण भुक्तानीहरु वैंकिङ प्रणाली मार्फत हुने गरेकोले केही गर्नु नपर्ने । |
| २४ | **सहकारी संस्था भवन निर्माण कार्य -** कृषि ज्ञान केन्द्र बाजुरा, कंचनपुर, कैलालीले प्रदेश सरकारबाट स्वीकृत कार्यक्रम बमोजिम नाफा कमाउने उद्देश्यले स्थापना भएको वचत तथा सहकारी संस्थालाई भवन निर्माण कार्यका लागि रकम भुक्तानी दिएको देखिन्छ । कार्यक्षेत्रभित्र नपर्ने नाफामूलक संस्थालाई प्रयोजन नखुलाई भवन निर्माणमा गरिएको सार्वजनिक स्रोतको खर्च प्रति सम्बद्ध योजना तथा कार्यक्रम तर्जुमामा संलग्न पक्षहरू वित्तीय रुपमा उत्तरदायी हुनुपर्दछ । | मन्त्रालय तथा मातहत निकायहरुबाट सम्पादन गरिने सम्पूर्ण क्रियाकलापहरु प्रचलित कानून तथा मापदण्ड बमोजिम गर्ने, मापदण्डको पालना भए नभएको सम्बन्धमा मन्त्रालयबाट अनुगमन मुल्यांकन गर्ने र सम्बद्ध पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाउन निर्देशन दिने । |

| | | |
|---|---|---|
| २५ | **अनुदान सहयोग -** कृषि ज्ञान केन्द्र, बैतडीबाट यो वर्ष मुख्यमन्त्री नमुना कृषि गाउँ विकास कार्यक्रममा कार्यविधि बमोजिम समुदायको १०० प्रतिशत लगानी हुने भनी उल्लेख भएका ६ वटा मुख्यमन्त्री नमुना कृषि गाँउ कृषक समन्वयलाई चालु प्रकृतिका समानको रकम र समितिले कोटेशन माग गरेका समानमा कोटेशन पेस गरेको दरमा ढुवानी उल्लेख नगरेकोमा पुनः ढुवानी भनी थप गरी ज्ञान केन्द्रले समितिलाई रू. ६ लाख २१ हजार भुक्तानी दिएको देखिएकोले कार्यालयले सो रकम यकिन गरी असुल गर्नुपर्दछ । | कृषि ज्ञान केन्द्र बैतडीबाट मुख्यमन्त्री नमुना कृषि गाउँ विकास कार्यक्रममा ढुवानीका लागि भनी रु ६ लाख २१ हजार भुक्तानी दिएकोले उक्त रकम असुल उपर गर्ने । |
| २६ | **नमूना कृषि गाउँ -** कृषि ज्ञान केन्द्र बैतडीले मोटर, विद्युत, संचार, सिचाई सुविधा भए नभएको, मापदण्डको मुल्याङ्कन नगरी मेलौली ८ कोटीगाउँमा मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रमबाट आर्थिक वर्ष २०७६।७७, २०७७।७८ र २०७८।८९ गरी तीन बर्षमा रू.८४ लाख ८८ हजार खर्च लेखेको देखिन्छ । कार्यविधिमा उल्लेख भए बमोजिमको प्रगति भए वा नभएको सम्बन्धमा कार्यालयले मूल्याङ्कन गरेको देखिएन । | कृषि ज्ञान केन्द्र, बैतडीको अनुगमन मुल्यांकन तथा प्रगति प्रतिवेदन लिई बेरुजु लगत कट्टा गर्ने । |
| २७ | **सार्वजनिक सुनुवाई खर्च -** निर्माण कार्यको लागत अनुमानमा सार्वजनिक सुनुवाइ गर्न बजेट व्यवस्था गर्ने प्रावधान रहेको छैन । कृषि ज्ञान केन्द्र, कञ्चनपुरले नियमावलीमा तोकिएबमोजिम बाहेक विभिन्न कार्यको लागि अनुदान उपलब्ध गराउँदा सार्वजिनक सुनुवाईको लागि छुट्टै रकम भुक्तानी गर्ने गरेको देखियो । सार्वजनिक खरिद नियमावली तथा अन्य ऐन, नियममा सार्वजनिक सुनुवाई सम्बन्धी रकम भुक्तानी दिने व्यवस्था नरहेको र त्यस्तो खर्च उपभोक्ता समितिले नै व्यहोर्नुपर्नेमा उक्त केन्द्रबाट सार्वजनिक सुनुवाइको लागि भनी भुक्तानी भएको रू.२४ लाख १५ हजार नियमसम्मत मान्न सकिएन । | सार्वजनिक सुनुवाईको लागि भनी भुक्तानी भएको रु २४ लाख १५ हजार रकम नियमित गरी लगत कट्टा गर्न निर्देशन दिने । |
| २८ | **कृषि यान्त्रिकीकरण खरिद -** कृषि ज्ञान केन्द्र, कैलालीले यान्त्रिकीकरण उपलब्ध गराउनको लागि अनुदान प्रस्ताव ८ मध्ये न्यूनतम सूचकको आधारमा ६ वटा छनौट गरी ६ वटै प्रस्तावदाताबाट खरिद गरी यान्त्रिकीकरण अनुदान वापत भुक्तानी दिएको देखिन्छ । ऐनमा भएको व्यवस्था अनुसार सबै भन्दा घटी कबोल गर्ने पार्टीसँग आईटम | खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन नियमको पूर्ण पालना हुने गरी गर्ने । |

| | | |
|---|---|---|
| | वा यन्त्र उपकरण अनुसार फरक फरक सम्झौता गर्नुपर्नेमा घटी कबोल गर्नेलाई पहिलो अवसर नदिई बढी कबोल गर्नेलाई समेत सबभन्दा घटी कबोल गर्नेसँगको सम्झौता दरमा कार्य गराई रू.७ करोड २९ लाख ९० हजार भुक्तानी दिएको छ । | |
| २९ | **मल उद्योग स्थापना -** कृषि ज्ञान केन्द्र, कैलालीले मल उद्योग स्थापना गर्न अनुदान भनी एक गाई संरक्षण समितिलाई भवन निर्माण गर्न मूल्याङ्कन रकमको ५० प्रतिशतले हुने रू. ४८ लाख अनुदान दिएको छ । भवन निर्माण कार्य अधुरै रहेको स्रेस्तामा संलग्न फोटोबाट देखिन्छ । मल उद्योग स्थापना भई सञ्चालनमा आएको पुष्टि हुने आधार देखिएन । | भवन निर्माण सम्पन्न गरिसकेको र मल उद्योग संचालनमा रहेको देखिएकाले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| ३० | **निजी कम्पनीलाई अनुदान -** कृषि ज्ञान केन्द्र, कैलालीले एक व्यक्तिको नाममा दर्ता भई कैलालीको जोशीपुरमा रहेको नाफामुलक राइस, आयल एण्ड फ्लोर मिलको कारोबार गर्ने एवं निजी कम्पनीलाई भवन निर्माणको लागि ५० प्रतिशत अनुदान भनी रू.३६ लाख ६९ हजार भुक्तानी दिएको छ । निजी कम्पनीको पूँजी वृद्धि गर्न प्रदेश सरकारबाट लगानी गरेको उचित देखिएन । | निजी उद्योगहरु संचालनमा रहेका क्षेत्रमा काम गर्ने किसानहरुले उत्पादन गरेको धान निजी उद्योगहरुले उच्च मुल्यमा खरिद गर्ने, सो को लगत राख्ने र राखेको लगतका आधारमा किसानहरुले कृषि ज्ञान केन्द्रबाट प्रति केजीको आधारमा अनुदान रकम समेत पाउने देखिएकोले उक्त बेरुजुको लगत कट्टा गर्ने । |
| ३०.१ | कार्यालयले उक्त कम्पनीलाई रकम भुक्तानी गर्दा भरपाई बिलका आधारमा रू.२५ लाख ४० हजार भुक्तानी गर्दा कर बिजक बेगर भुक्तानी दिएको रकम नियमसम्मत देखिएन । मुल्य अभिवृद्धि कर विजक बेगरको भुक्तानी दिंदा आयकर ऐन, २०५८ को दफा दद बमोजिम १५ प्रतिशतले हुने अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनु पर्नेमा सो अनुसार नगरेकोले १५ प्रतिशतले हुने आयकर रू.३ लाख ८१ हजार असुल गर्नुपर्दछ । | मुल्य अभिवृद्धि कर विजक बेगरको भुक्तानी दिँदा १५ प्रतिशतले हुने अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनु पर्नेमा सो नगरेकाले १५ प्रतिशतले हुने आयकर रु ३ लाख ८१ हजार असुल गर्ने । |
| ३१ | **ब्याज अनुदान -** कृषि ज्ञान केन्द्र कैलालीले विभिन्न फर्मलाई रू. १८ लाख ९३ हजार ब्याज अनुदान दिएको छ । निजी स्वामित्वको एक कृषि तथा पशुपालन फर्मको अनुदान फाईल परीक्षण गर्दा कृषि तथा पशुपंक्षी ब्यावसायमा अनुदान परिचालन कार्यविधि, २०७७ जारी हुनु पूर्व २०७६।११।१६ मा सम्झौता भएको ओभर ड्राफ्ट ऋण रू. १ करोड ५० लाख लिएको फर्मलाई वार्षिक ११.३९ प्रतिशतले ब्याज अनुदान रू. १७ लाख ८ हजार दिएको छ । कार्यविधि बमोजिम निजले लिएको कृषि ऋणको | कृषि तथा पशुपंछी व्यवसायमा अनुदान परिचालन कार्यविधि, २०७७ को प्रावधान विपरीत कार्यविधि लागु हुनु भन्दा पूर्व अवधिको समेत व्याज अनुदान भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको व्याज अनुदान रकम रु १३ लाख ५८ हजार असुल गर्ने । |

| | | |
|---|---|---|
| | प्रयोजन स्पष्ट नगरी भने रू.५० लाखको ७ प्रतिशतले हुने रू.३ लाख ५० हजार भन्दा बढी ब्याज अनुदान दिन मिल्ने नदेखिएकोले बढी भुक्तानी भएको रू. १३ लाख ५८ हजार असुल हुनुपर्दछ । | |
| ३२ | **परियोजना अनुदान -** कृषि ज्ञान केन्द्र, डोटीले विभिन्न ब्लकहरूसँग विभिन्न पसलका लागि उत्पादन सम्झौता गरी उल्लेखित अनुदान सीमा अनुसार निर्माण तथा अन्य यन्त्र औंजार वीउ बीजन खरिद गरेको कार्यको प्राविधिक मुल्याङ्कन अनुसारको लागत रकमको अनुपातिक रुपमा भुक्तानी दिनुपर्नेमा बीलको आधारमा भुक्तानी गरेको देखियो । सम्झौता र श्रमदानको अनुपातमा कार्यप्रगतिको प्रत्येक योजनाको प्राविधिक मूल्याङ्कन प्रतिवेदनका आधारमा निर्देशिका अनुसार निश्चित प्रतिशत मात्र भुक्तानी दिनुपर्नेमा रू. १७ लाख २९ हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ। | कार्यविधिले तोकेको निश्चित प्रतिशत भन्दा बढी भुक्तानी दिएको रकम रु १७ लाख २९ हजार असुल उपर गर्ने । |
| | **भेटेरीनरी तथा पशु अस्पतालहरु** | |
| ३३ | **छाडा पशु चौपाया व्यवस्थापन खर्च -** भेटेरीनरी अस्पताल, कञ्चनपुरले समुदायले छाडा छोडेका गाईगोरु व्यवस्थापनको लागि शुक्लाफाँटा नगरपालिकामा काज्जीहाउस निर्माणमा खर्च गरेको छ । छाडा पशु चौपाया व्यवस्थापनका लागि कार्यालय र पालिकाबीच आवश्यक समन्वय सहकार्य हुने गरेको देखिएन । कार्यालयले निर्माण गरेको काञ्जी हाउस लगायत पूर्वाधारको स्वामित्व तथा सञ्चालन अधिकार, ती पूर्वाधारहरू उद्देश्य अनुरुप सञ्चालनमा आएको सम्बन्धमा यकिन भएन । काञ्जि हाउस व्यवस्थापनबाट संकलन हुने पशु मल तथा दुधजन्य पदार्थ उत्पादन तथा बिक्री गरी आयआर्जन गर्नेतर्फ ध्यान दिएको देखिदैन । | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कंचनपुरले छाडा पशु चौपाया व्यवस्थापनका लागि शुक्लाफाँटा र कृष्णपुर नगरपालिकामा काञ्जीहाउस निर्माण गरेको क्षेत्रमा स्थलगत अवलोकनको क्रममा कृष्णपुर नगरपालिकाको वडा नं. २ मा काञ्जीहाउस निर्माण गरेको भए तापनि असारमा आएको बाढीका कारण संरचना भत्काएको देखिएकाले अब उपरान्त यस्ता संरचना निर्माण गर्दा पर्याप्त अध्ययन विश्लेषण गरी स्थानीय नागरिकहरुको समन्वय र सहकार्यमा मात्र संरचना निर्माण गर्ने व्यवस्था मिलाउने । |
| ३४ | **दाना उद्योग स्थापनार्थ अनुदान -** भेटेरिनरी अस्पताल, कञ्चनपुरलाई पशुपन्छी तथा माछाको लागि दाना उद्योग स्थापना सहयोग कार्यक्रमको लागि रू.३० लाख बजेट विनियोजन भएकोमा कार्यालयले प्रस्ताव गरे अनुसार ३ निजी संस्थाले आवेदन दिएकोमा ३ संस्था छनौट गरी रू. १०/१० लाखका दरले अनुदान भुक्तानी दिएको छ । यसरी | कंचनपुर जिल्ला बेलौरी नगरपालिका वडा नं. ६ मा दाना उद्योग स्थापनाका लागि थारु कृषि फर्मलाई उपलब्ध गराइएको रु ९,३२,४००। रकम सम्बन्धमा उपसमितिबाट स्थलगत अवलोकन गर्दा कुनै पनि संरचना नदेखिएको र फर्मका अध्यक्ष रामकली रानाबाट पनि |

| | | |
|---|---|---|
| | सञ्चालित कार्यक्रममा सम्बन्धित लाभग्राहीबाट ५० प्रतिशत लागत साझेदारी भएको देखिन्छ । | अनुदान रकमको विषयमा सोधपुछ गर्दा केही थाहा नभएको भनी जानकारी दिइएको ।<br>यस सम्बन्धी छलफल गर्न मिति २०८१/११/११ गते बसेको उपसमितिको बैठकमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कंचनपुरका कार्यालय प्रमुखलाई आमन्त्रण गरी सम्पूर्ण कागजातहरुको अध्ययन गर्दा उक्त रकम बराबरको काम भए बमोजिम कार्यालयबाट अनुदान रकम उपलब्ध गराइएको देखिन्छ । मिति २०८१/११/११ गते सोही फर्मका अध्यक्षले उक्त मेशिन बिक्री गरिएको र अर्को नयाँ किन्ने प्रक्रियामा रहेको भनी उपसमितिमा निवेदन समेत पेस गरेको आधारमा कार्यालयबाट उपलब्ध गराइएको अनुदान रकमको दुरुपयोग हुने गरी मेशिन बिक्री गरेको र उपसमितिको स्थलगत अवलोकनका क्रममा कुनै पनि संरचना समेत नदेखिएको हुँदा कार्यालयबाट अनुदान वापत उपलब्ध गराइएको रकम रु ९,३२,४००। (नौ लाख बत्तिस् हजार चार सय मात्र) सम्बन्धित फर्मबाट असुल उपर गर्ने र यसको जानकारी सार्वजनिक लेखा समितिमा पठाउने । |
| ३५ | **बाख्रापालन कार्यक्रम -** भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, कञ्चनपुरले समूह मार्फत व्यावसायिक बाख्रा प्रबर्द्धन कार्यक्रमको लागि प्रस्ताव माग गरेकोमा ८८ फर्म, ४ कृषक समूह र ५ कृषि संस्थाबाट प्रस्ताव पेस भएको देखिन्छ । प्रस्ताव पेस गर्ने ८८ फर्म प्रत्येकलाई रू. १ लाख,४ समूह प्रत्येकलाई रू.१ लाख ७५ हजार र ५ संस्था प्रत्येकलाई रू.२ लाखका दरले अनुदान उपलब्ध गराई कुल रू. १ करोड ५ लाख भुक्तानी भएको छ । प्राप्त प्रस्तावहरू उपयुक्तताको मूल्याङ्कन नै नगरी प्रस्ताव पेस गर्ने सम्पूर्ण लाभग्राहीलाई दामासाही रुपमा रकम वितरण गरेको छ । | कार्यविधि अनुसार प्रस्ताव आव्हान गर्दा अत्यधिक रुपमा माग बढेकोले मागको चापलाई न्यूनीकरण गर्न दामासायीका हिसाबले अनुदान वितरण गरिएको र अनुगमन मुल्यांकन प्रतिवेदन समेत संलग्न रहेको देखिएकोले अब उपरान्त यस्ता कार्यक्रमको संचालन गर्दा कार्यविधिको पूर्ण पालना हुने गरी कार्यक्रम संचालन गर्न निर्देशन दिने र उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| ३६ | **अनुदान कार्यक्रम -** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनगढीबाट कार्यान्वयन हुने गरी १०२ कार्यक्रम स्वीकृत गरी रू.५१ लाख १९ हजारको अख्तियारी पठाएको छ । मातहत कार्यालयले फिल्डस्तरबाट पठाएका कार्यक्रम स्वीकृत नगरी मन्त्रालयबाट सोझै लाभग्राहीको छनौट गरी खर्च गर्ने निकायमा पठाएको नियमसंगत देखिएन । | अब उपरान्त स्थानीयस्तरका लागि कार्यक्रम छनोट गर्दा औचित्यता र आवश्यकता पुष्टि हुने गरी तल्लो निकायबाट छनौट गर्ने व्यवस्था व्यवहारिक रुपमा कार्यान्वयन गर्ने । |
| ३७ | **मोडेल फर्म स्थापनार्थ अनुदान -** भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनगढीले अनुसूची तथा कार्यविधिले तोकेका प्रक्रिया पूरा नगरी ४९ कृषकलाई दामासाहीले रू.४९ लाख ३९ हजार अनुदान वितरण गरेको छ । कार्यविधि अनुसार मूल्याङ्कन नगरी अनुदान दिएको उचित देखिएन । | अब उपरान्त मोडेल फर्म स्थापना सम्बन्धी कार्यविधिको पूर्ण पालना हुने गरी मुल्यांकन गरी उक्त अनुदानहरु उपलब्ध गराउन निर्देशन दिने । |
| ३८ | **ह्याचरी मेसिन अनुदान -** भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनगढीले ६ कृषकलाई ह्याचरी मेसिन खरिदको लागि अनुदान दिएकोमा ५० प्रतिशत भन्दा रू.७ लाख ४० हजार बढी भुक्तानी भएकोले सो रकम असुल हुनुपर्दछ । | पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ ले तोकेको ५० प्रतिशत भन्दा बढी भुक्तानी दिएको ह्याचरी मेसिन स्थापना अनुदान रकम रु ७ लाख ४० हजार असुल गर्ने । |

<u>निकायगत बेरुजु माथिका निर्णयहरु</u> : **वैठक संख्या** : २७,२८,२९,३१ **मिति** : २०८२/०३/३१, ०३/३२, ०४/०१, ०५/०२

## ३.८ भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

<u>निर्णयहरु</u> :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको २२ कार्य तोकिएकोमा प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन र सञ्चालनमा समन्वय, प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन, मौसम तथा जलमापन सञ्चार सञ्जाल व्यवस्थापन, जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन, प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन गर्ने लगायतका कार्य गरेको छैन । | मन्त्रालयलाई तोकिएका कार्य जिम्मेवारीहरु समयमै सम्पादन गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउने व्यवस्थाका लागि निर्देशन दिने। |
| २ | **नीति तथा कार्यक्रम कार्यान्वयन -** सुदूरपश्चिम प्रदेशको २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रममा उदघोष भएका कार्यक्रममध्ये सिंचाइ, नदी नियन्त्रण र खानेपानी सुधार कार्यक्रमको प्रभावकारीताका लागि नयाँ तथा उपयुक्त प्रविधिको पहिचान, विकास र विस्तारमा जोड, प्रदेश उर्जा नीति तर्जुमा, प्रदेशको स्थायी राजधानी गोदाबरी, कैलालीमा भौतिक पूर्वाधार विकास निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय प्रभाव मुल्यांकन र जग्गा प्राप्ति लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन् । | सरकारले वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा पर्याप्त तयारी पुगेका योजनाहरुको लाभ, लागत तथा प्रभावको विश्लेषण गरी कार्यान्वयनयोग्य आयोजनाहरु मात्र नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| ३ | **बजेट वक्तव्यको कार्यान्वयन -** बजेट वक्तव्यमा उल्लेख भएका यातायात सुविधाबाट बञ्चित रहेको बाजुरा जिल्लाको काम्तिस्थित कर्णाली नदिमा बेलिब्रिज पुल निर्माण, संघीय सरकारसँगको सहकार्यमा कञ्चनपुरको बेदकोट भावर क्षेत्र खानेपानी सुधार कार्यक्रम र बैतडीको मेलौलीमा मेलौली लिफ्ट खानेपानी योजना विगतमा निर्माण सम्पन्न भएका सिंचाई आयोजनाहरूलाई सिंचित क्षेत्रको आधारमा पहिचान र अध्ययन गरी विभिन्न थ्रेसहोल्डका आधारमा वर्गिकरण गरिने व्यहोरा उल्लेख गरेकोमा कार्यान्वयन भएको छैन । | अब उपरान्त कार्यान्वयनयोग्य योजना तथा कार्यक्रमलाई मात्र बजेट वक्तव्यमा समावेश गरी उल्लेखित सम्पूर्ण कार्यक्रमहरुलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |
| ४ | **प्रदेश गौरवका आयोजनाहरू -** मन्त्रालय मातहत प्रदेश गौरवका आयोजनाको प्रदेश सरकारबाट घोषणा भएको आधिकारिक निर्णय तथा लिएको आधार प्राप्त हुन सकेन । उल्लिखित आयोजनाहरूको हालसम्मको प्रगति न्यून देखिएको छ । गौरवका आयोजना घोषणा गर्दा विस्तृत सम्भाव्यता अध्ययन नगरेको कारण आयोजना निर्माणमा लाग्न सक्ने लागत अनुमान, सम्पन्न गर्न लाग्ने समयावधि, आयोजना शुरु हुने अवधि, सम्पन्न हुने अवधि लगायतका विषयहरू यकिन हुने अभिलेख राखेको छैन । अभिलेखको अभावमा आयोजनाहरूको समग्र कार्यान्वनको अवस्था, सम्भावित समस्या र चुनौतिहरू एवं समाधानका प्रयास र उपाय सम्बन्धमा यकिन गर्न सकिएन । | प्रदेश गौरवका आयोजनाहरु प्रदेश सरकारबाट घोषणा भएको आधिकारिक निर्णय तथा छनौट गर्दा लिएको आधार र प्रगति प्रतिवेदन पेस गरी बेरुजुको लगत कट्टा गर्ने । |
| ५ | **मध्यमकालीन खर्च संरचना -** प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गरी आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोगमा पठाउनु पर्नेमा सो अनुसारका विषय समावेश गरी मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरेको छैन । | सुझाव अनुसार गर्ने । |
| ६ | **आयोजनाको वर्गिकरण र आयोजना बैंक -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १५ (क) मा भएको व्यवस्था अनुसार आयोजनाको वर्गिकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेशस्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको | अब उपरान्त पर्याप्त तयारी पुगेका लाभ र लागतको आधारमा प्रदेशको समग्र आर्थिक सामाजिक विकासमा रुपान्तरणकारी आयोजनाहरुलाई आयोजना वैंकमा समावेश गरी आयोजना वैंकलाई अनिवार्य कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |

| | | |
|---|---|---|
| | मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्नेमा उक्त व्यवस्था अनुसारको कार्य मन्त्रालयबाट भए गरेको देखिएन । | |
| ७ | **योजना तथा कार्यकम तर्जुमा -** प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन् भन्न सकिने अवस्था देखिदैन । | सुझाव अनुसार गर्ने । |
| ८ | **रकमान्तर -** मन्त्रालय तथा मातहतका कार्यालयहरूको शुरु विनियोजित बजेट रू. १२ अर्ब ३५ करोड ७३ लाख द१ हजारमध्ये बजेट तथा कार्यक्रम संशोधन र रकमान्तर गरी रू. १२ अर्ब ९२ करोड ४४ लाख ५७ हजार अन्तिम बजेट कायम गरेकोमा रू.९ अर्ब १ करोड ९६ लाख ९७ हजार खर्च गरेको छ । बर्षान्तमा शुरु बजेटको ४.५९ प्रतिशत रकमान्तर गरी बजेट तथा योजना संशोधन मार्फत कार्यक्रम थप गरी कार्यान्वयन गरेको छ । | अब उपरान्त रकमान्तर गर्दा विद्यमान ऐन, कानूनको प्रभावकारी कार्यान्वयन गर्दै प्रदेश सभाबाट स्वीकृत बजेटको सीमाभित्र रही खर्च गर्न निर्देशन दिने । |
| ९ | **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता -** यो वर्ष मन्त्रालयलाई रू. १२ अर्ब ९२ करोड ४४ लाख ५६ हजार बजेट विनियोजन मध्ये रू.९ अर्ब १ करोड ९६ लाख ९८ हजार अर्थात् ६९.७९ प्रतिशत खर्च भएको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरिएका कार्यक्रम सञ्चालन गरी तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ । | मन्त्रालयबाट सम्पादित कार्यको जिम्मेवारी तथा जवाफदेहिता विभागीय मन्त्री, लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिका साथै मातहत कार्यालयहरुमा समेत सोही बमोजिम लेखा उत्तरदायी अधिकृत र आर्थिक प्रशासन प्रमुखलाई आफुले सम्पादन गरेको कार्यको वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता कायम गर्न आवश्यक कानून तथा मापदण्ड निर्धारण गरी अनिवार्य कार्यान्वयन गर्ने । |
| १० | **घर जग्गा तथा सवारी साधनको लगत -** मन्त्रालयले कानुनी व्यवस्था अनुसार सरकारी घरजग्गा र सवारी साधनको लगत देखिने गरी अभिलेख व्यवस्थित गरेको छैन । | घर जग्गा तथा सवारी साधनको लगत संलग्न गरेकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| ११ | **दिगो विकास -** राष्ट्रिय लक्ष्य गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक लक्ष्य गन्तव्य र सूचकहरू तोकी सोही अनुसार सञ्चालन प्रबन्ध, तथ्याङ्क व्यवस्थापन अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने उल्लेख भएकोमा | प्रदेश नीति तथा योजना आयोगले उल्लेखित कार्य गर्ने गरेकाले बेरुजुको लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| | प्रदेशस्तरमा लक्ष्य कार्यान्वयन सम्बन्धमा निर्देशन तथा समन्वय समिति गठन भएको छैन । | |
| | **पूर्वाधार विकास कार्यालयहरु** | |
| १२ | **बजेट र योजना छनौट -** बजेट दिग्दर्शनको व्यवस्था विपरित पूर्वाधार विकास कार्यालय कंचनपुरलाई यस वर्ष रू.५ लाखसम्मका ४१ योजनामा रू.१ करोड ५ लाख, रू.५ देखि १० लाख सम्मका ११० योजनामा रू.९ करोड १४ लाख, रू. १० देखि ५० लाख सम्मका ६७ योजनामा रू. १५ करोड ६३ लाख र रू.५० लाख भन्दा बढीका ३० योजनामा रू.४३ करोड ६० लाख बजेट विनियोजन भएको छ । कार्यालयले अधिकरुपमा साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको र यसरी सञ्चालित योजनाबाट प्राथमिकताका आधारमा उच्चतम प्रतिफल प्राप्त नहुने लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठने गरेको छ । | प्रदेशको आवधिक योजनाले लिएका लक्ष्यहरु प्राप्त गर्न मध्यमकालीन खर्च संरचना र सरकारका नीति तथा कार्यक्रमबीच सामन्जस्यता कायम गर्दै विस्तृत अध्ययन तथा विश्लेषण गरी स्थानीय मागमा आधारित आयोजनाहरु छनौट गरी आयोजना बैंकमा समावेश भएका आयोजनाहरुलाई प्राथमिकताका आधारमा वार्षिक बजेटगत व्यवस्था गरी कार्यान्वयन गर्ने व्यवस्था अनिवार्य रुपमा लागु गर्ने । |
| १३ | **ठेक्का व्यवस्थापन -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २१(३) मा प्रथम चौमासिकभित्र ठेक्का सम्झौता गरिसक्नुपर्नेमा पूर्वाधार विकास कार्यालय कंचनपुरले ४८ ठेक्का सम्झौता गरेकोमा प्रथम चौमासिकमा ८ र तेस्रो चौमासिकमा ४० सम्झौता गरेको छ। सो मध्ये आषाढ महिनामा २१ ठेक्का सम्झौता गरेको छ । पूर्वाधार विकास कार्यालय, डडेल्धुराले ७७ ठेक्का सम्झौता गरेकोमा ४३ दोस्रो चौमासिकमा, ३४ तेस्रो चौमासिकमा गरेको छ । सो मध्ये आषाढ महिनामा ३ सम्झौता गरेको छ । | अब उपरान्त ठेक्का व्यवस्थापन लगायतका कार्यहरु गर्दा अनिवार्य रुपमा कानूनी व्यवस्थाको पालना गर्ने । |
| १४ | **कार्यक्षेत्र बाहिरको कार्य -** पूर्वाधार विकास कार्यालय कंचनपुरले प्रदेश लोकमार्ग, प्रादेशिक राजधानी र स्थानीय तह जोड्ने सडक, दुई वा सो भन्दा बढी स्थानीय तहका केन्द्र जोड्ने प्रमुख सडक, प्रादेशिक लोकमार्ग जोड्ने पुल लगायतका कार्य गर्ने उल्लेख भएकोमा कार्यालयले अधिकांश निर्माण कार्य पालिकाभित्रका वडा तथा टोलमा केन्द्रित रहेको छ । | प्रदेशको कार्यक्षेत्र भित्र रहेका कार्यक्रम तथा आयोजनाहरु मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |

| | | |
|---|---|---|
| १५ | **अधुरो ठेक्का** - पूर्वाधार विकास कार्यालय, कञ्चनपुरले केही कामहरू मात्र बाँकी रहेको अवस्थामा म्याद थप गरेको तर म्याद थप भएको अवधिमा पनि बांकी काम गरी निर्माण कार्य सम्पन्न गरेको पाईएन । थपिएको अवधिमा बाँकी काम गराई निर्माण सम्पन्न गर्नुपर्नेमा सो नगरी त्यतिकै रहेको कारण म्याद थप गरेको औचित्य देखिएन भने सम्पन्न भएको कामको कार्य स्वीकार गरी अन्तिम भुक्तानी दिनु पर्नेमा सो समेत नगरेकोले उक्त ठेक्का अपुरो निर्माणको अवस्थामा रहेको देखियो । | कंचनपुर जिल्ला वेदकोट नगरपालिका वडा नं. ५ स्थित धरमपुरदेखि मुक्त कमैया वस्ती सडक निर्माण कार्य सम्पन्न भइसकेकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| १६ | **भेरियसन** - पूर्वाधार विकास कार्यालय, अछामले सम्झौता गरेका ३ ठेक्कामा विभिन्न कारण देखाई १४.९९ देखि २२.१७ प्रतिशतसम्म भेरियसन आदेश जारी भएको छ । भेरियसन पश्चात फर्म वर्क, ग्याविन, प्लम कंकिट, स्टोन सोलिङ्ग, मेशनरीको काममा स्वीकृत परिमाणभन्दा बढी परिमाणको भुक्तानी भएको छ । खरिद सम्झौता कार्यान्वयन गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सृजना भएमा भेरियसन आदेश जारी गर्न सकिने प्रावधान अनुसार विभिन्न आइटममा भेरियसन पश्चात रू. १ करोड ८ लाख ३२ हजार थप व्ययभार परेको छ । | भेरियसन सम्बन्धी प्रमाण कागजातहरु लिई बेरुजुको लगत कट्टा गर्ने । |
| १७ | **मूल्य समायोजन** - पूर्वाधार विकास कार्यालय, अछामले सम्झौता गरेका ४ ठेक्काको सम्झौताको बुँदा नं.५३(६) मा मूल्य समायोजन निर्माण सामग्रीमा मात्र लागु हुने उल्लेख छ । तर कार्यालयले निर्माण सामग्री बाहेक बीमा, प्रोजेक्ट साइनबोर्ड, रिलोकेशन अफ सर्भिसेज र प्रोभिजनल सम आइटममा मूल्य समायोजन वापत रू.९ लाख २५ हजार भुक्तानी गरेको छ । सम्झौता तथा खरिद नियमावली विपरित भुक्तानी भएको मूल्य समायोजन असुल गर्नुपर्दछ । | सम्झौता तथा खरिद नियमावली विपरित भुक्तानी भएको रकम रु ९ लाख २५ हजार असुल उपर गर्ने । |
| १८ | **विशेष परिस्थितिमा खरिद** - पूर्वाधार विकास कार्यालय बझाङ्गले बाढी पहिरोका कारण क्षति भएका विभिन्न स्थानका सडक जिल्ला विपत् व्यवस्थापन समिति तथा जिल्ला प्रशासन कार्यालयको सिफारिसमा आपतकालिन अवस्थामा तत्काल सडक सुचारु गर्न निर्माण व्यवसायीसँग सम्झौता गरी रकम खर्च गरेको छ । ऐन नियममा भएको व्यवस्था अनुसार एक तहमाथिको अधिकारीलाई जनाकारी नदिएको, खरिदका अन्य विधि प्रयोग | कानून बमोजिम प्रक्रिया पुरा नगरी र प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गरेको देखिएकाले तत्कालीन कार्यालय प्रमुखलाई सचेत गराई सो को जानकारी समितिमा पठाउन निर्देशन दिने । |

| | | |
|---|---|---|
| | गर्न नसकिने कारण नखुलाएको, कामको सार्वजनिक सूचना प्रकाशन नगरेको र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी नपठाएको तथा खरिद कार्यको अभिलेख राखेको छैन । | |
| १९ | **मुल्य समायोजन बढी भुक्तानी -** पूर्वाधार विकास कार्यालय बैतडीले मुल्य समायोजन गणना गर्ने प्रयोजनका लागि आधार सूचक निर्धारण गर्दा ७ ठेक्काको ६ निर्माण व्यवसायीलाई फरक सुचाङ्क लिई मुल्य समायोजन गणना गर्दा बढी भुक्तानी भएको रू.१३ लाख ३८ हजार असुल हुनुपर्दछ । | मुल्य समायोजन गणना गर्दा बढी भुक्तानी भएको रु १३ लाख ३८ हजार असुल उपर गर्ने । |
| २० | **पाटन पञ्चेश्वर सडक स्तरोन्नति -** | |
| २०.१ | पूर्वानुमान भन्दा बढी टेवा पर्खाल लगाउनु परेको तथा बर्षाका कारण सडक एलाइनमेन्ट, पल्म कंकिट, ड्राई सोलिङ्ग, अर्थवर्क, ग्याबियन वाल, स्टोन मेशनरी कार्य तथा ह्युम पाईपको काम गराउनु परेको भनी २०७८।२।१६ मा २०.५८ प्रतिशत भेरियसन आदेश जारी भई सम्झौता रकम रू.७३ करोड ७३ लाख २५ हजार कायम भएको छ । आयोजनाको विस्तृत अध्ययन प्रतिवेदनमा नपरेका केही नयाँ र केही पुराना परिमाणमा थप घट गर्दा आईटमको लागत र समयमा वृद्धि भएको छ । | अब उपरान्त आयोजनाको विस्तृत अध्ययन प्रतिवेदनमा नपरेका र संरचनामा नै परिवर्तन आउने गरी गरिने भेरियनको कार्य नियन्त्रण गर्न निर्देशन दिने । |
| २०.२ | उक्त ठेक्काको २०७९।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप भएकोमा सो अवधिमा कार्य सम्पन्न नभएको तथा म्याद थप सम्बन्धमा कुनै कारबाही भएको नदेखिएको अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशतले सुरु सम्झौता रू.६० करोड ६४ लाख ९५ हजारको २०७९।३।३१ सम्मको पूर्व निर्धारित क्षतिपूर्ती रू.४८ लाख ५२ हजार असुल गर्नुपर्दछ । | तोकिएको समयसीमा भित्र कार्य सम्पन्न नगर्दा सार्वजनिक खरिद नियमावली बमोजिम शुरु सम्झौताको पूर्व निर्धारित क्षतिपूर्ति स्वरुपको रकम रु ४८ लाख ५२ हजार असुल उपर गर्ने । |
| | **जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु** | |
| २१ | **अधुरो कार्य -** डिभिजन कार्यालय, बैतडीले लागत अनुमान रू.१ करोड २३ लाख ५६ हजारका ७ आयोजनाको ४४ देखि ८२ प्रतिशतसम्म काम सम्पन्न भएको अवस्थामा | अब उपरान्त आयोजना अधुरो रहने अवस्था सृजना हुन नदिन आयोजनाको यथार्थ अवस्था चित्रण गर्ने गरी प्रतिवेदन तयार गर्ने । |

| | | |
|---|---|---|
| | काम सम्पन्न भएको उल्लेख गरी कार्य स्वीकार प्रतिवेदन तयार गरेको छ । आयोजनाको सम्पूर्ण काम सम्पन्न नभएको अवस्थामा आयोजना पूर्ण रुपमा सञ्चालन नहुने र आगामी वर्षमा बजेट विनियोजन समेत नहुने हुँदा त्यस्ता आयोजना अधुरो अवस्थामा रही आयोजनामा गरिएको खर्चको उच्चतम् प्रतिफल प्राप्त नहुने जोखिम रहन्छ। | |
| २२ | **विगतको भुक्तानी -** जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय बैतडीले साविक जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं २४ अन्तर्गत बैतडी, बझाङग र दार्चुला जिल्लाका २०७४।७५ मा निर्माण सम्पन्न भएका १९ आयोजनाको भुक्तानी बाँकी रहेको भनी २०७४।७५ देखि २०७८।७९ सम्म प्रत्येक बर्ष भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराई यस बर्ष १५ आयोजनाका लागि कुल रू.१ करोड ५० लाख ५२ हजार भुक्तानी गरेको छ । उक्त कार्यका लागि भुक्तानी दिने काममा अनियमितता भएको भनी उजुरी परेकोले छानबिन टोली गठन गरी छानबिन गर्दा विभिन्न कमी कमजोरी भएको उल्लेख गरेकोले यस सम्बन्धमा सोधनीसम्म नगरी अर्थात् कुनै जिम्मेवार नबनाई भुक्तानी दिने कार्य मनासिव देखिएन । | १५ आयोजनाहरुलाई भुक्तानी दिएको रकम सम्बन्धित कार्यमा उपयोग भए नभएको एकीन गरी उक्त कार्यहरुको प्रगति विवरण समेत तयार गरी पेस गरिएका प्रमाण कागजातहरुका आधारमा बेरुजुको लगत कट्टा गर्ने । |
| २३ | **सोझै खरिद-** जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कंचनपुरले यो वर्ष चौधर नदी नियन्त्रण योजना, वनहरा नदी नियन्त्रण योजना, स्याली नदी तटबन्ध योजना, सिद्धनाथ सिंचाई योजना, वनदेवी मन्दिर प्राङ्गण खोल्सामा भु-क्षय नियन्त्रण लगायतका ३७ योजनामा सोझै खरिद गरी रू.२ करोड ६७ लाख ५२ हजार भुक्तानी गरेको छ। | अब उपरान्त विनियोजित बजेटलाई टुक्रा टुक्रा पारी खरिद कार्य नगर्ने र प्रतिस्पर्धा सीमित हुने गरी बजेट व्यवस्था नगर्न निर्देशन दिने । |
| २४ | **मुल्य समायोजन -** जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कंचनपुरले एक निर्माण व्यवसायीलाई इन्धन आधार ईण्डेक्स ९५.८० रहने गरी सम्झौता गरेकोमा मूल्य समायोजन गणना गर्दाको समयको ईण्डेक्स ११३.३० प्रयोग नगरी पेट्रोलियम प्रोडक्टसको ईण्डेक्स १२०.५० प्रयोग गरेको कारण रू.३६ लाख ८२ हजार वढी मूल्य समायोजन भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ । | मुल्य समायोजन बापत बढी भुक्तानी भएको रकम रु ३६ लाख ८२ हजार असुल उपर गर्ने । |
| २५ | **उपभोक्ता समितिको योगदान -** यस वर्ष कार्यविधिले तोकेको न्यूनतम १० प्रतिशत उपभोक्ता समितिले व्यहोर्नुपर्ने व्यवस्था विपरित जलस्रोत तथा सिंचाइ विकास डिभिजन | जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय, डोटी र बाजुराले सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन |

| | | |
|---|---|---|
| | कार्यालय, डोटीले ३२५ उपभोक्ता समितिलाई रू.९३ लाख ७ हजार र जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय, बाजुराले ३८ उपभोक्ता समितिलाई रू.३३ लाख २१ हजार समेत रू.१ करोड २६ लाख २८ हजार बढी भुक्तानी गरेको छ । | सम्बन्धी कार्यविधि, २०७६ को पालना नगरी भुक्तानी दिएकोमा तत्कालीन डिभिजन प्रमुखहरुलाई सचेत गराई सो को जानकारी समितिमा पेस गर्ने साथै अब उपरान्त ऐन कानूनको अनिवार्य पालना गरी योजना कार्यान्वयन गर्ने व्यवस्थाका लागि निर्देशन दिने । |
| | **खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु** | |
| २६ | **कार्यक्षेत्र बाहिरको कार्य -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलालीबाट प्राप्त विवरण अनुसार यो वर्ष निर्माण भएका खानेपानीतर्फका १७० मध्ये ११५ आयोजना स्थानीय तहको कार्य क्षेत्र भित्रका, २ संघीय सरकारको कार्यक्षेत्र भित्रका र ५३ प्रदेश सरकारको कार्य क्षेत्रभित्रका आयोजनाको काम गरेको छ । कार्यान्वयन भएकामध्ये ३१ प्रतिशतमात्र प्रदेश तहको आयोजना कार्यान्वयन गरेको देखिन्छ । | मन्त्रालयले आफ्नो कार्यसम्पादन गर्दा ऐन, कानून तथा मापदण्डको परिधी भित्र रही प्रदेश सरकारको कार्यक्षेत्र भित्र पर्ने जिम्मेवारीहरु पालना गर्न निर्देशन दिने । |
| २७ | **गाडी खरिद -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलालीलाई जलवायु अनुकुलित वृहत खानेपानी आयोजनाका लागि संघीय सरकारबाट निकासा भएको सशर्त अनुदान रू.२१ करोड ९४ लाख ३१ हजारबाट ४ प्रतिशतसम्म निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित कार्यमा कन्टिजेन्सी खर्च गर्न सकिन्छ । भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढीको २०७९।२।२६ को पत्रानुसार सशर्त अनुदानको कन्टिन्जेन्सी रकमबाट सवारी साधन खरिद गर्न निर्देशन दिए अनुसार यस कार्यालयले क्याटलग सपिङ्ग विधिबाट रू.४८ लाख ८४ हजारको १ थान निशान किक्स एक्स एल (एस.यू.भी) गाडी खरिद गरेको छ । सो सवारी साधन भौतिक पूर्वाधार मन्त्रालयमा पठाए तापनि लेखापरीक्षण अवधिसम्म मन्त्रालयले जिन्सी दाखिला गरेको छैन । | अब उपरान्त खानेपानी संरचना निर्माण, सडक निर्माण, सार्वजनिक निर्माण जस्ता पूँजीगत खर्च शिर्षकहरुबाट कन्टिजेन्सी कट्टा गरी सवारी साधन जस्ता बिलासिताका वस्तुहरु खरिद नगर्न निर्देशन दिने । |
| २८ | **विशेष परिस्थितिमा खरिद -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलालीबाट विशेष परिस्थितितको लागि बजेट तथा कार्यक्रम माग गरेकोमा मन्त्रालयले २०७९।३।२३ मा आपतकालीन शीर्षकमा रहेको बजेटबाट रू.२ करोड निकासा गरेको छ । सो बजेटबाट कार्यालयले ३१ खानेपानी योजना र अन्य १४ आयोजनाका लागि पाइप र फिटिङ्गस खरिद गरी रू. १ करोड ६३ लाख ६ हजार खर्च गरेको छ | जिल्लास्थित विभिन्न योजनाहरु कार्यान्वयनको क्रममा रहेका र बजेट अपुग हुँदा पाईप तथा फिटिङ्सको अभाव हुन गई सम्पन्न गर्न कठिनाई हुने स्थिति रहेकाले आपतकालीन शीर्षक अन्तरगत बजेट खर्च गरिएको जानकारी भएको सन्दर्भमा अब उपरान्त मन्त्रालयबाट स्वीकृत कार्यक्रम |

| | | |
|---|---|---|
| | । मन्त्रालयबाट स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएअनुसार आपतकालीन कार्य गरेको कार्यालयको भनाइ रहेतापनि नियमानुसारको विधि र प्रक्रिया अवलम्बन गरेको छैन । | तथा प्राप्त बजेट अनुसार खर्च गर्न र विशेष परिस्थितिमा खरिद गर्दा कानूनी प्रक्रिया पुरा गरी कार्यान्वयन गर्ने व्यवस्थाका लागि निर्देशन दिने। |
| २९ | **सोझै खरिद -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडीले एउटै प्रकृतिको मालसामान पटक पटक टुक्रा गरी रू.३३ लाख २१ हजार र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डोटीले फिटिङ्गस तथा टुल्स र एचडिपिई पाइप खरिद टुक्रा पारी ४ सप्लायर्सबाट रू.३९ लाख ५१ हजारमा खरिद गरेको छ । | अब उपरान्त विनियोजित बजेटलाई टुक्रा टुक्रा पारी खरिद कार्य नगर्ने र प्रतिस्पर्धा सीमित हुने गरी बजेट व्यवस्था नगर्न निर्देशन दिने । |
| ३० | **जन श्रमदान -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडीले ४ उपभोक्ता समिति मार्फत खानेपानी योजना निर्माण कार्य गर्दा उपभोक्ता समिति र कार्यालयले बेहार्ने अंश उल्लेख गरी सम्झौता गरेकोमा वास्तविक कार्यसम्पादन रकम रू.१ करोड २८ लाख ९६ हजारको आधारमा उपभोक्ता समितिको अंश रू. १४ लाख ९२ हजार कट्टी गरी भुक्तानी दिनुपर्नेमा रू.९ लाख ५४ हजार मात्र कट्टि गरी भुक्तानी गरेकोले घटी कट्टी वापतको रकम रू.५ लाख ६५ हजार असुल गर्नुपर्दछ । | उपभोक्ता समितिको अंश रु १४ लाख ९२ हजार कट्टी गरी भुक्तानी दिनुपर्नेमा रु ९ लाख ५४ हजार मात्र कट्टी गरी भुक्तानी गरेकोले घटी कट्टी बापतको रकम रु ५ लाख ६५ हजार असुल उपर गर्ने । |
| | **शहरी विकास तथा भवन कार्यालयहरु** | |
| ३१ | **लाभग्राही समुदायबाट खरिद -** सहरी विकास तथा भवन कार्यालय, बैतडीले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना, पार्क निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत् निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । | जटिल प्रकृतिका कार्यहरु उपभोक्ता समिति मार्फत नगरी दिइएको सुझाव बमोजिम गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| ३२ | **उपभोक्ताको काम निर्माण ब्यावसायीबाट -** सहरी विकास तथा भवन कार्यालय, बैतडीले सडक कटिङ्गको काम ६ उपभोक्ता समितिमार्फत्  गर्ने गरी सम्झौता गरी कार्य गराई रू.६६ लाख ९१ हजार भुक्तानी दिएको छ । उपभोक्ता समिति स्वयंले सम्झौता बमोजिम कार्य नगरी ३ निर्माण व्यवसायीबाट गराएकोले उक्त कार्य निमयसम्मत देखिएन । | शहरी विकास तथा भवन कार्यालय, वैतडीले सडक कटिङ्गको काम ६ उपभोक्ता समिति मार्फत गर्ने गरी सम्झौता गरेकोमा ती उपभोक्ता समिति स्वयंले सम्झौता बमोजिम कार्य नगरी ३ निर्माण व्यवसायीबाट गराई कार्यालयबाट उपभोक्ता समितिलाई रु ६६ लाख ९१ हजार भुक्तानी दिई नियम विपरीत कार्य गरेकाले उक्त कार्य गराउने डिभिजन प्रमुखलाई सचेत गराउने साथै उक्त अनियमित रकमलाई नियमित गराई लगत कट्टा गर्न निर्देशन दिने । |
| ३३ | **उपभोक्ता समितिलाई बढी भुक्तानी -** शहरी विकास तथा भवन कार्यालय, डोटीले ८ उपभोक्ता समितिले विभिन्न फर्मबाट सामाग्री खरिद गरेको रू.४८ लाख ३६ हजार र ज्याला भुक्तानी गरेको डोर हाजिरी फाराम रू.२२ लाख २४ हजार समेत रू.७० लाख ६० हजारको विल भरपाई समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेस गरेकोमा उक्त कार्यको कार्य स्वीकार प्रतिवेदन अनुसार रू.९५ लाख ६५ हजार भुक्तानी दिएकोले विल भरपाई भन्दा रू. २५ लाख ५ हजार बढी भुक्तानी गरेको छ । विल भरपाई भन्दा बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ । | विल भरपाई भन्दा बढी भुक्तानी भएको रकम रु २५ लाख ५ हजार असुल उपर गर्ने । |
| ३४ | **नाफामूलक संस्थालाई अनुदान -** शहरी विकास तथा भवन कार्यालय कैलालीले ८ नाफामूलक सहकारी संस्थाको भवन निर्माणको लागि रू.८३ लाख ९३ हजार अनुदान उपलब्ध गराएको छ । समुदाय भित्र ऋण लगानी गरेर नाफा कमाउने उद्देश्यले स्थापना भएको सहकारी संस्थालाई प्रदेश सरकारबाट भवन निर्माणका लागि बजेट विनियोजन गर्नु नियमसम्मत देखिएन । | सुझाव बमोजिम गर्ने । |
| ३५ | **उपभोक्ता समितिबाट निर्माण कार्य -** शहरी विकास तथा भवन कार्यालय कैलालीले ८ उपभोक्ता समितिमार्फत भवन निर्माण, सडक कालोपत्रे एवं ढल निकास लगायतका निर्माण कार्य गराई रू.५ करोड ३९ लाख २७ हजार भुक्तानी गरेको छ । | भवन निर्माण, सडक कालोपत्रे एवं ढल निकास लगायतका जटिल प्रकृतिका निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत नगराउन निर्देशन दिने। |
| ३६ | **टुक्रापारी मर्मत तथा निर्माण -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मुख्यमन्त्री निवास मर्मत तथा निर्माणको लागि गत बर्ष २०७७।७८ मा १३ टुका गरी रू.१ | सार्वजनिक खरिद ऐन, नियमावलीको पूर्ण पालना गरी खरिद प्रक्रियामा पारदर्शीता कायम गर्दै टुक्रा टुक्रा पारी खरिद गर्ने कार्य नियन्त्रण गर्ने । |

| | | |
|---|---|---|
| | करोड २८ लाख ९१ हजार खर्च गरेकोमा यस बर्ष ६ टुक्रा गरी रू. २८ लाख २८ हजार खर्च गरेको छ । यसरी कानुनमा भएको व्यवस्था पालना नगरी एउटै प्रकृतिका कार्य एउटै स्थानमा पटक पटक टुक्रा गरी खरिद गर्ने कार्य नियमसंगत देखिएन । | |

**निकायगत बेरुजु माथिका निर्णयहरु :** **बैठक संख्या :** २४, २५, ३१ **मिति :** २०८२/०१/२८, ०१/३०, ०५/०२

## ३.९ सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**निर्णयहरु :**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **नियमावली कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले तोकेबमोजिम मन्त्रालयको कार्यक्षेत्र अनुसारका कार्यहरू पूर्णतया सम्पादन गरेको छैन । प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानुन, मापदण्ड नबनेको, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड नबनेको, लोपोन्मुख, सीमान्तकृत, गरिब जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन नभएको, प्रदेशभित्र रोजगारी प्रबर्द्धन सम्बन्धी नीति, योजना, कार्यकम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन लगायतका कार्य भएको देखिएन । | सुझाव बमोजिम गर्ने । |
| २ | **नीति तथा कार्यक्रम -** प्रदेश सभामा प्रस्तुत प्रदेशको २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये महिला र नवजात शिशुलाई स्वास्थ्य सुरक्षा प्रदान गर्न प्रादेशिक प्रसुती अस्पताल र बाल अस्पताल स्थापना गरिने, प्रदेशमा कार्यरत | पर्याप्त अध्ययन तथा विश्लेषण गरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने र बजेटगत व्यवस्था गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |

| | | |
|---|---|---|
| | कर्मचारीहरूको स्वास्थ्य उपचारको लागि प्रदेश निजामती अस्पताल स्थापना गरिने आदि जस्ता व्यहोरा कार्यान्वयन भएको देखिएन । | |
| ३ | **बजेट कार्यान्वयन -** मन्त्रालयसँग सम्बन्धित तथा कार्यान्वयन गर्नुपर्ने गरी २०७८।७९ को बजेट वक्तव्यमा उल्लिखित विभिन्न विषय र कार्यक्रममध्ये विभिन्न नागरिक आन्दोलन तथा सशस्त्र द्वन्द्वबाट शहिद तथा घाइते परिवारका लागि विशेष आत्मनिर्भर कार्यहरू सञ्चालन गर्न रू. १० करोड विनियोजन गरी यस सम्बन्धी कार्यविधी निर्माण गरी कार्यान्यनमा ल्याइने, हिंसा पीडित महिलाहरूको पुनर्स्थापना तथा सामाजिकीकरणका लागि महिला सुरक्षा गृहको निर्माणलाई विशेष प्राथमिकता दिने आदि जस्ता व्यहोरा कार्यान्वयन भएको पाइएन । | कार्यान्वयनयोग्यताको अध्ययन विश्लेषण गरी योजना वैंकमा समावेश भएका योजनाहरुका लागि मात्र वार्षिक बजेट विनियोजन गर्ने र कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |
| ४ | **कार्य सम्पादन करार** - प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं २३२ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिने, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याँकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भए पनि यस मन्त्रालयमा उक्त व्यहोरा कार्यान्वयन भएको पाइएन । | मन्त्रालयको वार्षिक लक्ष्य अनुरुप कार्यसम्पादनमा उत्कृष्ठता हासिल गर्नका लागि सचिव, महाशाखा/शाखा प्रमुख, विभागीय प्रमुख तथा कार्यालय प्रमुखहरुसँग कार्यसम्पादन करार गरी प्राप्त नतिजाको कार्यसम्पादन मुल्यांकन गर्ने व्यवस्था मिलाउने । |
| ५ | **मध्यमकालीन खर्च संरचना -** प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गरी आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेमा उक्त व्यहोरा कार्यान्वयनमा ल्याएको पाइएन । | सुझाव अनुसार गर्ने । |
| ६ | **आयोजना बैंक -** ऐनमा भएको व्यवस्था अनुसार यस मन्त्रालयबाट आयोजना बैंकमा आयोजनाको विवरण प्रविष्ट भए गरेको पाइएन । | प्रदेशको आवधिक योजनाले लिएका लक्ष्यहरु प्राप्त गर्न मध्यमकालीन खर्च संरचना र सरकारका नीति तथा कार्यक्रमबीच सामन्जस्यता कायम गर्दै विस्तृत अध्ययन तथा विश्लेषण गरी स्थानीय मागमा आधारित आयोजनाहरु छनौट गरी आयोजना वैंकमा समावेश भएका आयोजनाहरुलाई प्राथमिकताका आधारमा वार्षिक बजेटगत व्यवस्था गरी कार्यान्वयन गर्ने व्यवस्था अनिवार्य रुपमा लागु गर्ने । |

| | | |
|---|---|---|
| ७ | **योजना तथा कार्यक्रम तर्जुमा** - उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित मन्त्रालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन। | दिइएको सुझाव कार्यान्वयन गर्ने । |
| ८ | **दिगो विकास लक्ष्यको कार्यान्वयन** - प्रदेशस्तरमा लक्ष्य कार्यान्वयनको सम्बन्धमा निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन । प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक प्रभावकारी कार्यान्वनको लागि प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणाली कार्यान्वयनमा नल्याएकोले अनुगमन तथा प्रतिवेदन प्रणालीलाई स्वचालित, व्यवस्थित र नियमित बनाउनुपर्दछ । | प्रदेश नीति तथा योजना आयोगको गठन पश्चात उक्त कार्य प्रदेश नीति तथा योजना आयोगले गर्ने गरेकाले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| ९ | **आन्तरिक नियन्त्रण** - ऐनको भएको व्यवस्था अनुसार मन्त्रालय र मातहतका सबै कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन भने आर्थिक मामिला मन्त्रालयले निर्देशिका र मापदण्ड जारी गरेको पाइएन । उक्त व्यहोरा अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट अनुगमन गरेको समेत देखिएन । आन्तरिक नियन्त्रण प्रणाली मूल्यांङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदनमा औंल्याएका व्यहोरा कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको स्थिति देखियो। | मन्त्रालय र मातहत निकायहरुले सम्पादन गर्ने कार्यमा कार्यप्रभावकारिता र गुणस्तरियता कायम गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली अत्यावश्यक भएकोले यथाशिघ्र तर्जुमा गरी कार्यान्वयन गर्ने । |
| १० | **बेरुजु लगत** - यस मन्त्रालयले बेरुजुको लगत अद्यावधिक गरी राखेको र अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाएको पाइएन । | बेरुजुको लगत अद्यावधिक गरी राख्ने गरेको तर बेरुजु सम्परीक्षणमा उदाशिनता देखिएकोले सुधार गर्ने । |

| | | |
|---|---|---|
| ११ | **लेखा दाखिला -** यस मन्त्रालयले लेखापरीक्षण समय २०७९ माघसम्म एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन । ऐनले तोकेको कार्य कार्यान्वयन नहुनु मनासिव देखिदैन । | एकीकृत वित्तीय विवरण FMIS प्रणाली मार्फत तयार पार्ने गरेकोले उल्लेखित लगत कट्टा गर्ने । |
| १२ | **संघीय कार्यालयलाई अख्तियारी -** प्रदेश सरकारलाई प्राप्त रकम प्रदेश सरकारले घोषणा गरेका कार्यक्रमहरूमा लगानी गरी उच्चतम् सदुपयोग गर्नुपर्नेमा संघीय सरकार मातहतका प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गतका ६ स्वायत्त निकायलाई रू.३४ करोड १९ लाख ५२ हजार निकासा दिएको छ । निकासा दिएको रकममध्ये खर्च नभएको रकम यकिन गरी फिर्ता समेत ल्याउनु पर्नेमा सो अनुसार गरेको छैन । | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद अन्तरगतका छवटा निकायहरु प्रदेश सरकार मातहत हस्तान्तरण गरिसकेकोले ती निकायहरुलाई दिएको अख्तियारी रकम नेपाल सरकारको एकीकृत खर्च व्यवस्थापन प्रणाली मार्फत नै खर्च हुने भएकोले प्रदेश लेखा नियन्त्रक कार्यालय धनगढी कैलालीबाट निकासा लिई खर्च गर्दछन् र खर्च नभई बाँकी भएको रकम प्रदेश सरकारको संचित कोषमा नै रहने भएकोले उक्त बेरुजुको लगत कट्टा गर्ने । |
| १३ | **घर जग्गा तथा सवारी साधनको लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४(१) बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राखु पर्ने, मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको छ वा छैन बुझनु पर्ने, जग्गाधनी प्रमाण पूर्जा तयार नभए प्रचलित कानुन बमोजिम कार्यालयको नाउँमा दर्ता गराउनु पर्ने, कार्यालयमा रहेको सवारी साधनको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राखु पर्नेमा मन्त्रालयबाट सो व्यहोराको पूर्ण कार्यान्वयन हुन सकेको छैन । | घर जग्गा तथा सवारी साधनको लगत अद्यावधिक गर्ने गरेकोले उल्लेखित लगत कट्टा गर्ने । |
| १४ | **अख्तियारीमा ढिलाई -** यस मन्त्रालयले ३० वटा खेलमैदान निर्माण गर्न विनियोजन भएको रू.३ करोडबाट २०७८।११।४ मा कन्चनपुर र कैलाली जिल्लाका ११ खेल मैदान निर्माण गर्न प्रदेश खेलकुद परिषद, सुदूरपश्चिमलाई रू.१ करोड १० लाख र प्रदेश अन्तगतका ७ जिल्लाका १९ खेल मैदान निर्माण गर्न सम्बन्धित जिल्लाका सामाजिक विकास कार्यालयहरूलाई रू. १ करोड ९० लाखको अख्तियारी पठाएको । | बजेटको प्रभावकारी कार्यान्वयनका लागि समयमै अख्तियारी प्रदान गर्ने । |

| | | |
|---|---|---|
| | मन्त्रालयले अन्तिम चौमासिकमा बजेट बाँडफाँट गरी अख्तियारी पठाउँदा लक्ष्य अनुरूप कार्य सम्पादन नहुने स्थिति रहन्छ । | |
| १५ | **दरबन्दी र पदपूर्ति** - प्रदेश संरचनाको स्थापना २०७४ मा भएपछि प्रदेश लोकसेवा आयोगको स्थापना, आयोगको लागि चाहिने कानुन निर्माण, प्रदेश निजामती सेवा ऐन तथा नियमावली निर्माण र पाठ्यक्रम तर्जुमा गरी प्रदेश दरबन्दीका रिक्त पदहरू पदपूर्ति हुनुपर्नेमा यस मन्त्रालय र मातहतका ४३ निकायमा कुल दरबन्दी ७५९ रहेकोमा ५४२ पदपूर्ति भई २१७ पद रिक्त रहेको छ । | रिक्त दरबन्दीमा यथाशिघ्र पदपूर्तिका लागि आवश्यक पहल गर्ने । |
| १६ | **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** - मन्त्रालयलाई कुल रू.६ अर्ब ५१ करोड ३३ लाख ३६ हजार बजेट व्यवस्था भएकोमा संघीय सरकार मातहत तथा अन्य कार्यालयलाई निकासा दिएको रकम समेत रू.४ अर्ब ९३ करोड १३ लाख ९६ हजार अर्थात् ७५.७१ प्रतिशत खर्च भएको छ । प्रदेश सरकारको नीति तथा कार्यकम अनुसार प्राप्त बजेट रकमबाट तोकिए अनुसार कार्यक्रम सञ्चालन गरी निर्धारित लक्ष्य हाँसिल गर्दै ऐनको व्यवस्था अनुसार तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्ने । | सुझाव बमोजिम वित्तीय उत्तरदायित्व र जवाफदेहिता कायम गर्नका लागि सूचकहरु निर्धारण गरी अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गर्ने । |
| १७ | **मन्त्रालयबाट ठेक्का व्यवस्थापन** - मन्त्रालय नीति निर्माण तथा अनुगमन, मुल्याङ्कन कार्यमा संलग्न हुनुपर्नेमा विभिन्न क्याम्पस भवन, अस्पताल भवन निर्माण जस्ता कार्यको ठेक्कापट्टा व्यवस्था गरी रू. १९ करोड ८ लाखका ५ वटा ठेक्कापट्टाको खरिद सम्झौता भएको पाइयो । यस्तो प्रक्रियाबाट काम गर्ने गराउने कार्य मनासिव नदेखिएकोले खरिद सम्बन्धी कार्य मातहत कार्यालयबाटै गराउने गरी सम्बन्धित कार्यालयलाई जिम्मा दिने। | मन्त्रालय नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन लगायतका विषयमा केन्द्रित भई ठेक्का पट्टा, सेवा प्रवाह र मातहत निकायहरुबाट सम्पादन हुने काम मातहत निकायहरुलाई नै जिम्मेवारी दिने व्यवस्था मिलाउने । |
| १८ | **अनुदान वितरण** - बजेट वक्तव्यमा उल्लेख भए अनुसार एकीकृत अनुदान नीति तथा कानुन निर्माण नगरी विभिन्न क्याम्पसका लागि प्रोत्साहन अनुदान रू.३ करोड ७८ लाख २३ हजार, सामुदायिक तथा सार्वजनिक पुस्तकालयलाई पूँजीगत अनुदान रू.३५ लाख, समाज कल्याणका क्षेत्रमा काम गर्ने संघ संस्थालाई अनुदान रू.४२ लाख २१ हजार सहित रू.४ करोड ५५ लाख ४४ हजार अनुदान उपलब्ध गराएको छ । | अब उपरान्त वार्षिक बजेट वक्तव्यमा उल्लेखित व्यहोराको पूर्णतया कार्यान्वयन गर्ने । |

| | | |
|---|---|---|
| १९ | **हेलिकप्टरबाट उद्धार -** बिरामीको अवस्था र उपचारको स्थितिलाई विश्लेषण गरेर हेलिकप्टरबाट उद्धार गर्ने सम्बन्धमा नीति तथा कार्यविधि बनाउनुपर्नेमा सो बेगर यो वर्ष ३ व्यक्तिलाई हेलिकप्टरबाट उद्दार गरेको भनी रू.२९ लाख ३० हजार खर्च गरेको छ । | गर्भवती सुत्केरी महिला र ज्यान जोखिममा परेका विरामीलाई हवाई उद्धार गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम बिरामीको अवस्थाको विश्लेषण गरी हवाई उद्धार गर्ने गरिएकोले उल्लेखित लगत कट्टा गर्ने । |
| २० | **आर्थिक सहायता -** मन्त्रालयबाट आर्थिक सहायता स्वरुप उपलब्ध गराएको रकम वितरण पश्चात निर्देशिका अनुसार सहायता भुक्तानी भएको विवरण मन्त्रालयको वेवसाइटमा त्रैमासिक रुपमा सार्वजनिक गर्नुपर्नेमा विवरण सार्वजनिक गरेको पाइएन । | अब उपरान्त मन्त्रालयबाट गरिने क्रियाकलापहरु सर्वसाधारणको जानकारीमा ल्याई जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन गर्न अनिवार्य रुपमा सार्वजनिकरण गर्ने व्यवस्था मिलाउने । |
| २१ | **छात्रवृत्ति वितरण -** यस आर्थिक बर्ष र विगतमा वितरित छात्रबृत्ति सम्बन्धमा एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ को बुँदा नं २१ बमोजिम नियमित अनुगमन मूल्याङ्कन गर्दै छात्रवृत्ति रकमको उच्चतम सदुपयोग भएको सुनिश्चितता गर्ने । | मन्त्रालयबाट प्रदान गरिएको छात्रवृत्तिको सदुपयोग भएको सुनिश्चित गर्न नियमित रुपमा अनुगमन मुल्यांकन गरी प्रतिवेदन पेस गर्ने व्यवस्था मिलाउने । |
| २२ | **अनुगमन मूल्याङ्कन -** अनुगमन, मूल्याङ्कनबाट आगामी बर्ष सञ्चालन गरिने कार्यक्रमका लागि गर्नुपर्ने सुधारको व्यहोरा समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेस हुनुपर्नेमा भ्रमण खर्च फस्योंट गर्ने प्रयोजनका लागि मात्र भ्रमण प्रतिवेदन पेस गर्ने गरेको देखिन्छ । यस्तो प्रतिवेदनबाट खर्चको औचित्य पुष्टि हुने देखिंदैन यस सम्बन्धमा विगत बर्ष देखि औंल्याउँदै आएकोमा सुधार भएको पाइएन । | अनुगमन मुल्यांकनलाई आवश्यकता र औचित्यताका आधारमा नियमित गरी नतिजामुलक बनाउने । |
| २३ | **परामर्श सेवा खरिद -** मन्त्रालय समग्र प्रदेशको नीति निर्माण तथा अनुगमन, मुल्याङ्कन कार्यमा केन्द्रित रहनु पर्नेमा परामर्श सेवा खरिद तथा निर्माण कार्यमा संलग्न रहेको मनासिव देखिदैन । | डि.पी.आर. तयार भएको सेती प्रादेशिक अस्पतालको निर्माणका लागि चालु आर्थिक वर्ष २०८१/०८२ मा बजेट विनियोजन गरिएको र अन्य डि.पी.आर. कार्यान्वयनको चरणमा नरहेको देखिएकाले अनिवार्य रुपमा बजेटको व्यवस्था गरी कार्यान्वयन गर्ने । |
| २४ | **कार्यक्रममा दोहोरोपना -** श्रम, शिक्षा, स्वास्थ्य जस्ता निकायहरूले सरोकारवालालाई दिने तालिम कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहबाट समानान्तर रूपमा सञ्चालन भएको देखियो । संघ तथा स्थानीय तहबाट संचालित योजनाको प्रगति विवरण प्राप्त गरी दोहोरोपना न्यूनीकरण गर्न संरचना स्थापना लगायतका व्यवस्थाको अभावमा योजना/कार्यक्रम सञ्चालनमा दोहोरोपना हुने उच्च सम्भावना रहन्छ । यसले गर्दा | सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट तर्जुमा गर्नुपूर्व सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित भई प्रत्येक स्थानीय तहहरुसँग छलफल परामर्श गर्दै दोहोरोपना नहुने गरी मागमा आधारित योजनाहरुका लागि बजेट विनियोजन गर्ने व्यवस्था अनिवार्य गर्ने । |

| | | |
|---|---|---|
| | योजनागत बजेट खर्चमा दोहोरोपना समेत पर्न गई विनियोजित रकम दुरुपयोगको जोखिम समेत रहेको छ । | |
| २६ | **अस्पताललाई अनुदान -** बयलपाटा अस्पताल अछामले सामान्य लक्षण भएका ७२ बिरामीको ७२२ दिनको रू.३ हजार ५०० का दरले रू.२५ लाख २७ हजार र मध्यम एवं जटिल लक्षण भएका ४४ विरामीको ३१७ दिनको रू.७ हजारका दरले रू.२२ लाख १९ हजार गरी रू.४७ लाख ४६ हजार खर्च भएको विवरण पेस गरेता पनि निर्देशिका अनुसार खर्च पुष्टी गर्ने विल, भरपाई लगायत अन्य आवश्यक कागजात पेस गरेको छैन । उक्त खर्च सम्बन्धमा मन्त्रालयबाट अनुगमन, मूल्याङ्कन गरी खर्च रकम यकिन गरेको छैन । | कोभिड-१९ संक्रमण उपचार गराउने सम्बन्धी आदेश, २०७७ बमोजिम दिइएको अनुदान रकमको खर्च सम्बन्धी पुष्ट्याई र कार्यालयको अनुगमन मुल्यांकन प्रतिवेदन लिई उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| २७ | **स्वास्थ्य चौकीलाई अनुदान -** वित्थडचिर गाँउपालिका, बझाङ्गको स्याँडी स्वास्थ्य चौकीलाई कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्न रू. १० लाख भुक्तानी दिएको छ । उक्त स्वास्थ्य चौकीलाई बजेट खर्च गर्न अख्तियारी नरहेकोले मन्त्रालयले सोझै निकासा दिन मिल्दैन । त्यस स्वास्थ्य चौकीले खर्च भएको पुष्टी हुने विल भरपाई, प्रगति प्रतिवेदन लगायत खर्च प्रमाणित हुने अन्य कागजात पेस नगरेको हुँदा खर्चको यथार्थता यकिन गर्न सकिएन । | बित्थडचिर गाउँपालिका, स्याडी स्वास्थ्य चौकीलाई कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्न दिएको अनुदान रकम रु १० लाखको खर्च भएको पुष्टी हुने बिल भरपाई, प्रगति प्रतिवेदन तथा खर्च प्रमाणित हुने अन्य कागजात लिई बेरुजुको लगत कट्टा गर्ने । |
| २८ | **कार्य विवरण बेगर कार्यालय स्थापना -** सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद) को २०७८।३।३ को स्वीकृति बमोजिम मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिको २०७८।६।१४ को निर्णय अनुसार स्पष्ट कार्य विवरण र औचित्य बेगर कञ्चनपुर जिल्लामा प्रादेशिक स्वास्थ्य प्रबर्द्धन केन्द्र स्थापना गरेको छ । सो कार्यालय २०७९ बैशाखमा स्थापना भएपछि तीन महिनाको अवधिमा रू.३८ लाख ७७ हजार खर्च भएको छ । | औचित्य बेगर स्थापना भएका कार्यालयहरु एकीन गरी खारेज वा समायोजन गर्न निर्देशन दिने । |
| २९ | **बढी भुक्तानी -** शिक्षा निर्देशनालय डोटीले भागेश्वर माध्यमिक विद्यालयमा विद्यार्थी आवास भवन निर्माण कार्यका लागि एक निर्माण व्यवसायीलाई नापी किताब अनुसार | बढी भुक्तानी भएको रकम छ लाख अन्ठाउन्न हजार दुई सय तेह्र रुपैया वैंक दाखिला भई सम्परीक्षण समेत भईसकेकोले उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| | दोश्रो रनिङ्ग बिलको रू. १८ लाख ७४ हजार भुक्तानी दिनुपर्नेमा रू.२५ लाख ३२ हजार भुक्तानी गरेकोले बढी भुक्तानी दिएको रू.६ लाख ५८ हजार असुल हुनुपर्दछ । | |
| | **सेती प्रादेशिक अस्पताल** | |
| ३१ | **दरबन्दी तथा पदपूर्ति -** यस अस्पतालका लागि १९२ दरबन्दी रहेकोमा ११७ पदपूर्ति भई प्रमुख मेडिकल सुपरिटेन्डेन्ट १ र विशेषज्ञ चिकित्सक १३ समेत कुल ७५ दरबन्दी रिक्त रहेको छ । स्वीकृत दरबन्दीमध्ये जनरल फिजिसियन, अब्सट्रेटिसियन एण्ड गाइनाकोलोजिस्ट, सर्जन, साइक्याट्रिष्ट, एनेस्थेसियोलोजिस्ट लगायतको पदपूर्ति भएको छैन । कार्डियोथेरासिस सर्जन, न्युरो सर्जन, नेफ्रोलोजिस्ट लगायतका चिकित्सकको दरबन्दी नै रहेको पाइएन । स्वीकृत दरबन्दी सबै पदपूर्ति नहुनु र अन्य आवश्यक दरबन्दी नै नराख्नु आदि अवस्थाले गुणस्तरीय सेवा प्रवाहमा कठिनाई परेको देखिन्छ। | स्वास्थ्य सेवा जस्तो अत्यन्तै महत्वपूर्ण क्षेत्रमा अत्यावश्यक सेवा अन्तरगतका दरबन्दी पदपूर्ति नहुनु, अन्य आवश्यक दरबन्दी नहुँदा गुणस्तरीय सेवा प्रवाहमा कठिनाई परिरहेकोले यथाशिघ्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक दरबन्दी पदपूर्तिको व्यवस्था गर्न निर्देशन दिने । |
| ३२ | **अस्पतालको सेवा प्रवाह -** अस्पतालमा आएका बिरामीमध्ये अस्पतालले सेवा दिन नसकने भई अन्यत्र रेफर गरेको बिरामी संख्या अभिलेख व्यवस्थित नराखेकोले संख्या एकीन भएन । अस्पतालको सेवा प्रवाह गर्न भवन लगायत स्थान अपुग भएको, सरसफाई पर्याप्त रुपमा नभएको, विभिन्न कर्मचारी तथा प्राविधिक जनशक्ति अपर्याप्त भएको लगायत कारणले सेवा प्रवाहमा कठिनाई भएको अवस्था छ । | दिइएको सुझाव बमोजिम सुधार गर्ने । |
| ३३ | **उपकरण तथा सामग्री खरिद -** | |
| ३३.१ | अस्पतालले स्थानीय बजारका सप्लायर्सबाट दररेट लिई औषत मूल्य कायम गरी लागत अनुमान तयार गरेको छ । अस्पतालले खरिद गर्न लागेका उपकरण तथा मालसामान अन्य सार्वजनिक निकायबाट खरिद भए नभएको तथा अस्पतालले सोही प्रकृतिको मालसामान पहिले खरिद गरे नगरेको सम्बन्धमा लागत अनुमान सम्बन्धी निर्णयमा उल्लेख गरेको छैन । लागत अनुमान तथ्यपरक र भरपर्दो छ भन्ने अवस्था रहेन । | उक्त प्रकृतिका मेशिनरी उपकरणहरु यस अस्पतालले खरिद नगरेको तथा अन्य समान प्रकृतिका स्वास्थ्य संस्थाले पनि खरिद नगरेकोले स्थानीय बजारबाट दररेट लिई लागत अनुमान तयार गरेको देखिएकोले लगत कट्टा गर्ने । |
| ३३.२ | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४५ मा विशेष परिस्थितिमा दशलाख रुपैंयाँभन्दा बढी रकमको खरिद गरेको भए त्यसरी खरिद गरेको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयमा | बोलपत्र आव्हान र स्वीकृत भएको सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np मा अपलोड गरिएकोले उल्लेखित बेरुजु लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| | पठाउनु पर्नेमा सार्वजनिक सुचना प्रकाशन गरेको र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी पठाएको पाइएन । | |
| ३३.३ | विशेष परिस्थितिमा छोटो प्रक्रियाबाट खरिद प्रक्रिया सुरु गरेको कार्यलाई सामान्य अवस्थाको ठेक्कामा जस्तै गरी पूर्व निर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको देखियो । अस्पताल उपकरणहरू ढिला सप्लाई भएकोले कोभिड-१९ महामारी नियन्त्रण तथा उपचारमा ती उपकरणको उपयोग भएको देखिएन । | नेपाल सरकारको निर्णयानुसार कोरोना अवधिमा खरिद गरिएका सामाग्रीहरुमा म्याद थप गर्दा पूर्व निर्धारित क्षतिपूर्ति नलगाउने निर्णय भएको देखिएकोले उक्त बेरुजुको लगत कट्टा गर्ने । |
| ३४ | **हेमोडाइलासिस सेवा -** अस्पताल र एक हेल्थ केयर प्रा.लि बीच सम्झौता भई २०७५ ज्येष्ठबाट हेमोडाइलासिस सेवा सञ्चालन भएकोमा प्रतिव्यक्ति प्रति सेसन रू.२ हजार ५०० का दरले रू. १ करोड ८० लाख २८ हजार खर्च भएकोमध्ये रू.५५ लाख ५५ हजार स्वास्थ्य सेवा विभागले सोधभर्ना नपठाएकोले उक्त प्रा.लि. लाई भुक्तानी हुन सकेको छैन । यस्तो अवस्थामा कार्य सञ्चालन गर्न कठिन भएको जनाई प्रा.लि. ले २०७९।८० मा सम्झौता नवीकरण नगरेकोले अस्पतालमा उपलब्ध १४ मेसिनबाट सेवा प्रदान गर्दै आएको छ । सम्झौता अनुसार सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानु पर्नेमा रकम भुक्तानी गर्न नसकेको भनी सम्झौता नवीकरण नै नहुनु मनासिव देखिएन । | रकम भुक्तानी भईसकेकोले लगत कट्टा गर्ने र सुझाव बमोजिम हेमोडाइलासिस सेवा प्रवाहमा जोड दिने । |
| ३५ | **स्वास्थ्य बीमा -** यस अस्पतालबाट २०७८।७९ को स्वास्थ्य बीमा कार्यक्रम अर्न्तगत रू.६ करोड ४७ लाख ४१ हजार खर्च दावी गरेकोमा रू.२ करोड २९ लाख ३४ हजार प्राप्त हुन नसकेको देखियो । | प्राप्त हुन नसकेको रकम रु २,२९,३३,६८४। का सम्बन्धमा वीमा बोर्डमा पत्राचार गर्दा पटक पटक गरी सोधभर्ना भईसकेकोले लगत कट्टा गर्ने । |
| ३६ | **फार्मेसी सेवा -** अस्पतालले फार्मेसी सेवाको अलग्गै आय व्यय तथा लेखाङ्कन नगरी कार्य सञ्चालन कोषबाटै सञ्चालन गरी आएकोमा २०७९।२।१ बाट फार्मेसी सेवातर्फको अलग्गै कोष सञ्चालन गरेको जनाएकोले फार्मेसी सेवालाई भरपर्दो र विश्वसनीय बनाउनका लागि फार्मेसी सञ्चालनका लागि तोकिएको प्रक्रिया पुरा गर्दै सञ्चालन गर्न आवश्यक देखिन्छ । साथै उधारो असुल हुन बाँकी रकम समेत समयमै असुल उपर गरी फरफारक गर्नुपर्ने देखिन्छ । | अस्पतालले फार्मेसी तर्फको हिसाबको आय व्यय अलग राख्ने गरिसकेको र अन्य शाखा तथा निकायबाट सोधभर्ना लिनुपर्ने रकम सोधभर्ना लिईसकेकोले उक्त बेरुजुको लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| ३७ | **बिक्री मूल्य -** अस्पातलले सञ्चालन गरेको फार्मेसीले औषधि र औषधिजन्य सामग्रीको बिक्री मूल्य निर्धारण गर्दा खरिद मूल्यमा २० प्रतिशत नबढाई निर्धारण गर्नुपर्नेमा अधिकतम बिक्री मूल्य र खरिद मूल्यको औषत निकाली सोही मुल्यलाई बिकी मुल्य कायम गरेको छ । लेखापरीक्षणको क्रममा केही औषधिको बिक्री मुल्य परीक्षण गर्दा ७ प्रकारका औषधिमा निर्देशिका अनुसार हुनुपर्ने भन्दा घटी र १३ प्रकारका औषधिमा हुनुपर्ने भन्दा बढी मुल्य कायम गरे अनुसार प्रति इकाई रू. १७ घटी देखि रू.२१ बढीसम्म मुल्य निर्धारण गरेको छ । | अब उपरान्त खरिद मुल्य र बिक्री मुल्य निर्धारण गर्दा अनिवार्य रुपमा निर्देशिकामा उल्लेख भए बमोजिम गर्ने। |
| ३८ | **असुल हुन बाँकी भाडा -** | |
| ३८.१ | कार्यालयले तयार गरी पेस गरेको विवरण अनुसार २०७९ श्रावणदेखि पौषसम्मको र आर्थिक बर्ष २०७८।७९ को कुल असुल हुन बाँकी रू.७१ लाख २४ असुल हुन बाँकी रहेको छ । | सेती प्रादेशिक अस्पतालले आफ्नो स्वामित्वमा रहेका सटर, कोठा लगायत भाडामा लगाए बापत २०७९ श्रावणदेखि पौषसम्मको र आर्थिक वर्ष २०७८/०७९ को कुल असुल हुन बाँकी रकम रु ७१ लाख २४ हजार असुलउपर गर्ने । |
| ३८.२ | सम्झौता अनुसार बुझाउनुपर्ने कर अस्पतालले बुझाएकै आधारमा भाडामा लिने व्यक्तिलाई उन्मुक्ति दिनु मनासिव नदेखिएकोले २०७८।७९ मा बुझाएको रकमको २ प्रतिशतले हुने रू.१ लाख ४२ हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ । | उल्लेखित व्यवसायीहरुसँग उपमहानगरपालिकामा सम्झौता अनुसार बुझाउनु पर्ने २ प्रतिशतले हुने कर रु १ लाख ४२ हजार सम्बन्धित व्यवसायीहरुबाट असुलउपर गर्ने । |
| | **प्रदेश खेलकुद परिषद् कैलाली** | |
| ३९ | **परामर्श सेवा खरिद -** | |
| ३९.१ | उक्त सबै कामको लागि एउटै प्याकेज बनाई खरिद गर्न सकिने अवस्थामा समेत तीन प्याकेज बनाएकोले खरिद कार्यमा प्रर्याप्त प्रतिस्पर्धा हुन सकेको देखिएन । | एकमुष्ट रुपमा विनियोजन भएको रकमलाई टुक्याई प्रतिस्पर्धा बेगर परामर्श सेवा खरिद गरेको देखिएकोले अब उपरान्त यस्तो खर्च गर्दा अनिवार्य रुपमा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद कार्य अगाडी बढाउने। |
| ३९.२ | भवन लगायतका संरचना निर्माण गर्न प्रदेश सरकार मातहत शहरी विकास तथा भवन कार्यालय रहेको र यस प्रकारका प्राविधिक कामहरू सोही प्राविधिक कार्यालयबाट गराउँदा बढी प्रभावकारी, विश्वसनीय र मितव्ययी समेत हुन सक्नेमा प्राविधिक जनशक्ति | भवन निर्माण जस्ता प्राविधिक कार्यको लागि शहरी विकास तथा भवन कार्यालयसँग अनिवार्य रुपमा समन्वय गरी कार्य गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | नै नभएको कार्यालयबाट प्राविधिक विषयको परामर्श सेवाको काम गराएको मनासिव देखिएन । | |
| ३९.३ | माथि उल्लेखित सबै कार्यका प्राविधिक र आर्थिक प्रस्ताव खुल्ला रुपमा प्राप्त गरी प्राप्त प्रस्तावमा तोकिएको डी.पी.आर.को काम गर्न सक्ने प्राविधिक भएको प्रमाण कागजात लगायतका आवश्यक प्रमाण कागजात पेस नै नभएको अवस्थामा प्राविधिक प्रस्तावमा सबैलाई उतिर्ण देखाइ आर्थिक प्रस्तावको अंक समेत जोडेर उच्च अंक ल्याएको भनी सम्झौता गर्नुले परामर्श सेवा लिने कार्य पारदर्शी र मितव्ययी रुपमा भएको भन्ने अवस्था देखिएन । | अब उपरान्त परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७६(५) बमोजिमको प्रक्रिया अनिवार्य रुपमा अबलम्बन गर्ने । |
| ३९.४ | परिषदले बैंक ग्यारेन्टी जमानत समेत नलिई तथा काम गरेको देखिने प्रमाण बेगर पेश्की समेत नजनाई तीन फर्मलाई कुल रू.२७ लाख ८२ हजार पेश्की दिएको पाइयो। यसरी नियम विपरित पेश्की दिने कार्य मनासिव देखिएन । | अब उपरान्त सार्वजनिक खरिद ऐन/नियमको अनिवार्य रुपमा पालना गर्ने र पेश्की दिदा अनिवार्य रुपमा वैक जमानत लिई पेश्की दिने व्यवस्था मिलाउने । |
| ३९.५ | मन्त्रालयले परामर्श सेवाको लागत अनुमान तयार गर्दा टिम लिडरका लागि संघीय सरकारको राजपत्राँङ्कित द्वितिय श्रेणीको कर्मचारीले मासिक पाउने तलब रू.४० हजार ३८० लाई २.७ ले गुणा मासिक पारिश्रमिक निर्धारण गरेको र स्ट्रक्चरल इन्जिनियर, आर्किटेक्ट र सिभिल इन्जिनियरका लागि राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीले पाउने मासिक पारिश्रमिक रू.३५ हजार ९९० लाई २.७ ले गुणा गरी मासिक पारिश्रमिक निर्धारण गरी लागत अनुमान तयार गरेको देखिन्छ । | लागत अनुमान तयार गर्दा सरकारी निर्देशिका तथा नर्मसको अनिवार्य रुपमा पालना गर्न निर्देशन दिने । |
| ३९.६ | टिकापुरमा खेलकुद मैदान निर्माण गर्ने कार्यको कुल लागत अनुमान रू.१६ करोड ८५ लाख भएको कार्यलाई रू. १९ लाख ५२ हजार, महेन्द्रनगरमा गरिने कार्यको कुल लागत अनुमान रू.२७ करोड ९३ लाख भएको कार्यलाई रू.९ लाख ९८ हजार र धनगढीमा गरिने कार्यका लागि कुल लागत अनुमान रू.६४ करोड ७९ हजारका लागि रू. १९ लाख ५२ हजार भुक्तानी दिएर काम गराएको छ। उक्त व्यहोरा अनुसार थोरै लागत अनुमान भएको कार्यका लागि बढी र कम लागत अनुमान हुने कार्यका लागि बढी भुक्तानी हुने गरी काम गराउनुको कारण नखुलाएको । | कामको लागत तथा परिमाणको विस्तृत अध्ययन गरी मात्र लागत अनुमान तयार गर्ने र कामको लागतको अनुपातमा खर्च हुने गरी लागत अनुमान तयार गर्न निर्देशन दिने । |
| ३९.७ | डी.पी.आर. तयारी गर्ने कार्यको लागत अनुमान देखि नै केही कमजोरी देखिएकोले त्यस्ता कमी कमजोरी र त्रुटीलाई सुधार गरी प्राप्त डी.पी.आर. का आधारमा निर्माण | सुझाव बमोजिम गर्ने । |

| | | |
|---|---|---|
| | कार्य गर्दा कठिनाई नआउने सुनिश्चितता सहित मन्त्रालयको समेत सहमति रहेको प्रमाण पेस हुनुपर्दछ । | |
| ४० | **खेल मैदान निर्माण -** परिषदले यस बर्ष कैलाली र कन्चनपुरका कुल ११ खेल मैदानमध्ये ३ निर्माण व्यवसायीबाट रू.२८ लाख ९० हजार र ७ उपभोक्ता समितिबाट काम गराई कुल रू.१ करोड ४ लाख खर्च लेखेको छ । परिषद् कार्यालयमा प्राविधिक कर्मचारी नै नरहेको अवस्थामा कार्यालयले उपभोक्ता समितिले गरेको कामको यथार्थ मूल्याङ्कन तथा नापजाँच गरी काम भए गरेको छ भन्ने अवस्था देखिएन । यसरी निर्माण गराईएका खेलकुद मैदानको स्वामित्व नखुलाएको र सम्बन्धित स्थानीय तहको सिफारिस समेत लिएको देखिदैन । सामाजिक विकास मन्त्रालयले प्राविधिक कर्मचारी दरबन्दी नै नरहेको खेलकुद परिषद्लाई निर्माण कार्यको अख्तियारी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ। | सुझाव अनुसार गर्ने । |
| ४१ | **भुक्तानी दिन बाँकीको कच्चावारी -** यस कार्यालयले २०७५ फाल्गुन २९ देखि चैत्र ९ गतेसम्म सञ्चालित प्रथम मुख्यमन्त्री कप खेलकुद प्रतियोगिताको पुरस्कार रकम भनी कार्यक्रम सम्पन्न भएको ४ वर्ष पछि यो बर्ष रू. ११ लाख २४ हजार भुक्तानी दिएको देखिन्छ । यस सम्बन्धमा सुदूरपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास परिषद्को २०७९।५।२ को पत्रबाट पुरस्कारका लागि सिफारिस भएका व्यक्तिका नामावली सहितको पत्र प्राप्त भए पनि गर्नुपर्दछ । पुरस्कार वितरण गरेपछि मात्र सिफारिस प्राप्त भएको देखियो । | सुदूरपश्चिम प्रदेश क्षेत्रीय खेलकुद विकास समिति विघटन नहुँदै खेलाडीहरुलाई पुरस्कार दिने निर्णय गरी उक्त समितिको खातामा मौज्दात रहेको रकम खेलकुद परिषद् स्थापना भईसकेपछि वितरण गरेको देखिएकोले अब उपरान्त यस्ता रकमहरु वितरण गर्दा अनिवार्य रुपमा भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरेर मात्र भुक्तानी दिने व्यवस्था गर्न निर्देशन दिने । |

<u>निकायगत बेरुजु माथिका निर्णयहरु</u> : वैठक संख्या : १८ मिति : २०८२/०१/११

**३.१० मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली**

<u>निर्णयहरु</u> :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **मुद्दाको स्थिति -** मुख्य न्यायाधिवक्ताको तर्फबाट गत वर्षको बाँकी ३३ र यो वर्ष थप २७ समेत ६० मुद्दामध्ये सर्वोच्च अदालतमा ४६, उच्च अदालतमा १२ र जिल्ला अदालतमा २ मुद्दासम्बन्धी लिखित जवाफ प्रस्तुत गर्ने, बहस पैरवी गर्ने, प्रतिरक्षा गर्ने, निवेदन मस्यौदा गर्ने समेतका कार्य सम्पादन भएकोमा सोमध्ये ५ मुद्दा फस्यौंट भई ५५ मुद्दा बाँकी रहेका छन् । | प्रदेश सरकार मातहतका निकायबाट प्राप्त भएका लिखित जवाफ मुख्यन्यायाधिवक्ताको कार्यालयबाट अदालत समक्ष पेस हुने र अदालतबाट पेशी तोकिएको दिन बहस पैरवी तथा प्रतिरक्षा गर्ने भएकाले मुद्धा फछ्यौट कार्यमा सर्वोच्च अदालतको भूमिका बढी हुने हुँदा कार्यालयको तर्फबाट कुनै पनि कमी कमजोरी नगरी मुद्धा फछ्यौटका लागि आवश्यक पहल गर्न निर्देशन दिने । |
| २ | **कानुनी राय -** यस बर्ष कार्यालयले जम्मा ४ कानुनी राय उपलब्ध गराएको विवरण पेस गरेको छ । | प्रदेश सरकार अन्तरगतका चारवटा निकायबाट लिखित रुपमा राय माग गरिएका विषयमा राय प्रदान गरेको देखिएकोले अब उपरान्त कुनै पनि निकायबाट कानूनी राय माग गर्दा लिखित रुपमा मात्र माग गर्ने व्यवस्था गराउने । |
| ३ | **हिरासत तथा थुनुवा कक्ष -** यो वर्ष कार्यालयले ५ कारागार कार्यालय र १ बाल सुधार गृहको अनुगमन गरी प्रतिवेदन पेस गरेको छ । प्रतिवेदन अनुसार कारागार कार्यालयहरूको थुनुवा क्षमता ४०० रहेकोमा ८३९ बन्दी रहेको र डोटी जिल्ला स्थित बाल सुधार गृहमा सुधार गर्नुपर्ने व्यहोरा उल्लेख गरेको छ । निर्देशिका अनुसार गर्नुपर्ने अनुगमन गरी देखिएका व्यहोरा सम्बन्धमा प्रतिवेदन तयार गरी कार्यान्वयनको अवस्था समेत अनुगमन गर्नुपर्ने देखिन्छ । | महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त परिपत्रबाट कारागार कार्यालयहरुको अनुगमन गरी प्रतिवेदन पेस गर्न निर्देशन दिइएको र प्रतिवेदनमा उल्लेखित व्यवस्था कार्यान्वयनका सन्दर्भमा कानूनी तथा आर्थिक रुपमा कुनै पनि व्यवस्था नभएकोले केही गर्नु नपर्ने । |

<u>निकायगत बेरुजु माथिका निर्णयहरु</u> : वैठक संख्या : १८ मिति : २०८२/०१/११

## ३.११ प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

<u>निर्णयहरु</u> :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **आवधिक योजना -** प्रदेश पहिलो आवधिक योजनाले लिएका लक्ष्यहरु प्राप्तिका लागि दक्ष जनशक्तिको अभाव हुनु, पर्याप्त अध्ययन एवं पूर्व तयारी विनाका आयोजना बजेटमा समावेश गर्नु, चालू खर्चको तुलनामा पूँजीगत खर्च अपेक्षित रुपमा बढन नसक्नु र आर्थिक अनुशासनको पालनामा कमी हुनु त्यसैगरी खर्च गर्ने क्षमताभन्दा बढी बजेट माग हुनु, निर्धारित समय, लागत, परिमाण र गुणस्तरमा आयोजना सम्पन्न नहुनु, क्रमागत आयोजनाको संख्या अधिक हुनु र आयोजना सुशासन कायम हुन नसक्नु जस्ता समस्याहरु औंल्याइएको छन् । | अब उपरान्त आयोजना वैंक व्यवस्थापन प्रणाली पूर्णतया लागु गर्ने, प्रदेशको आवधिक योजनाले निर्धारण गरेका लक्ष्य हासिल गर्न सम्बद्ध निकायबीच समन्वय र सहकार्य गर्न निर्देशन दिने । |
| २ | **प्रदेश विकास परिषद -** परिषदको २०७८।१२।१४ मा बसेको प्रथम बैठकले प्रदेशको प्रथम पञ्चबर्षीय योजना स्वीकृत गरेकोमा थप बैठक बसेको छैन । | प्रदेशको समग्र विकास निर्माण कार्यमा प्रभावकारिता ल्याउन गठन भएको प्रदेश विकास परिपद्लाई क्रियाशील बनाउने र परिषद्ले गरेका निर्णयहरु अनिवार्य कार्यान्वयनको व्यवस्था गर्न निर्देशन दिने । |
| ३ | **मध्यमकालीन खर्च संरचना -** आर्थिक वर्ष २०७८।७९ लाई आधार मानी २०७९।८० देखि २०८१।८२ सम्मको लगि रू.१ खर्ब २१ अर्ब ६३ करोड खर्च हुने अनुमान गरेता पनि सो अनुसार कार्य सम्पादनको प्रक्रिया अगाडि बढाउन विषयगत मन्त्रालयलाई सुझाव दिएको छैन । त्यस्तै सोअनुसार भएका कामको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छैन । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| ४ | **अनुगमन तथा मूल्याङ्कन निर्देशिका -** सुदूरपश्चिम प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८ ले तोके अनुसार अनुगमन सम्बन्धी कार्यका लागि विद्युतीय अनुगमन प्रणाली लगायत अनुगमनका विभिन्न प्रणाली कार्यान्वयन गर्दै तोकिएको ढाँचामा विभिन्न फाराम प्रयोगमा ल्याई निर्देशिकाको बुँदा नं. २२ बमोजिम अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनको विश्लेषण गरी त्यसमा देखिएका कमी कमजोरीमा सुधारका लागि आवश्यक कारबाही गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । | अनुगमन तथा मुल्यांकन निर्देशिकाको अनिवार्य कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५ | **कार्य सम्पादन करार -** प्रदेश सरकारको २०७८।७९ बजेट वक्तव्यको बुँदा नं. २३२ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख छ । तर सो अनुसार कार्यसम्पादन करार गरेको छैन । | लामो समयदेखि आयोगमा सचिव पद रिक्त रहेको हुँदा यथाशिघ्र सचिवको व्यवस्थापन गर्न पहल गर्ने । |
| ६ | **दरबन्दी तथा पदपूर्ति -** कार्यालयमा १८ स्थाई दरबन्दी रहेकोमा ३ स्थायी र करारबाट ७ सहित १० पदपूर्ति भई अधिकृतस्तरका ३, सहायकस्तर ५ समेत कुल ८ दरबन्दी रिक्त रहेको पाइएकोले रिक्त दरबन्दी पदपूर्ति गरी कार्यसम्पादन प्रभावकारी बनाउनु पर्दछ । | रिक्त रहेका दरबन्दी पदपूर्तिका लागि आवश्यक पहल गर्ने र आयोगको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन निर्देशन दिने । |
| ७ | **दीगो विकास लक्ष्य -** आयोगले दीगो विकासका लक्ष्यहरूको आधार सूचकाँक तयार गरी परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेको छैन । दीगो विकासका सूचक र लक्ष्यहरूलाई आन्तरिकीकरण गरी मध्यमकालीन सूचकहरू निर्धारण गर्ने र ती सूचकको आधारमा अनुगमन गरी योजना कार्यान्वयनको अवस्था मूल्यांकन गर्नुपर्दछ । | सुझाव अनुसार गर्ने । |
| ८ | **आयोजनाको वर्गिकरण र आयोजना बैंक -** प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेशस्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्ने व्यवस्था अनुसारको कार्य आयोगबाट गरेको देखिएन । | आयोजना वैंक बनेको तर कार्यान्वयनमा आउन नसकेकोले यथाशिघ्र लागु गर्ने । |

| | | |
|---|---|---|
| ९ | **योजना तथा कार्यक्रम तर्जुमा -** उल्लेखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरेका योजना तथा कार्यकमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन् भन्न सकिने अवस्था देखिदैन। | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १० | **आवधिक योजनाको समीक्षा -** आयोगले यो वर्षका लागि तोकिएका सूचक र सोको प्रगतिको समीक्षा गरेको छैन । वार्षिक रुपमा तोकिएका सूचक बमोजिम नतिजा हासिल गर्न नसकेमा योजनाले परिकल्पना गरेका सोच, लक्ष्य र उद्देश्यहरू पुरा हुनसक्ने देखिदैन। | अब उपरान्त अनिवार्य रुपमा वार्षिक समीक्षा गर्ने । |

# परिच्छेद-४

## बेरुजु फछ्र्यौंट उपसमितिको स्थलगत अवलोकनका क्रममा लिइएका तस्विरहरु








दहित पोल्ट्री फार्म
दहित फिड प्रा.लि.
गुलरिया, कञ्चनपुर







समितिका पदाधिकारी र कर्मचारीहरु